भदौ - १

# सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन

वर्ष ३२, अङ्क ९ | २०८० भदौ १-१५ | पूर्णाङ्क ७४७



प्रकाशक

## सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

फोन नं. ४२००७१२, ४२००७२९, ४२००७५०, Ext.२२६९ (सम्पादक), २२७० (सम्पादन शाखा), २१७० (छापाखाना), २२७४ (बिक्री)

टोल फ्री : १६६०-०१-३३३५५, फ्याक्सः ४२००७४९, पो.ब.नं.२०४३८

Email: info@supremecourt.gov.np, admin@supremecourt.gov.np / Web: www.supremecourt.gov.np

**सम्पादन तथा प्रकाशन समिति**

| | |
|---|---|
| **माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल, सर्वोच्च अदालत** | **- अध्यक्ष** |
| **मुख्य रजिस्ट्रार श्री लालबहादुर कुँवर, सर्वोच्च अदालत** | **- सदस्य** |
| **नायब महान्यायाधिवक्ता श्री विश्वराज कोइराला, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय** | **- सदस्य** |
| **रजिस्ट्रार श्री निर्मला पौडेल, सर्वोच्च अदालत** | **- सदस्य** |
| **अधिवक्ता श्री सुरज खत्री, उपाध्यक्ष, नेपाल बार एसोसिएसन** | **- सदस्य** |
| **वरिष्ठ अधिवक्ता श्री हरिशंकर निरौला, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन** | **- सदस्य** |
| **डा.कृष्णप्रसाद बस्याल, डिन, त्रिभुवन विश्वविद्यालय, कानून संकाय** | **- सदस्य** |
| **सहरजिस्ट्रार श्री हरिराज कार्की, सर्वोच्च अदालत** | **- सदस्य सचिव** |

**सम्पादक :** श्री नगेन्द्रकेशरी पोखरेल

**सम्पादन तथा प्रकाशन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री रोदिप सुनाम
शाखा अधिकृत श्री सुजता उप्रेती
शाखा अधिकृत श्री समिता श्रेष्ठ
नायब सुब्बा श्री सन्तोष घिमिरे
नायब सुब्बा श्री रेखा दाहाल
सिनियर प्रुफरिडर श्री रेशम शर्मा
कम्प्युटर अपरेटर श्री विदुर खड्का
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री अच्युतप्रसाद दाहाल

**भाषाविद् :** श्री रामचन्द्र फुयाल

**बिक्री शाखा**

नायब सुब्बा श्री पुष्पा पराजुली

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

मुद्रण अधिकृत श्री कान्छा श्रेष्ठ
मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सिनियर कम्पोजिटर श्री श्यामकृष्ण प्रजापति
सिनियर प्रेसम्यान श्री सविता पोखरेल
सिनियर प्लेटमेकर श्री प्रमिलाकुमारी लामिछाने
सिनियर बुकबाइन्डर श्री तारा वाग्ले
सिनियर कार्टोग्राफर श्री विपिन अधिकारी
बुकबाइन्डर श्री सरिता चक्रधर
बुकबाइन्डर श्री सुमन राजथला
बुकबाइन्डर श्री मदन तिमिल्सिना
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
कार्यालय सहयोगी श्री धनमाया नगरकोटी


**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | | | |
|---|---|---|---|
| इजलास नं. १ | ९ | इजलास नं. ८ | ६ |
| इजलास नं. २ | ६ | इजलास नं. ९ | ३ |
| इजलास नं. ३ | १० | इजलास नं. १० | ४ |
| इजलास नं. ४ | ६ | इजलास नं. १२ | १ |
| इजलास नं. ५ | ११ | इजलास नं. १५ | १ |
| इजलास नं. ६ | ३ | इजलास नं. १६ | ४ |
| इजलास नं. ७ | ४ | इजलास नं. १७ | २ |
| **जम्मा** | **४९** | **जम्मा** | **२१** |

**कूल जम्मा ४९ + २१ = ७०**

# नेपाल कानून पत्रिकामा

प्रकाशित भएका फैसलाहरू (२०१५ सालदेखि हालसम्म)

हेर्न, पढ्न तथा सुरक्षित गर्न

# www.nkp.gov.np

मा जानुहोला ।

**खोज्ने तरिका**

सर्वप्रथम **www.nkp.gov.np** लगइन गरेपश्चात् देखिने पृष्ठमा **शब्दबाट** भन्ने स्थानमा आफूले खोज्न चाहेअनुसारको कुनै शब्द नेपाली युनिकोड फन्टमा टाइप गरी हरियो बटनमा रहेको खोज्नुहोस् भन्ने बटनलाई थिची खोजी गर्न सक्नुहुनेछ । यसबाट खोजेअनुसारको फैसला प्राप्त गर्न नसकेमा मुद्दाको किसिम, मुद्दाको नाम एवं निर्णय नं. तथा ने.का.प. विवरणमा रहेका विविध शीर्षकबाट आफूले चाहेअनुसार फैसला खोज्न सकिनेछ। त्यस अतिरिक्त **नेकाप प्रत्येक वर्ष** र **हाम्रो बारेमा** समेतबाट हेर्न सक्नुहुनेछ।

**यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्ने छः**

**सअ बुलेटिन, २०८..., ... .... – १ वा २, पृष्ठ ....**

**(साल) (महिना)**

**उदाहरणार्थः सअ बुलेटिन, २०८०, भदौ – १, पृष्ठ १**

**का.जि.द.नं. ३९।०४९।०५०**

# सूचना

**<u>"नेपाल कानून पत्रिका र सर्वोच्च अदालत बुलेटिन"</u>** को **"<u>वार्षिक ग्राहक</u>"** बन्न चाहनेका लागि **<u>२०७६ वैशाख अङ्क</u>**देखि वार्षिक ग्राहक बन्न पाउने गरी सम्पादन तथा प्रकाशन समितिले निर्णय गरेको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

समितिको निर्णयानुसार मूल्य समायोजन भई **<u>नेपाल कानून पत्रिका रू.७५</u>** र **<u>सर्वोच्च अदालत बुलेटिन प्रति अङ्क रू.४०</u>** कायम गरिएकोसमेत सबैलाई जानकारी गराइन्छ।

**मूल्य रू.४०।–**

**मुद्रकः सर्वोच्च अदालत, छापाखाना**

# विषयसूची


| क्र.सं. | विषय | पक्ष / विपक्ष | पृष्ठ |
|---|---|---|---|
| **इजलास नं.१** | | | **१ - ११** |
| १. | बन्दी प्रत्यक्षीकरण | सुमनसिंह पौडेलको हकमा प्रतिमा भुजेल वि. इलाका प्रहरी कार्यालय, कञ्चनपुर, सप्तरीसमेत | १ |
| २. | जबरजस्ती करणी | नेपाल सरकार वि. तुलबहादुर सोमरे | ३ |
| ३. | जबरजस्ती करणी | माता प्रसाद अहिर वि. नेपाल सरकार | ४ |
| ४. | अपहरण तथा शरीर बन्धक | नेपाल सरकार वि. ललन भन्ने हुकुमदेव महतोसमेत | ५ |
| ५. | मानव बेचबिखन तथा ओसारपसार | नेपाल सरकार वि. हेम कुमार श्रेष्ठसमेत | ७ |
| ६. | उत्प्रेषण परमादेशसमेत | सर्मिष्ठा श्रेष्ठ वि. मालपोत कार्यालय डिल्लीबजार | ८ |
| ७. | उत्प्रेषण | भगवती घिमिरे उपाध्याय वि. राष्ट्रिय वाणिज्य बैंकको हकमा राष्ट्रिय वाणिज्य बैंक सिंहदरबारसमेत | ८ |
| ८. | दर्ता बदर हक कायम | मैया गिरीसमेत वि. सुकुमाई सर्कीनी | ९ |
| ९. | अदालतको अवहेलना | रेखा कुमारी चौधरीसमेत वि. जोगिन्दर चौधरीसमेत | १० |
| **इजलास नं. २** | | | **११ – १६** |
| १०. | कर्तव्य ज्यान | खगेन्द्र भन्ने अमृत गजमेर विश्वकर्मा वि. नेपाल सरकार | ११ |
| ११. | कर्तव्य ज्यान | भुमाकुमारी मगर वि. नेपाल सरकार | ११ |
| १२. | जबरजस्ती करणी | नेपाल सरकार वि. गौतम भन्ने शनिहाङ साम्बा | १२ |
| १३. | लागु औषध (ब्राउन सुगर) | प्रेमबहादुर गुरूङ वि. नेपाल सरकार | १४ |
| १४. | जबरजस्ती करणी | नेपाल सरकार वि. सुरज चौधरीसमेत | १५ |
| १५. | जबरजस्ती करणी | नेपाल सरकार वि. मिलन माझी | १६ |
| **इजलास नं. ३** | | | **१६ – २७** |
| १६. | कर्तव्य ज्यान | विश्वनाथ यादव वि. नेपाल सरकार | १६ |
| १७. | वैदेशिक रोजगार कसुर | नेपाल सरकार वि. विश्वास कट्टेलसमेत | १७ |
| १८. | कर्तव्य ज्यान | भविना राई (श्रेष्ठ) वि. नेपाल सरकार, नेपाल सरकार वि. भविना राई (श्रेष्ठ), नेपाल सरकार वि. राजकुमार श्रेष्ठ | १८ |

| | | | |
|---|---|---|---|
| १९. | बन्दी प्रत्यक्षीकरण | हृदयकुमार दाहाल वि. सुनसरी जिल्ला अदालत, तहसिल शाखासमेत | २० |
| २०. | बन्दी प्रत्यक्षीकरण | लोकेन्द्र दर्नालको हकमा राजन दर्जी (नेपाली) वि. महानगरीय प्रहरी वृत्त, महाराजगञ्जसमेत | २१ |
| २१. | कर्तव्य ज्यान | नेपाल सरकार वि. प्रमिला सदा | २२ |
| २२. | जबरजस्ती करणी / हाडनाता करणी | रमेश वि.सी. वि. नेपाल सरकार | २४ |
| २३. | बन्दी प्रत्यक्षीकरण | हस्त वि.क. को हकमा धनबहादुर कामी वि. महानगरीय प्रहरी वृत्त, नयाँ बानेश्वरसमेत | २५ |
| २४. | बन्दी प्रत्यक्षीकरण | मदन चन्द वि. महानगरीय प्रहरी परिसर, जावलाखेलसमेत | २५ |
| २५. | जबरजस्ती करणी तथा कर्तव्य ज्यान | नेपाल सरकार वि. ईश्वर वि.क., ईश्वर वि.क. वि. नेपाल सरकार | २६ |
| **इजलास नं. ४** | | | **२७ – ३२** |
| २६. | उत्प्रेषण | चिरन्जीवी निरौलासमेत वि. स्वास्थ्य मन्त्रालयसमेत | २७ |
| २७. | प्रतिषेध परमादेशसमेत | ससिली चुनारासमेत वि. सुकुम्बासी समस्या समाधान आयोगसमेत | २८ |
| २८. | निषेधाज्ञा | रामनारायण यादवसमेत वि. किशोरी दास यादव | २९ |
| २९. | उत्प्रेषणयुक्त परमादेश | माध्यामिक विद्यालय, प्रेमपुर गोनाही, रौतहट वि. अरविन्दकुमार यादव | ३० |
| ३०. | जबरजस्ती करणी उद्योग | सर्वोच्च १ समेत वि. नेपाल सरकार, पुष्करसिंह कार्की वि. नेपाल सरकार | ३० |
| ३१. | भ्रष्टाचार (नक्कली प्रमाणपत्र) | मुकुन्दप्रसाद खरेल वि. नेपाल सरकार | ३२ |
| **इजलास नं.५** | | | **३२ – ३८** |
| ३२. | बन्दी प्रत्यक्षीकरण | संजिव नेपालीको हकमा विशाल नेपाली वि. महानगरीय प्रहरी परिसर, भक्तपुरसमेत | ३२ |
| ३३. | घर टहरा भत्काई पाऊँ | प्यारू शाह वि. मनकामना डेभलपर्स प्रा.लि., ज्ञानेश्वर, काठमाडौं | ३३ |
| ३४. | वैदेशिक रोजगार कसुर | नेपाल सरकार वि. रामप्रसाद सुवाल | ३४ |
| ३५. | ठगी | महेन्द्रकुमार बम्जन वि. नेपाल सरकार | ३४ |

| | | | |
|---|---|---|---|
| ३६. | बन्दी प्रत्यक्षीकरण | बद्रीकुमार खत्री वि. कारागार व्यवस्थापन विभागसमेत | ३४ |
| ३७. | कर्तव्य ज्यान | नेपाल सरकार वि. दिलबहादुर थापा | ३५ |
| ३८. | उत्प्रेषण | रोहितकुमार रौनियार वि. त्रिभुवन विश्वविद्यालय, इन्जिनियरिङ अध्ययन संस्थान, डिनको कार्यालय, ललितपुरसमेत | ३५ |
| ३९. | निषेधाज्ञा | रामचन्द्र दास वि. महेन्द्र दास | ३६ |
| ४०. | निषेधाज्ञा | पुरूषोत्तम सापकोटा वि. शान्ति नेपालसमेत | ३६ |
| ४१. | अदालतको अवहेलना | पुरूषोत्तम सापकोटा वि. रामबहादुर श्रेष्ठसमेत | ३६ |
| ४२. | जबरजस्ती करणी | नेपाल सरकार वि. दिर्घराज पार्की | ३७ |
| **इजलास नं.६** | | | **३८ – ४१** |
| ४३. | मानव बेचबिखन तथा ओसारपसार | नेपाल सरकार वि. विष्णु गिरी भन्ने विष्णु सुनार पासवानसमेत, संगीता परियार वि. नेपाल सरकार, विष्णु सुनार पासवान वि. सुदन पासवन | ३८ |
| ४४. | उत्प्रेषणयुक्त परमादेश | मोहन थापा वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत | ३९ |
| ४५. | बन्दी प्रत्यक्षीकरण | परिवर्तित नाम धादिङ २४(११७७) वि. धादिङ जिल्ला अदालत | ४० |
| **इजलास नं.७** | | | **४१ – ४६** |
| ४६. | उत्प्रेषण | प्रनिशा के.सी. वि. उच्च अदालत पाटन, ललितपुरसमेत | ४१ |
| ४७. | कर्तव्य ज्यान र ज्यान मार्ने उद्योग | नेपाल सरकार वि. धनु तामाङसमेत | ४३ |
| ४८. | परमादेश उत्प्रेषणसमेत | सेन मानन्धर वि. भूमि सुधार कार्यालय, बाँके नेपालगन्जसमेत | ४४ |
| ४९. | निषेधाज्ञा | सुरतलाल चौधरीसमेत वि. नन्दकिशोर चौधरी | ४५ |
| **इजलास नं.८** | | | **४६ – ५०** |
| ५०. | बन्दी प्रत्यक्षीकरण | सीता पौडेलको हकमा शान्तादेवी पौडेल वि. श्री शम्शेर दल गण नागार्जुनसमेत | ४६ |
| ५१. | बैंकिङ कसुर | अल्का नेपाल वि. नेपाल सरकार | ४७ |
| ५२. | बैंकिङ कसुर | सत्यनारायण लामिछाने वि. नेपाल सरकार | ४७ |

| | | | |
|---|---|---|---|
| ५३. | कर्तव्य ज्यान | नेपाल सरकार वि. भुकनीदेवी साह, भुकनीदेवी साह वि. नेपाल सरकार | ४८ |
| ५४. | जग्गा घर टण्टा खिचोला चलन | समिरकुमार उपाध्याय वि. सीतादेवी तेलीसमेत | ४९ |
| ५५. | जबरजस्ती करणी उद्योग | नेपाल सरकार वि. गोपाल भन्ने काले कामी | ४९ |
| | **इजलास नं.९** | | **५० – ५३** |
| ५६. | कर्तव्य ज्यान | किप्पाछिरिङ थोकर वि. नेपाल सरकार | ५० |
| ५७. | बन्दी प्रत्यक्षीकरण | परिवर्तित नाम विर्ता (श) ०७७/०७८ समेत वि. पर्सा जिल्ला अदालत, पर्सासमेत | ५१ |
| ५८. | बन्दी प्रत्यक्षीकरण | गोपाल भन्ने अंगत खत्री वि. भक्तपुर जिल्ला अदालत, भक्तपुरसमेत | ५२ |
| | **इजलास नं.१०** | | **५३ – ६०** |
| ५९. | जबरजस्ती चोरी तथा कर्तव्य ज्यान | छत्रबहादुर खड्कासमेत वि. नेपाल सरकार, नेपाल सरकार वि. सेते भन्ने सेतिराम जैशीसमेत | ५३ |
| ६०. | लागु औषध | नेपाल सरकार वि. विजय घर्ती, विकास बाबु वि.एम वि. नेपाल सरकार | ५६ |
| ६१. | लागु औषध | सुमिति यादव वि. नेपाल सरकार | ५८ |
| ६२. | भ्रष्टाचार (घुस / रिसवत) | लेखनाथ बुर्लाकोटी वि. नेपाल सरकार | ५९ |
| | **इजलास नं.१२** | | **६१ – ६२** |
| ६३. | जालसाजी | रफिक मियाँ वि. अब्दुल खलिक मियाँसमेत | ६१ |
| | **इजलास नं.१५** | | **६२ – ६३** |
| ६४. | सामूहिक जबरजस्ती करणी र रहजनी चोरी | आशिष डाँगीसमेत वि. नेपाल सरकार | ६२ |
| | **इजलास नं.१६** | | **६३ – ६५** |
| ६५. | अप्राकृतिक मैथुन | विष्णुबहादुर थापा वि. नेपाल सरकार | ६३ |
| ६६. | बन्दी प्रत्यक्षीकरण | मदन चन्दको हकमा दिनेश नेपाली वि. महानगरी प्रहरी वृत्त, महाराजगन्जसमेत | ६४ |
| ६७. | बन्दी प्रत्यक्षीकरण | नन्दबहादुर बोहोराको हकमा हंश कुमाल वि. जिल्ला प्रहरी कार्यालय, सिराहासमेत | ६४ |
| ६८. | बन्दी प्रत्यक्षीकरण | जमुना कुँवर आचार्य वि. रुपन्देही जिल्ला अदालत, तहसिल शाखासमेत | ६५ |
| | **इजलास नं.१७** | | **६५ – ६८** |
| ६९. | बैंकिङ कसुर | नेपाल सरकार वि. महिपत कुमार दास | ६५ |
| ७०. | बैंकिङ कसुर | नेपाल सरकार वि. सरोज यादव | ६७ |

## इजलास नं. १

**१**

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री हरिकृष्ण कार्की,** *०७७-WH-००३४, बन्दीप्रत्यक्षीकरण, सुमनसिंह पौडेलको हकमा प्रतिमा भुजेल वि. इलाका प्रहरी कार्यालय, कञ्चनपुर, सप्तरीसमेत*

बन्दीप्रत्यक्षीकरणको आदेश मानव अधिकारसँग सम्बन्धित विषयवस्तु हो । नेपाल विभिन्न मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिहरूको पक्ष राष्ट्र हो । महासन्धिको पक्ष राष्ट्र भएको कारणबाट नेपालले उक्त महासन्धिमा भएको व्यवस्थाहरू कार्यान्वयन गर्नु आफ्नो दायित्वभित्र नै पर्दछ । Universal Declaration On Human Rights (UDHR) को धारा १३(१) मा "Everyone has the right to freedom of movement and residence within the borders of each state." भन्ने व्यवस्था रहेको देखिन्छ । यसैगरी International Covenant On Civil And Political Rights (ICCPR) को धारा १२(१) ले पनि "Everyone lawfully within the territory of a State shall, within that territory, have the right to liberty of movement and freedom to choose his residence." भन्ने व्यवस्था गरेको छ । यसरी अन्तर्राष्ट्रिय दस्तावेजले नै Right to freedom of movement भन्ने अधिकारको व्यवस्था गरेकोले कुनै पनि व्यक्तिलाई आफ्नो राज्यभित्र स्वतन्त्रतापूर्वक हिँड्डुल गर्नमा रोक लगाउन सकिने देखिँदैन । यदि कुनै व्यक्तिलाई आफ्नो भूमिभित्र शान्तिपूर्ण रूपमा हिँड्डुल गर्ने स्वतन्त्रता नदिने हो भने सो कार्यले मानव अधिकारको उल्लङ्घन हुन जान्छ । उक्त मानव अधिकारका अन्तर्राष्ट्रिय महासन्धिमा भएका व्यवस्थाहरूलाई प्रचलित नेपालको संविधानको भाग ३ धारा १७ मा स्वतन्त्रतासम्बन्धी हकको प्रावधानअन्तर्गत सोही धाराको उपधारा १ मा "कानूनबमोजिम बाहेक कुनै पनि व्यक्तिलाई वैयक्तिक स्वतन्त्रताबाट वञ्चित गरिने छैन" भन्ने उल्लेख छ भने सोही धाराको उपधारा २(ङ) मा "नेपालको कुनै पनि भागमा आवतजावत र बसोबास गर्ने स्वतन्त्रतासमेतको व्यवस्था रहेको पाइन्छ । उल्लिखित संविधानको व्यवस्थालाई विश्लेषण गर्दा नागरिकको स्वतन्त्रतापूर्वक हिँड्डुल गर्ने अधिकार प्रचलित कानूनले अपराध भनी परिभाषित गरेको आपराधिक तत्त्वको विद्यमानता नरहेसम्म सोउपर नियन्त्रण गर्ने परिकल्पना गरिएको पाइँदैन । कुनै कानून वा साधिकार निकायको आदेशद्वारा तोकिएका निषेधित क्षेत्रहरूमा बाहेक राज्यको जुन कुनै भागमा स्वतन्त्रतापूर्वक हिँड्डुल गर्ने कार्यलाई मौलिक हकअन्तर्गत राज्यद्वारा संरक्षण गरिन्छ । यदि मौलिक हक संरक्षणको आवरणमा हातहतियार र बल प्रयोग गरी गैरकानूनीरूपमा कुनै पनि कार्य गरिन्छ भने त्यस्तो अवस्थामा मात्र स्वतन्त्रतासम्बन्धी हकको व्यापकताको हद समाप्त हुन गई कानूनी सीमाको हद सुरू हुन जान्छ । यसबाट निवेदकले रातको समयमा मास्क नलगाई हिँडेको कार्यलाई मात्र आधार बनाएर कुनै नागरिकलाई पक्राउ गरी निजउपर मुद्दा चलाउने र बिनावस्तुनिष्ठ आधार कारण थुनामा राख्ने कार्यले संवैधानिक तथा मानव अधिकारको हनन हुने नै देखिन आउँछ । यस अवस्थामा शान्तिपूर्ण रूपमा गरिने गतिविधि संवैधानिक अधिकारको परिधिभित्र अटाउने नै देखिन आउने ।

नेपालको संविधानले वैयक्तिक हक, स्वतन्त्रताको हक, यातना विरूद्धको हक एवं न्यायको हकलगायतका मौलिक हकहरूलाई विशिष्ट स्थान प्रदान गरेको देखिन्छ । कुनै पनि व्यक्तिलाई मनासिब आधार र कारणबिना बन्दी बनाउन नहुने र कुनै अभियुक्तलाई उसको अभियोग प्रमाणित नभएसम्म निज निर्दोष रहेको मानिने, अभियुक्तलाई

आफूविरूद्धको अभियोगमा सफाइ पेस गर्न उचित मौका दिनुपर्नेलगायतका कुराहरू फौजदारी न्यायका प्रचलित मान्य सिद्धान्त हुन्। सोही कुराको मनन गरी नेपालको संविधानको धारा १६ ले प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हकको सुनिश्चितता प्रदान गरेको छ। साथै संविधानको धारा १८ ले कानूनको दृष्टिमा सबै समान हुने, कानूनको समान संरक्षणबाट कसैलाई वञ्चित नगरिने र ऐ. संविधानको धारा २० ले कुनै पनि व्यक्तिलाई गैरकानूनी थुनामा नराखिने र धारा २२ ले थुनामा रहेको व्यक्तिलाई शारीरिक वा मानसिक यातना दिन नहुने कुराको संवैधानिक प्रत्याभूति गर्दै नागरिकको मौलिक हकउपरका गैरकानूनी बन्देजका विरूद्ध संवैधानिक उपचारको हककोसमेत सुनिश्चितता धारा ४६ ले गरेको छ। यसैगरी संविधानको धारा १३३ ले मौलिक हकको प्रचलनका निम्ति सर्वोच्च अदालतलाई असाधारण अधिकारक्षेत्र प्रदान गरेको छ भने सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३७ मा बदनियत, प्रवृत्त भावना लिई कानूनविपरीत वा अनिवार्य रूपमा पालना गर्नुपर्ने कार्यविधि पालना नगरी बन्दीलाई थुनामा राखेको देखिएमा र प्रत्यर्थीले बन्दीलाई थुनाबाट छोड्नु नपर्ने कुनै मनासिब कारण देखाउन नसकेमा वा निजले देखाएको कारण मनासिब नदेखिएमा बन्दीलाई थुनाबाट छोड्ने आदेश दिन सक्ने भन्ने कानूनी व्यवस्था रहेको देखिने।

उल्लिखित कानूनी व्यवस्थाको रोहबाट हेर्दा, कानूनबमोजिम बाहेक वा कानूनको उचित प्रक्रिया पूरा नगरी कसैको पनि वैयक्तिक स्वतन्त्रतामा हनन् वा अङ्कुश लगाउनु हुँदैन सो कार्य कानूनी राज्यमा शोभनीय कार्य मान्न पनि सकिँदैन। कानूनले तोकेको विधि र प्रक्रिया पूरा नगरी बिना आधार, कारण कुनै पनि व्यक्तिको वैयक्तिक स्वतन्त्रतामा सीमित गर्ने वा वैयक्तिक स्वतन्त्रता हरण गर्ने अधिकार संविधान र कानूनले कसैलाई प्रदान गरेको छैन। यी निवेदक सुमनसिंह पौडेलको फरक आस्था र विचार भएका कारण निजलाई पटकपटक पक्राउ गरी विभिन्न मुद्दामा पटकपटक अदालतबाट रिहा गर्ने आदेश भएको देखिन्छ। अदालतबाट भएका आदेशलाई बेवास्ता गरी बिना आधार र कारण पक्राउ गर्ने, म्याद थप गर्ने गरी भएका विपक्षीका कार्यहरू कानूनसङ्गत देखिँदैन। प्रस्तुत निवेदनका सम्बन्धमा यी निवेदकउपर लागेको अभियोग एकातिर निजलाई थुनामा नै राखी अनुसन्धान गर्नुपर्ने प्रकृतिको देखिएको छैन भने निवेदकले प्रहरी कर्मचारीलाई अभद्र व्यवहार, गाली गलौज गरेकोले अभद्र व्यवहारको कसुरमा अनुसन्धानको क्रममा निजलाई थुनामा राखेको भन्ने विपक्षीहरूको जिकिर रहेको देखिए तापनि यी निवेदकलाई जुन अभियोगको सम्बन्धमा मुद्दा अनुसन्धानको लागि भनी म्याद थपको माग गरिएको छ त्यसमा स्पष्ट आधार र कारण उल्लेख भएको नदेखिने।

उल्लिखित संवैधानिक एवं कानूनी व्यवस्था र सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तसमेतका रोहबाट हेर्दा, निवेदकलाई बिनाआधार र कारण पक्राउ गर्ने कार्यलाई कानूनसम्मत मान्न मिल्ने अवस्था देखिएन। निजलाई विपक्षीहरूले बिना आधार र कारण केबल फरक आस्था र विचार राखेको आधारमा प्रवृत्त भावना राखी गैरकानूनी रूपमा हिरासतमा राखेको देखिएको अवस्थामा मुद्दा हेर्ने अधिकारीले विधिसम्मत पक्राउ गरी हिरासतमा राखिएको भन्ने विद्वान् उपन्यायाधिवक्ताको बहस जिकिरसँग सहमत हुन नसकिने।

अतः वस्तुनिष्ठ आधार र कारण विना निवेदकलाई पक्राउ गर्ने र अनुसन्धानको क्रममा भनी थुनामा राख्ने कार्य न्यायिक दृष्टिकोणबाट औचित्यपूर्ण नदेखिएको र निवेदकलाई थुनामा राख्ने विपक्षीहरूको कार्य कानूनबमोजिमको नदेखिँदा निवेदन मागबमोजिम विपक्षीहरूको नाममा बन्दीप्रत्यक्षीकरणको आदेश

जारी हुने ।

इजलास अधिकृत: नबिन आचार्य

कम्प्युटर: रमला पराजुली

इति संवत् २०७७ साल भाद्र १४ गते रोज १ शुभम् ।

- यसै लगाउको ०७७-WH-००२१, बन्दीप्रत्यक्षीकरण, सुमनसिंह पौडेलको हकमा प्रतिमा भुजेल वि. इलाका प्रहरी कार्यालय, धरान, सुनसरीसमेत भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ ।

**२**

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** *०७२-CR-१६४९, जबरजस्ती करणी, नेपाल सरकार वि. तुलबहादुर सोमरे*

मिति २०७१।१।२९ गते अं. १३:३० बजे प्रतिवादीले पीडित नाबालिका मेरी छोरी नाम परिवर्तित "ख कुमारी" लाई ललाई फकाई जबरजस्ती करणी गरेकोले निजलाई कारबाही गरिपाउँ भन्नेसमेत बेहोराको परिवर्तित नाम "क कुमारी" ले दिएको जाहेरीबाट प्रस्तुत मुद्दाको उठान भएको देखिन्छ । प्रतिवादी तुलबहादुर सोमरेले अनुसन्धान अधिकारीसमक्ष नाबालिकालाई भुँइमा सुताई मेरो लिङ्ग पीडितको योनिभित्र प्रवेश गराएको हुँ भनी कसुरमा साबिती रही बयान दिएको र अदालतमा उपस्थित भई बयान गर्दा स्पष्ट जवाफ नदिए पनि मेरो मानसिक अवस्था ठिक छ भनी लेखाई आफूले पीडितलाई करणी गरेको तथ्य स्वीकार गरेको देखिन्छ । पीडित परिवर्तित नाम "ख कुमारी" र जाहेरवाली परिवर्तित नाम "क कुमारी" ले आफ्नो मौकाको कागज र जाहेरी बेहोरालाई समर्थन हुनेगरी बकपत्र गरिदिएको देखिन्छ । मिसिल संलग्न रहेको पीडित नाबालिका परिवर्तित नाम "ख कुमारी" को शारीरिक परीक्षण प्रतिवेदनमा योनिबाट रगत बगी योनिको दायाँ साइडमा ५ से.मी. बराबरको घाउ तथा सङ्घर्षको चिह्न देखिएको, बाँया छातीको Nipple मा २.२ से.मी. बराबरको दाग देखिएको भन्नेसमेतको बेहोरा रहेबाट जबरजस्ती करणीको वारदात घटाएको भन्ने कुरा विवाद नहुँदा प्रतिवादीलाई जबरजस्ती करणीको महलको १ र ३(१) नं.बमोजिमको कसुरमा सोही महलको ३(१) नं. बमोजिम १० वर्ष कैद सजाय गरेको सुरू फैसलालाई नै सदर गरेको पुनरावेदन अदालत बुटवलको फैसलालाई अन्यथा भन्न नमिल्ने ।

पुनरावेदक वादी नेपाल सरकारले प्रस्तुत मुद्दामा पीडितले जबरजस्ती करणी महलको १० नं. बमोजिम प्रतिवादीलाई क्षतिपूर्ति दिलाइदिनुपर्नेमा सो नदिएकोले सो हदसम्म पुनरावेदन अदालत बुटवलको फैसला उल्टी गरिपाउँ भनी लिएको जिकिर सम्बन्धमा विचार गर्दा, प्रतिवादी तुलबहादुर सोमरे र निजका घर परिवारका सदस्यका नाममा समेत कुनै सम्पत्ति नरहेको र निजहरू ऐलानी जग्गामा बसोबास गरेको भन्ने सुरू अदालतको मिति २०७१।४।२२ को रोक्का मुचुल्काबाट देखिन्छ । सिमलपानी गाउँ विकास समितिको कार्यालय अर्घाखाँचीको च.नं.३७९ मिति २०७१।३।२९ को पत्रबाट समेत प्रतिवादी र निजका परिवारले गा.वि.स.कार्यालयमा तिरो बुझाएको छैन भन्ने उल्लेख भएबाट प्रतिवादी र निजका परिवारका सदस्यका नाममा कुनै पनि सम्पत्ति नरहेको तथ्य स्थापित भएबाट प्रतिवादीको सम्पत्तिबाट पीडितलाई क्षतिपूर्ति भराइदिन सक्ने अवस्था देखिँदैन । तथापि अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ३०(१) मा "अदालतले मुद्दाको अन्तिम किनारा गर्दा कसुरदारबाट पीडितलाई मनासिब माफिकको रकम क्षतिपूर्ति स्वरूप भराइदिने गरी आदेश गर्न सक्ने छ" भनी सोही दफाको उपदफा (४) मा "यस दफामा अन्यत्र जनुसुकै कुरा लेखिएको भए तापनि कसुरदारको कुनै सम्पत्ति नभई पीडितले क्षतिपूर्ति नपाउने देखिएमा वा कसुर स्थापित भएको तर कसुरदार कायम हुन नसकेको अवस्थामा वा कसुरसँग सम्बन्धित मुद्दा प्रचलित कानूनबमोजिम फिर्ता भएमा अदालतले कोषबाट क्षतिपूर्ति स्वरूप

उचित रकम पीडितलाई भराइदिने गरी आदेश गर्नसक्ने छ" भन्ने कानूनी व्यवस्था गरी अपराधजन्य कसुरबाट पीडित भएका व्यक्तिले क्षतिपूर्ति पाउने व्यवस्थाको सुनिश्चितता गरेको देखिन्छ । पीडकको पीडितलाई क्षतिपूर्ति दिन सक्ने कुनै हैसियत नभएपनि पीडितलाई पर्न गएको सामाजिक, आर्थिक र मानसिक क्षतिलाई न्यून गर्न राज्यले स्वयं अभिभावकत्व ग्रहण गरी अपराधजन्य कसुरबाट पीडित भएका व्यक्तिलाई पीडित राहतकोषबाट क्षतिपूर्ति पाउने कानूनी व्यवस्था गरेको देखिन्छ । सो ऐनको दफा २ को खण्ड (घ) मा "कोष" भन्नाले प्रचलित कानूनबमोजिम स्थापना भएको पीडित राहतकोष सम्झनुपर्छ" भनी उल्लेख गरी कोषको परिभाषा गरेको देखिन्छ। सो परिभाषाले प्रचलित अन्य नेपाल कानूनबमोजिम स्थापना भएको पीडित राहतकोषसमेतलाई समेटेको देखिन्छ । फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ४८ (१) मा कसुरबाट पीडितलाई राहत उपलब्ध गराउन पीडित राहतकोष खडा गरिने छ भनी उल्लेख भएको पाइन्छ। सो ऐन बमोजिम फौजदारी कसुर (पीडित राहत कोष) नियमावली, २०७७ बनी लागु भइसकेको देखिन्छ। सो नियमावलीको नियम ३ बमोजिम पीडित राहतकोषको स्थापना भइसकेको देखिँदा प्रस्तुत मुद्दाको पीडित परिवर्तित नाम "ख कुमारी" ले उल्लिखित नियमावलीबमोजिम खडा भएको पीडित राहतकोषबाट क्षतिपूर्ति भराई पाउनुपर्ने नै देखिने।

उपर्युक्त विवेचित आधार कारणबाट सुरू अर्घाखाँची जिल्ला अदालतबाट प्रतिवादी तुलबहादुर सोमरेलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३ को देहाय १ नं. बमोजिम १० (दश) वर्ष कैद सजाय हुने र क्षतिपूर्ति भराइदिन नपर्ने गरी मिति २०७१।११।१८ मा गरेको फैसलालाई नै सदर गरी पुनरावेदन अदालत बुटवलबाट मिति २०७२।५।८ मा भएको फैसलामा कैदको हकमा प्रतिवादीले चित्त बुझाई पुनरावेदन नगरेकोले कैदलाई यथावत् कायम राखी क्षतिपूर्तिको हकमा केही उल्टी भई पीडित परिवर्तित नाम "ख कुमारी" ले रू.५०,०००।- (पचास हजार रूपैयाँ) पीडित राहतकोषबाट क्षतिपूर्ति भराइपाउने ठहर्छ।

इजलास अधिकृत (उपसचिव): नवराज जोशी
कम्प्युटर: कृष्णमाया खतिवडा (सुस्मिता)
इति संवत् २०७७ साल असार ७ गते रोज १ शुभम्।

३

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** *०७४-CR-०३६३, जबरजस्ती करणी, माता प्रसाद अहिर वि. नेपाल सरकार*

प्रतिवादीले अनुसन्धान अधिकृतसमक्षको आफ्नो बयान जबरजस्ती गराएकोले सो बयानलाई आधार लिई मलाई सजाय गर्न मिल्ने होइन भनी लिएको जिकिर सम्बन्धमा विचार गर्दा, प्रमाण ऐन, २०३१ को दफा ९(१) को कानूनी व्यवस्था हेर्दा, "मुद्दाका कुनै पक्षले व्यक्त गरेको कुनै कुरा निजका विरूद्ध प्रमाणमा लिन हुन्छ" भनी, सोही दफाको उपदफा (२) मा "उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि" भन्दै खण्ड (क) मा "फौजदारी मुद्दामा कुनै अभियुक्तले निजलाई लगाइएको अभियोगको सम्बन्धमा अदालतबाहेक अन्यत्र व्यक्त गरेको कुरा अदालतले देहायबमोजिम ठहराएमा प्रमाण लिन हुन्छ" भनी देहाय (१) मा "सो कुरा व्यक्त गर्दा अभियुक्त सचेत अवस्थामा र आफूले भनेको र गरेको कुरा बुझ्न सक्ने अवस्थामा थियो" देहाय (२) मा "निजलाई बाध्य गरी वा निज वा अरू कसैलाई यातना दिई वा यातना दिने धम्की दिई वा निजलाई आफ्नो इच्छा विरूद्ध सो कुरा व्यक्त गर्ने स्थितिमा पारी सो कुरा व्यक्त गरेको होइन" देहाय (३) मा "सो अभियोगबारे कुनै सार्वजनिक अधिकारीले गर्ने कारबाहीको सम्बन्धमा यस्तो धम्की वा विश्वास पर्ने आश्वासन दिएको थिएन जसबाट निजले सो कुरा असत्य रूपमा व्यक्त गर्ने सम्भावना थियो र जुन धम्की वा आश्वासन कार्यान्वित गर्न सक्ने अधिकार र शक्ति

सो अधिकारीलाई थियो भन्ने कुरा निजले युक्तिसङ्गत रूपमा विश्वास गरेको थियो" भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ । प्रस्तुत मुद्दामा प्रतिवादी ढुनमुन भन्ने माता प्रसाद अहिरले अदालतमा आरोपित कसुरमा इन्कार रही बयान गरेको भए तापनि आफूले अनुसन्धान अधिकारीसमक्ष मिति २०७३।४।६ मा कसुरमा साबित रही बयान गरेको देखिन्छ। सोही दिन दोस्रो पटक १२ दिन, तेस्रो पटक मिति २०७३।४।१८ मा ४ दिन र चौथो पटक मिति २०७३।४।२२ मा ४ दिन गरी तीन पटकसम्म अदालतबाट मुद्दा अनुसन्धानको लागि प्रतिवादीलाई प्रहरी हिरासतमा राख्न अनुमति लिनको लागि प्रतिवादीलाई अदालतमा सशरीर उपस्थित गराई अनुसन्धान अधिकृतबाट म्याद थप भएको देखिन्छ । अब प्रतिवादीको पुनरावेदन जिकिरलाई मान्ने हो भने निजले अदालतमा म्याद थपको समयमा अनुसन्धान अधिकृतले आफूलाई जबरजस्ती बयान गराएको कुरालाई म्याद थपको क्रममा नै अदालतमा भन्न सकेको पाइँदैन । यसरी निजले अनुसन्धान अधिकृतसमक्षको आफ्नो बयान जबरजस्ती यातना दिई बयान लिएको भन्ने जस्ता प्रमाण गुजार्न सकेको नपाइएबाट उल्लिखित कानूनी व्यवस्थाबमोजिम प्रतिवादीको अनुसन्धान अधिकृतसमक्ष गरेको बयानलाई प्रमाण ग्रहण गर्न मिल्ने नै देखिँदा आरोपित कसुरमा सफाइ पाउँ भनी पुनरावेदक प्रतिवादीले लिएको पुनरावेदन तथा निजको तर्फबाट उपस्थित विद्वान् वैतनिक अधिवक्ताको बहस जिकिर र यस अदालतबाट भएको प्रत्यर्थी झिकाउने आदेशको बुदासँग समेत सहमत हुन नसकिने।

सुरु रुपन्देही जिल्ला अदालतबाट प्रतिवादी ढुनमुन भन्ने माता प्रसाद अहिरलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(१) नं. बमोजिम १०(दश) वर्ष कैद सजाय गरी सोही महलको १० नं. बमोजिम प्रतिवादीबाट रू.२०,०००।- क्षतिपूर्तिसमेत पीडितले भराइपाउने गरी मिति २०७३।८।१४ मा भएको फैसला नै सदर गरी उच्च अदालत तुलसीपुर बुटवल इजलासबाट मिति २०७४।२।३० मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत (उपसचिव): नवराज जोशी

कम्प्युटर: कृष्णमाया खतिवडा (सुस्मिता)

इति संवत् २०७७ साल असार ७ गते रोज १ शुभम्।

४

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री पुरुषोत्तम भण्डारी,** *०७०-CR-१११५, अपहरण तथा शरीर बन्धक, नेपाल सरकार वि. ललन भन्ने हुकुमदेव महतोसमेत*

प्रतिवादीहरू सुरज भन्ने सुरजनारायण महतो, राजु भन्ने राजकुमार महतो, राजेश्वर सिंह, रामकिशोर महतो, मकेश्वर महतो, श्रवणकुमार महतो, हर्खे भन्ने लालबहादुर लामासमेतले अदालतसमक्षमा आरोपित कसुरलाई पूर्ण इन्कार गरी बयान गरेको देखिन्छ। प्रतिवादीहरूले गरेको पूर्ण इन्कारी बयानलाई समर्थन गर्दै प्रतिवादीहरूले जाहेरवालालाई अपहरण गरी शरीर बन्धक बनाएको होइन, फिरौती रकम पनि नलिएको भनी मौकामा बुझिएका व्यक्तिहरूले बकपत्र गरिदिएको देखिन्छ । प्रमाण ऐन, २०३१ को दफा २५ मा फौजदारी मुद्दामा अभियुक्तउपर लिएको दाबी प्रमाणित गर्ने भार वादी पक्षको रहने भनी व्यवस्था भएअनुसार अभियोजन पक्षबाट प्रतिवादीहरूउपरको आरोपित कसुरलाई शंकारहित तबरबाट पुष्टि हुने प्रमाणहरू पेस हुन नसकेको अवस्थामा प्रतिवादीहरूले अभियोग दाबीबमोजिमको कसुर गरेको हुन भनी मान्न सकिँदैन । अपहरण तथा शरीर बन्धक जस्तो जघन्य फौजदारी कसुरको अभियोग शंकारहित तथा विश्वसनीय प्रमाणले समर्थित हुनुपर्ने हुन्छ । कुनै पनि व्यक्तिउपर लगाइएको यस प्रकारका कसुरलाई अनुमान तथा आशंका रहित तवरबाट कसुर स्थापित हुनुपर्दछ। प्रस्तुत मुद्दामा प्रतिवादीहरूले जाहेरवालाको घरबाट रातको समयमा घरपरिवारजनहरू भएकै

अवस्थामा जाहेरवालालाई मोटरसाइकलमा राखी अपहरित भएको भन्ने तथ्यलाई जाहेरवालाको घर परिवारजनका सदस्यहरूले अदालतसमक्ष उपस्थित भई सो तथ्यलाई स्थापित गर्न सकेको देखिँदैन। मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलमा उल्लेख भएबमोजिम प्रतिवादीहरूबाट कामकारबाही भए गरेको भन्ने मिसिल संलग्न कागजातहरूसमेतबाट देखिन नआएबाट प्रतिवादीहरूलाई अपहरण तथा शरीर बन्धकको कसुरबाट सफाइ दिने गरी सुरू धनुषा जिल्ला अदालतबाट भएको फैसला सदर गरी तत्कालीन पुनरावेदन अदालत जनकपुरको फैसला मिलेकै देखिन्छ । प्रतिवादीहरूलाई अभियोग माग दाबीबमोजिम नै सजाय गर्नुपर्छ भन्ने पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन र बहस जिकिरसँग सहमत हुन नसकिने।

प्रतिवादी ललन भन्ने हुकुमदेव महतोले मधेसी मुक्ति टाइगर्स नामको सङ्गठन सञ्चालन गर्नको लागि जाहेरवालालाई अपहरण गर्नुअगाडि पनि चन्दा मागेको सो रकम नदिएपछि अपहरण गरी रू.६०,०००/- फिरौती लिई अपहरण मुक्त गरेको हुन भनी जाहेरवालाको बयानलाई प्रतिवादी ललन भन्ने हुकुमदेव महतो र जाहेरवालाका सम्धी रामकुमार महतोबिचमा अपहरण मुक्त गर्ने सौदाबाजीका तथ्यलाई सप्रमाणद्वारा पुष्ट्याइँ हुनसकेको देखिँदैन । प्रतिवादी ललन भन्ने हुकुमदेव महतोलाई फिरौती रकम दिएको हुँ भनी फिरौती रकम दिने व्यक्ति जाहेरवालाका सम्धी राजकुमार महतोले स्वतन्त्र अदालतमा उपस्थित भई जाहेरवालालाई फिरौतीकै लागि अपहरण गरी फिरौती रकम लिई अपहरण मुक्त गरेका हुन् भनी स्पष्ट लेखाइदिन सकेको छैन । यस अवस्थामा प्रतिवादीले फिरौती माग गरेको कुरा पुष्टि नभएसम्म केवल जाहेरवाला र प्रहरीमा भएको कागजकै आधारमा फिरौतीकै लागि जाहेरवालालाई अपहरण गरेको र फिरौती बुझाएपछि नै अपहरण मुक्त भएको भन्न सकिँदैन । फिरौती रकमको लागि फोनमा वार्ता भएको र फिरौती रकम जाहेरवालाको सम्धी राजकुमार महतोले दिएको भन्ने तथ्य पुष्टि हुन नसकेको अवस्थामा फिरौती रकमको लागिबाहेक अन्य उद्देश्यको लागि प्रतिवादीले जाहेरवालालाई अपहरण गरेकोसम्म मान्नुपर्ने।

प्रतिवादी ललन भन्ने हुकुमदेव महतोलाई मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको दफा ३ को अन्तिम वाक्यांशबमोजिम सजाय गर्ने गरी सुरू अदालतबाट भएको फैसला केही उल्टी गरी प्रतिवादी ललन भन्ने हुकुमदेव महतोलाई ४ वर्ष कैद सजाय र रू.२५,०००/- जरिवाना हुने ठहऱ्याई भएको तत्कालीन पुनरावेदन अदालत जनकपुरबाट भएको फैसला मिलेकै देखिँदा निज प्रतिवादीलाई अभियोग दाबीबमोजिम सजाय गर्नुपर्छ भन्ने वादी नेपाल सरकारको पुनरावेदन तथा बहस जिकिरसँग सहमत हुन नसकिने।

मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको १,२,३ र ७ नं. बमोजिमको कसुरमा सोही महलको ३ र ७ नं. बमोजिम सजाय तथा सोही महलको १२ नं. बमोजिम क्षतिपूर्तिसमेत दिलाई भराइपाउँ भन्ने अभियोग दाबीमा प्रतिवादीहरू सुरज भन्ने सुरजनारायण महतो, राजु भन्ने राजकुमार महतो भन्ने राजेश्वर सिंह, रामकिशोर महतो, मकेश्वर महतो, श्रवणकुमार महतो, हर्षे भन्ने लालबहादुर लामासमेतले आरोपित कसुरबाट सफाइ पाउने र प्रतिवादी ललन भन्ने हुकुमदेव महतोलाई सुरू अदालतबाट भएको फैसला केही उल्टी गरी तत्कालीन पुनरावेदन अदालत जनकपुरको मिति २०६९/०६/०३ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: ऋतु राई

कम्प्युटर: कृष्णमाया खतिवडा (सुस्मिता)

इति संवत् २०७७ साल फाल्गुण ५ गते रोज ४ शुभम्।

**५**

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** *०७२-CR-११६८, मानव बेचबिखन तथा ओसारपसार, नेपाल सरकार वि. हेम कुमार श्रेष्ठसमेत*

पवित्रा पाठक र निजका अभिभावकसमेतले विदेश कुवेतमा काम गर्न जान इच्छा गरेको हुँदा र विदेश कुवेत पठाउने एजेन्ट सुजाता श्रेष्ठ भएको हुँदा मेरी श्रीमती भैरवा श्रेष्ठ र पार्वती राजवंशी भएर पवित्रा पाठकलाई सुजाता श्रेष्ठ तामाङको घरमा पुऱ्याइदिएकोसम्म हो भनी प्रतिवादी हेमकुमार श्रेष्ठले अदालतमा बयान गरेकोबाट समेत पीडितलाई कुवेत पठाउनमा निज हेमकुमार मुख्य रूपमा जिम्मेवार नरहेको भन्ने देखिएको तथा भैरवादेवी श्रेष्ठले बयानमा खुलाएबमोजिम पीडितलाई पठाउने कार्य निज भैरवादेवीले गरेको र निजका श्रीमान् प्रतिवादी हेमकुमार श्रेष्ठले उक्त कार्यमा सहयोगसम्म गरेको भन्ने देखिन्छ। आफू एक्लैले पीडितलाई विदेश कुवेत पठाउने कार्य गरेको र निजको श्रीमान् हेमकुमार श्रेष्ठले पीडितलाई भारत पानी ट्याङ्कीसम्म पुऱ्याएको हो भनी भैरवादेवीले उल्लेख गरेको देखिँदा प्रतिवादी हेमकुमार श्रेष्ठको भूमिका वारदात घटाउन मतियारको रूपमा रहेको भन्ने नै देखिन आयो । मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५ (१) (ज) मा "मानव बेचबिखन वा ओसारपसारको कसुर गर्न दुरूत्साहन, षड्यन्त्र वा उद्योग गर्नेलाई वा सो कसुरको मतियारलाई सो कसुर गर्दा हुने सजायको आधा सजाय हुने छ।" भन्ने व्यवस्थानुसार नै प्रतिवादी भैरवादेवी श्रेष्ठलाई गरेको सजायको आधा सजाय गर्ने गरी पुनरावेदन अदालत इलामबाट भएको फैसला मनासिब नै देखिन आउने।

प्रतिवादी पार्वती राजवंशीको हकमा विचार गर्दा, प्रतिवादी पार्वती राजवंशीले अरोपित कसुरमा इन्कार रही मौकामा तथा अदालतमा गरेको बयान बेहोरालाई अन्यथा हो भनी अभियोजन पक्षबाट स्वतन्त्र रूपमा पुष्टि गर्न सकेको मिसिलबाट देखिँदैन । साथै पार्वती राजवंशीको इन्कारी बयान तथा निजको संलग्नता यो यस्तो भन्ने पनि नदेखिएको र पीडितको बकपत्रबाट समेत निजको उक्त वारदातमा संलग्नता थियो भन्ने तथ्य वस्तुनिष्ठ रूपमा पुष्टि हुन नसकेको अवस्थामा जाहेरीमा नाम उल्लेख भएकै आधारमा केवल शंका र अनुमानको भरमा अरोपित कसुर ठहर गरी सजाय गर्नु फौजदारी न्यायको सिद्धान्तसमेतको विपरीत हुने देखिँदा प्रतिवादी पार्वती राजवंशीलाई अभियोग दाबीबाट सफाइ दिने गरी भएको फैसला कानूनसम्मत नै देखिएकोले प्रतिवादीहरूलाई सुरू अभियोग दाबीबमोजिम नै सजाय गरिपाउँ भन्ने पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

प्रतिवादीहरू भैरवादेवी श्रेष्ठ र हेमकुमार श्रेष्ठले मानव बेचबिखनको कसुर गरेको पुष्टि हुन आएको हुँदा कसुरमा संलग्नता तथा भूमिकाको आधारमा प्रतिवादी भैरवादेवी श्रेष्ठलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१)(ङ)(१) बमोजिम दश वर्ष कैद र रू. ५०,०००।– जरिवाना र प्रतिवादी हेमकुमार श्रेष्ठलाई कसुरमा मतियार रहेको हुँदा सोही ऐनको दफा १५(१)(ज) बमोजिम पाँच वर्ष कैद र रू.२५,०००।- जरिवाना हुने र अर्का प्रतिवादी पार्वती राजवंशीलाई अभियोग दाबीबाट सफाइ दिने तथा प्रतिवादीहरूलाई भएको जरिवानाको आधा रकम पीडितले क्षतिपूर्तिबापत भराइलिन पाउनेसमेत ठहऱ्याई सुरू झापा जिल्ला अदालतबाट मिति २०६९।०६।२५ मा भएको फैसला सदर गरेको पुनरावेदन अदालत इलामबाट मिति २०७१।९।२८ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत (उपसचिव): महेन्द्रप्रसाद पौड्याल, माधव भण्डारी

इति संवत् २०७७ साल फागुन ५ गते रोज ४ शुभम्।

६

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०६९-WO-०९६४, उत्प्रेषण परमादेशसमेत, सर्मिष्ठा श्रेष्ठ वि. मालपोत कार्यालय डिल्लीबजार*

निवेदकको साबिकदेखिकै स्रोत खुलेको जग्गा रहेको भनी नापी कार्यालयबाट समेत लेखी आएबमोजिम निजको जग्गा नेपाल सरकारको नाममा कायम कि.नं. ७२ को सार्वजनिक जग्गामा घुसेको जति जग्गा छुट्ट्याएर निवेदकका नाममा हालसाबिक दर्ता गरेपछि कि.नं. ७२ नेपाल सरकारको नाममा दर्ता रहेको र मालपोत ऐन, २०३४ को दफा २४ ले सार्वजनिक, सरकारी जग्गा व्यक्तिका नाममा दर्ता गर्न नमिल्ने भन्ने प्रावधान देखाएर उक्त हालसाबिक बदर गरिदिएको विपक्षी मालपोत कार्यालय डिल्लीबजारको निर्णय मिलेको देखिएन। सार्वजनिक जग्गा व्यक्तिका नाममा दर्ता गर्न नमिल्ने विषयमा विवाद नरहे तापनि सार्वजनिक जग्गामा घुसेको व्यक्तिको जग्गा सार्वजनिक जग्गाबाट छुट्ट्याई दर्ता गर्न नमिल्ने भन्ने उक्त दफाको अर्थ तथा आशय रहेको नदेखिने।

निवेदकको साबिकदेखि नै कि.नं. १३४७ जग्गा निवेदकको नाममा रहेकोमा विवाद देखिँदैन। नयाँ नापी हुँदा उक्त कि.नं. १३४७ नेपाल सरकारको नाममा कायम रहेको कि.नं. ७२ मा नाप भएको देखिन्छ। नापी भइसकेपश्चात् निवेदकले आफ्ना प्रमाणहरू देखाई हालसाबिकको निवेदन दिएको देखिन्छ। उक्त निवेदनउपर कानूनबमोजिम तोकिएका विधि र प्रक्रिया पुर्‍याई मालपोत कार्यालयले कि.नं. ७२ बाट निवेदकका नाममा कि.नं. १६३ कायम गरी बाँकी जग्गा कि.नं. १६४ मा कायम हुने गरी मिति ०६९।७।२२ मा निर्णय गरिदिएको छ। उक्तबमोजिम गरिएको निर्णयलाई नेपाल सरकारको नाममा रहेको मोठमा देखिएको भन्ने आधारमा बदर हुने र कि.नं. ७२ यथास्थितिमा रहने गरी विवादित जग्गा नेपाल सरकारको नाउँमा कायम हुने गरी गरेको मालपोत कार्यालय डिल्लीबजारको मिति २०६९/१०/१९ को निर्णय कानूनसम्मत देखिन नआउने।

कि.नं ७२ कित्ता काट भई निवेदक सर्मिष्ठा श्रेष्ठको नाममा कि.नं. १६३ जग्गा कायम भएको र बाँकी जग्गा कि.नं. १६४ कायम भई मिति २०६९/०७/२२ मा हालसाबिक निर्णय अनुसार दर्ता भएकोमा मालपोत कार्यालय, डिल्लीबजारले मिति २०६९/१०/१९ मा सो हालसाबिकको निर्णय बदर गरी उक्त जग्गा नेपाल सरकारको नाउँमा कायम गर्ने गरेको निर्णय कानूनसम्मत नदेखिँदा उक्त निर्णय उत्प्रेषणको आदेशद्वारा बदर हुने। निवेदक सर्मिष्ठा श्रेष्ठका नाममा साबिकदेखि दर्ता कायम रहेको जग्गाको क्षेत्रफलसमेत यकिन गरी निजका नाममा दर्ता रहेको जग्गा र सार्वजनिक जग्गा स्पष्ट छुट्टाई रिट निवेदकको नाउँमा दर्ता गरिदिनु भनी विपक्षी मालपोत कार्यालय, डिल्लीबजारको नाउँमा परमादेश जारी हुने।

इजलास अधिकृत: महेन्द्रप्रसाद पौड्याल, निशा फुयाल

कम्प्युटर: रमला पराजुली

इति संवत् २०७७ साल फागुन ६ गते रोज ५ शुभम्।

- यसै लगाउको ०६९-WO-०८१२, उत्प्रेषणयुक्त परमादेशसमेत, सर्मिष्ठा श्रेष्ठ वि. मालपोत कार्यालय डिल्लीबजारसमेत भएको मुद्दामा पनि यसै अनुसार आदेश भएको छ।

७

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०६९-WO-१२५२, उत्प्रेषण, भगवती घिमिरे उपाध्याय वि. राष्ट्रिय वाणिज्य बैंकको हकमा राष्ट्रिय वाणिज्य बैंक सिंहदरबारसमेत*

निवेदक भगवती घिमिरेको घर ठेगानाको सार्वजनिक स्थलमा सूचना म्याद टाँस गरिएको देखिन्छ। घर पत्ता लाग्न नसकेको अवस्थामा सोही ठेगानाको सार्वजनिक स्थलमा म्याद तामेल गर्न

सकिने व्यवस्था कानूनले स्पष्ट व्यवस्था गरेको तथा राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित गरेरसमेत म्याद तामेल गर्न सकिने भन्ने देखिएबाट निवेदक भगवती घिमिरे उपाध्यायलाई निजको बसोबास रहेको ठेगानाको सार्वजनिक स्थलमा सूचना म्याद टाँस गरी तथा गोरखापत्र राष्ट्रिय दैनिकमा सूचना प्रकाशित गरी तामेल गरिएको फिरादको सूचना म्याद रीतपूर्वक नै तामेल भएको देखिन आएको छ । सो हुँदा निवेदन मागबमोजिमको ऋण असुली न्यायाधिकरणबाट मिति २०६४।४।३ मा भएको म्याद तामेली, उक्त न्यायाधिकरणको मिति २०६६।१०।२७ को फैसला र ऋण असुली पुनरावेदन न्यायाधिकरणबाट मिति २०६९।१२।२ मा भएको आदेश बदर गर्नुपर्ने नदेखिने।

विपक्षी राष्ट्रिय वाणिज्य बैंकले निवेदक भगवती घिमिरेका विरूद्ध ऋण असुली सम्बन्धमा ऋण असुली न्यायाधिकरणसमक्ष दिएको फिरादको म्याद तामेली रीतपूर्वक नभएकोले प्रतिवादको मौका समेत नपाई फैसला भएको भन्ने निवेदन जिकिर रहेकोमा उक्त मुद्दामा फिरादको सूचना म्याद तामेली र सोही आधारमा भएको ऋण असुली न्यायाधिकरणको मिति २०६६।१०।२७ को फैसला कानून बमोजिम नै भएको हुँदा निवेदन माग बमोजिमको आदेश जारी गर्नुपर्ने नदेखिने। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत(उपसचिव): महेन्द्रप्रसाद पौड्याल

कम्प्युटर: कृष्णमाया खतिवडा

इति संवत् २०७७ साल फागुन ६ गते रोज ५ शुभम्।

९

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** *०७३-CI-१७२१, दर्ता बदर हक कायम, मैया गिरीसमेत वि. सुकुमाई सर्कीनी*

साबिक लगत तितेखारी खेतबाट कि.नं. ७६९ र ७७० कायम भई आएको भन्ने देखिन्छ । कि.नं. ७७० को जग्गाको हकमा वादीले कुनै जिकिर नलिई विवादसमेत रहेको छैन। कि.नं. ७७० को जग्गा घट्टेरूम्टोबाट अलग रही बाटोले छुट्टयाएको समेत भई आएको नाप नक्साबाट देखिन्छ । विवादित कि.नं. ७६९ को जग्गाको हकमा हेर्दा वादीको घट्टेरूम्टो खेतमा नै उक्त कि.नं. को जग्गाको अस्तित्व देखाइएको र उक्त कि.नं.को जग्गाको सुरू स्रोत नै नदेखिएको हुँदा वादीको घट्टेरूम्टो खेतबाट केही जग्गा नाप भई कि नं. ७६७ कायम भई आएको र बाँकी जग्गा तितेखारी लगत देखाई प्रतिवादीका पति पिता चेतबहादुर गिरीका नाममा कि.नं. ७६९ नाप भई आएको भन्ने देखियो । यसरी चेतबहादुर गिरीका नाममा दुवाचौर गा.वि.स. वडा नं. ६ को कि. नं. ६७९ को जग्गा स्रोतविहिन रूपमा दर्ता हुन आएकोले उक्त जग्गा दूषित रूपले दर्ता हुन आएको देखिने।

विपक्षी वादीको फिराद हदम्यादभित्र दर्ता भएको होइन भन्ने पुनरावेदकको जिकिरलाई हेर्दा दूषित दर्ता भएको अवस्थामा हदम्याद बाधक नहुने र हदम्यादको कारणले त्यस्तो दर्तालाई मान्यता दिन नसकिने भनी विभिन्न मुद्दाहरूमा सिद्धान्त प्रतिपादन भएको देखिन्छ। यस सम्बन्धमा स्रोतविहिन दर्तालाई दूषित दर्ताको परिधिमा राखेर हेर्नुपर्ने हुन्छ । दूषित दर्ता गराउँदैमा कुनै सम्पत्तिमा अधिकारको सिर्जना हुनसक्तैन । त्यसो हुँदा दूषित रूपमा दर्ता गराइएको जग्गाको हस्तान्तरण प्रक्रियाको आडमा हैसियत परिवर्तन हुन सक्दैन । स्रोत नै दूषित भएपछि तत्पश्चात्का क्रियाले वैधता प्राप्त गर्न नसक्ने भनी ने.का.प. २०६६ अङ्क ८ नि. नं. ८२०१ मा व्याख्या भएको देखिन्छ। पुनरावेदक प्रतिवादीहरूको नाममा कायम रहेको वादी दाबीको विवादित कि.नं. ७६९ स्रोतविहिन देखिई दूषित दर्ता भएको देखिएको हुँदा हदम्यादको आधारमा दूषित दर्तालाई मान्यता दिन मिल्ने नदेखिने।

वादीका पिता जयबहादुर सार्कीको नाममा सिन्धुपाल्चोक जिल्ला दुवाचौर गा.वि.स. वडा नं. ६

को जग्गा २०२८ सालको रैतानी लगत नं. १०२३ मा दर्ता भएको साबिक ६७३ नं. को घट्टेरूम्टो खेत नै तितेखारी खेत भनी लगत कायम भई आएको र प्रतिवादीहरूका पति तथा पिता चेतबहादुर गिरीका नाममा कि.नं. ७६९ कायम भई आएको देखिन्छ । यसरी साबिक लगतबाट विवादित जग्गाको स्रोत हेर्दा प्रतिवादीहरूका पति पिता चेतबहादुर गिरीको नाममा कायम हुन आएको कि.नं. ७६९ को जग्गा स्रोत विहिन रूपमा दर्ता गराएको देखिन आएको हुँदा उक्त दर्ता बदर गरेको सुरू फैसलालाई सदर गरेको पुनरावेदन अदालत पाटनको फैसला मिलेकै देखिने ।

प्रतिवादीहरूको पति पिता चेतबहादुर गिरीले आफ्नो नाममा दर्ता कायम गराएको वादी दाबीको सिन्धुपाल्चोक जिल्ला दुवाचौर गा.वि.स. वडा नं. ६ साबिक कि.नं. ७६९ हाल कि. नं. १३३३ र १३३४ को जग्गा दूषित रूपमा दर्ता भएको हुँदा सो दर्ता र सोही आधारमा भएका दा.खा. दर्ता नामसारी समेत बदर हुने र साबिक दर्तावाला वादी सुकुमाई सर्किनीको हक कायम भई निजका नाममा दा.खा. दर्ता हुने ठहरी भएको सुरू सिन्धुपाल्चोक जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालतको मिति २०७१।१।८ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत (उपसचिव): महेन्द्र प्रसाद पौड्याल
कम्प्युटर: कृष्णमाया खतिवडा (सुस्मिता)
इति संवत् २०७७ साल फागुन ४ गते रोज ३ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०७३-CR-१५९०, लुटपिट, मैयाँ गिरीसमेत वि. नानीबहादुर देउजासमेत
- ०७३-CR-१५९१, लुटपिट, मैयाँ गिरीसमेत वि. नानीबहादुर देउजासमेत

९

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** *०७४-CR-०५८६, अदालतको अवहेलना, रेखा कुमारी चौधरीसमेत वि. जोगिन्दर चौधरीसमेत*

निवेदकले आफूहरूले परापूर्वकालदेखि भोगचलन गर्दै आइरहेको कि.नं.१०७४ को जग्गामा विपक्षीहरूले हस्तक्षेप, कब्जा गरी अतिक्रमण गरेकाले विपक्षीहरूसमेत उपर ०७०-WO-०३७३ को निषेधाज्ञा मुद्दा दायर गरेकोमा सो मुद्दामा भएको फैसलाको उल्लङ्घन गरेकोले विपक्षीहरूलाई अदालतको अवहेलनामा हदैसम्मको सजाय गरिपाउँ भन्ने निवेदन जिकिर देखियो ।अदालतबाट जारी भएको निषेधाज्ञा आदेशको विपरीत विपक्षीहरूले जग्गा घेरबार गरी पर्खाल, शौचालयलगायतका संरचनाहरू निर्माण गरेको भए निवेदकले साधारण अधिकार क्षेत्रअन्तर्गत जग्गा खिचोला मुद्दा दिन सक्ने नै देखिन्छ । त्यस्तो मुद्दा दायर भएमा अदालतबाट आवश्यक प्रमाण बुझी कानूनबमोजिम निर्णय भई निवेदकले उपचार पाउन सक्ने अवस्थाको विद्यमानता रहिरहेकै देखिन्छ । कि.नं.१०७४ को सम्पूर्ण जग्गा कब्जामा लिई घेरबार गरी इँटाको पर्खाल, पक्की शौचालय बनाउन सुरू गरेको भनी सोको स्पष्ट आधार र सोसम्बन्धी प्रमाण नै पेस नगरी दाबी लिएको मात्रकै आधारमा विपक्षीहरूले अदालतको अवहेलनाको कसुर गरेको ठहऱ्याई सजाय गर्न कानून एवं न्यायसङ्गत नदेखिँदा निवेदन दाबी पुग्न नसक्ने ठहरी पुनरावेदन अदालत राजविराजबाट मिति २०७२।०३।१३ मा भएको फैसलालाई अन्यथा भन्न नमिल्ने ।

प्रस्तुत मुद्दामा विवादित जिल्ला सप्तरी, साबिक मोहनपुर गा.वि.स., वार्ड नं. ५(क) कि.नं.१०७४ का जग्गा विपक्षीले कब्जामा लिई पर्खाल, शौचालयसमेतका संरचना बनाएको भएमा जग्गा खिचोला मुद्दा दिन सक्ने नै भएको र अदालतको अवहेलना नै गरेको भन्ने पुष्टि हुने स्पष्ट आधार नदेखिँदा पुनरावेदन अदालत राजविराजबाट मिति २०७२।०३।१३ मा भएको फैसला मिलेकै देखिँदा

सदर हुने।
इजलास अधिकृत: प्रकाश सुवेदी
कम्प्युटर: कृष्णमाया खतिवडा (सुस्मिता)
इति संवत् २०७७ साल माघ २८ गते रोज ४ शुभम्।

**इजलास नं. २**

१०

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** *०७५-CR-०५२१, कर्तव्य ज्यान, खगेन्द्र भन्ने अमृत गजमेर विश्वकर्मा वि. नेपाल सरकार*

प्रतिवादीले दाउले श्रीमतीको टाउकोमा प्रहार गरेको र श्रीमती लडेपछि पुनः दाउले घाँटीमा दुई पटक रेटी घाइते बनाएको तथ्यमा प्रतिवादी साबित भएकोले दाउ जस्तो धारिलो हतियार प्रयोग भई मृतकको मृत्यु हुन गएको तथ्यमा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. आकर्षित हुन सक्ने देखिन नआउने।

प्रतिवादीले पुनरावेदनमा मैले विदेशबाट पठाएको रकम के भयो, कहाँ के कति खर्च गऱ्यो भनी श्रीमती विन्दुलाई सोधखोज गर्दा हामीबिच विवाद भएको थियो। मिति २०७१।०९।२२ गते बेलुका पनि सो रकमको विषयमा वादविवाद भएको अवस्थामा श्रीमती विन्दुले मलाई साङ्घातिक हतियार दाउले प्रहार गर्न खोजेको हुँदा बाध्यतावश मैले आफू बच्नको लागि केही नगरी नहुने अवस्था भएकोले उक्त दाउ श्रीमतीको हातबाट खोसी निजलाई प्रहार गरेको हुँ। मैले मार्ने नियतले दाउ प्रहार गरेको होइन। आफू बच्नका लागि उक्त दाउ खोसी निजलाई प्रहार गरेको हुँदा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३ नं. बमोजिम कसुर ठहर गरेको फैसला त्रुटिपूर्ण रहेको भनी जिकिर लिएको देखिन्छ। उक्त जिकिर प्रमाणित हुने कुनैपनि प्रमाण प्रतिवादीले प्रस्तुत गर्न सकेको पाइँदैन। यसको विपरीत प्रतिवादीले सुरू अदालतसमक्ष बयान गर्दासमेत मिति २०७१।०९।२२ गते पैसाको विषयमा श्रीमतीसँग विवाद भई राति ११:०० बजेको समयमा छोराछोरीहरू सुतिसकेको समयमा कसैले थाहा नपाउने गरी दोफे दाउले पहिले टाउकोमा प्रहार गरे त्यसपछि श्रीमती भुइँमा लडिन्, भुइँमा लडेपछि घाँटीमा दुई पटक गरी रेटी निजलाई घाइते अवस्थामा छाडी भागेको हुँ भनी लेखाइदिएको देखिन्छ। यसरी प्रतिवादीको मौका तथा अदालत समेतको बयानबाट प्रतिवादीले आफ्नो रक्षाको लागि श्रीमतीलाई प्रहार गरेको भन्ने पुनरावेदन जिकिर पुष्टि हुन आएको नदेखिने।

वारदातको प्रकृति र वारदातमा प्रयोग भएको जोखिमी हतियारसमेतको परिप्रेक्ष्यमा प्रतिवादी खगेन्द्र भन्ने अमृत गजमेरलाई अभियोग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने गरी सुरू पाँचथर जिल्ला अदालतबाट मिति २०७२।०१।२२ मा भएको फैसला सदर गर्ने गरी उच्च अदालत विराटनगर, इलाम इजलासबाट मिति २०७४।११।२० मा भएको फैसला मिलेकै देखिए तापनि मिति २०७५।०५।०१ देखि लागु भएको मुलुकी अपराध संहिता, २०७४ को दफा ४०(२) बमोजिम यो ऐन प्रारम्भ भएपछि सर्वस्व हुने गरी सजाय गर्न मिल्ने नदेखिँदा प्रतिवादी खगेन्द्र भन्ने अमृत गजमेर विश्वकर्मालाई जन्मकैदको सजाय हुने।
इजलास अधिकृत: रामानन्द प्रसाद अधिकारी
कम्प्युटर: हर्क माया राई
इति संवत् २०७६ साल फागुन ६ गते रोज ३ शुभम्।

**११**

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** *०७५-CR-०५५३, कर्तव्य ज्यान, भुमाकुमारी मगर वि. नेपाल सरकार*

मृतकले प्रतिवादीलाई गालीगलौज गरेकोले निजले मृतकको टाउकोमा काठको मुङ्ग्रोले पटकपटक प्रहार गरेपछि हात, खुट्टामा समेत हँसिया प्रहार गरेको, त्यसपछि खुकुरी ल्याई पुन: खुट्टामा प्रहार गरी निर्मम

तथा क्रूर तरिकाले रगताम्मे घाइते बनाई सकेपछि घाइते पतिलाई उपचारका लागि कुनै पहल नगरी प्रतिवादी बारीमा घाँस काटन गएको भन्ने देखिएबाट पनि प्रतिवादीको मार्ने मनसाय (Mens Rea) थिएन भन्न सकिने अवस्था देखिँदैन । त्यसै गरी प्रस्तुत वारदातमा प्रतिवादीले जोखिमी धारिलो हतियार हँसिया र खुकुरी समेत प्रयोग गरेको अवस्था हुँदा ज्यानसम्बन्धी महलको १४ नं. आकर्षित हुन सक्ने देखिएन । यसरी प्रतिवादीले मृतकको संवेदनशिल अंग टाउको लगायत हात, खुट्टामा काठको मुङ्ग्रो तथा जोखिमी धारिलो हतियार हँसिया र खुकुरी समेतले पटकपटक प्रहार गरी रगताम्मे बनाई घाइते अवस्थामा छोडी प्रतिवादी बारीमा घाँस काट्न गएको र प्रतिवादीले प्रहार गरेको चोटका कारण मृतकको मृत्यु हुन गएको अवस्था देखिँदा प्रतिवादीलाई १३(१) नं. बमोजिम सजाय नहुनु पर्ने भन्ने प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन । तसर्थ, प्रतिवादी भुमाकुमारी मगरलाई ज्यानसम्बन्धी महलको १३(१) बमोजिम कसुर कायम गरी सजाय गर्ने गरेको उच्च अदालत पाटनको फैसलालाई अन्यथा भन्न मिल्ने देखिन नआउने।

त्यसैगरी प्रतिवादीले पुनरावेदनपत्रमा तत्कालीन मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको १८८ नं. बमोजिम कम सजायको वैकल्पिक जिकिर लिएको सम्बन्धमा हेर्दा, प्रस्तुत वारदातमा प्रतिवादीले आफ्ना पतिको संवेदनशिल अङ्ग टाउको, हात, खुट्टामा हँसिया, खुकुरी जस्ता धारिलो जोखिमी हतियारले निर्मम र क्रूर तरिकाले पटकपटक प्रहार गरी घाइते बनाइएको, रगताम्मे घाइते अवस्थामा लडिरहेको पतिलाई उपचारको लागि कुनै पहल प्रयास नगरेको अवस्था, वारदातको प्रकृति, तथा प्रतिवादीले अपराध गर्दा अपनाएको तौर-तरिका र वारदातमा प्रयोग भएको धारिलो हतियारसमेतलाई हेर्दा प्रस्तुत वारदातका सम्बन्धमा कानूनले निर्धारण गरेको सजाय घटाउनुपर्ने अवस्था (Mitigating factor) विद्यमान रहेको देखिन आएन। अपराधको गम्भीरता र सजायको बिच सन्तुलन कायम राख्नु फौजदारी न्याय तथा दण्ड निर्धारणका सामान्य सिद्धान्त भएकोले प्रस्तुत मुद्दामा प्रतिवादीलाई कानूनबमोजिम निर्धारित सजाय चर्को हुने अवस्था विद्यमान रहेको नदेखिँदा कम सजाय हुनुपर्ने भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

प्रतिवादी भुमाकुमारी मगरलाई ज्यानसम्बन्धी महलको १३(१) बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर गरेको सुरू सिन्धुपाल्चोक जिल्ला अदालतको मिति २०७३।०३।१५ को फैसला सदर गरेको उच्च अदालत पाटनको मिति २०७४।०३।१९ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । तर मिति २०७५।०५।०१ देखि लागू भएको मुलुकी अपराध संहिता, २०७४ को दफा ४०(२) बमोजिम उक्त संहिता प्रारम्भ भएपछि सर्वस्वको सजायको व्यवस्था नभएकोले प्रतिवादी भुमाकुमारी मगरलाई ज्यानसम्बन्धी महलको १३(१) नं. र मुलुकी अपराध संहिता, २०७४ को दफा ४०(२) नं. बमोजिम जन्मकैदको सजाय हुने ठहर्छ । अभियोग दाबीबाट सफाइ पाउँ भन्ने प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: भगवती शर्मा ढुङ्गाना
कम्प्युटर: समी नेपाली
इति संवत् २०७६ साल फागुन ६ गते रोज ३ शुभम्।

**१२**

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** *०७५-CR-२६८२, जबरजस्ती करणी, नेपाल सरकार वि. गौतम भन्ने शनिहाङ साम्बा*

मौकामा परेको जाहेरी, अनुसन्धानको क्रममा बुझिएका व्यक्तिहरूको कथन, स्वयं वादी पक्षले दायर गरेको अभियोगपत्र समेतबाट प्रस्तुत जबरजस्ती करणीको वारदात मिति २०७५।०२।४ मा घटित

भएको भनी दाबी लिएको पाइन्छ। पीडित परिवर्तित नाम इलाम क-५६ ले अदालतमा गरेको बकपत्र, वस्तुस्थिति मुचुल्काका मानिस चन्द्रकुमार फियाक र लिलादेवी मगर साँवासमेतका व्यक्तिहरूले अदालतमा आई बकपत्र गर्दा वारदात मिति २०७५।२।२ मा भएको भनी किटानी साथ लेखाइदिएको पाइन्छ। कुनै पनि फौजदारी कसुरमा वारदात मिति र समयलाई महत्वपूर्ण रूपबाट हेरिनुपर्ने हुन्छ। वारदात मिति र समयमा अनिश्चितता भएको अवस्थामा अदालत कुन मितिको वारदात हो भन्ने कुराको निर्क्योल निकाल्न सक्दैन। पीडितलगायत वादी पक्षका गवाहहरूले अनुसन्धानको क्रममा वारदात मिति २०७५।२।४ भनी लेखाएकोमा सो तथ्यको विपरीत हुने गरी पीडितलगायत वादी पक्षका गवाहले वारदात मिति २०७५।२।२ हो भनी बकपत्र गरिदिएको अवस्थामा जबरजस्ती करणीको वारदात नै मिति २०७५।२।४ कायम नभएको स्थितिमा प्रतिवादीलाई आरोपित कसुरमा सजाय गर्नु फौजदारी न्यायको मान्य सिद्धान्तको विपरीत हुने।

अनुसन्धानको क्रममा संकलित गरिएका प्रमाण कागजबाट जबरजस्ती करणीको वारदात मिति २०७५/०२/०४ भनी देखाएकोमा पीडित जाहरेवालीलगायतका वादी पक्षका साक्षीहरूको अदालतको बकपत्रबाट वारदात मिति २०७५/०२/०४ मा घटित भएको नभई मिति २०७५/०२/०२ मा घटना भएको भनी लेखाएको पाइँदा प्रस्तुत मुद्दामा वारदात मिति नै यकिन हुन नसकेको, प्रतिवादी आरोपित कसुरमा अधिकारप्राप्त अधिकारी र अदालतमा इन्कार रही बयान गरेको र निजको इन्कारी बयान निजका साक्षीहरूको बकपत्रबाट पुष्टि भइरहेको, पीडितको स्वास्थ्य जाँच प्रतिवेदनबाट निजको यौनाङ्ग र जिउमा सङ्घर्षका कुनै पनि चिह्नहरू पनि रहे भएको पनि नदेखिनुको अतिरिक्त जबरजस्ती करणी भए गरेको पनि नदेखिएको, पीडित जाहेरवालीले दिएको जाहेरी दरखास्त र अदालतमा गरेको बकपत्र समेतमा एकरूपता हुन नसकी निजको भनाई नै खण्डित भई विश्वसनीय नदेखिएको स्थितिमा वादी पक्षले लिएको दाबी ठोस प्रमाणबाट पुष्टि हुन नआएको हुँदा आरोपित कसुरमा प्रतिवादीलाई सजाय गर्नु न्यायोचित हुने नदेखिने।

प्रमाण ऐन, २०३१ को दफा २५ मा "फौजदारी मुद्दामा अभियुक्तको कसुर प्रमाणित गर्ने भार वादीको हुन्छ" भन्ने उल्लेख भएको देखिन्छ। फौजदारी मुद्दामा शंकाको सुविधासमेत अभियुक्तले नै पाउँछ। मिसिल संलग्न प्रमाणहरूबाट शंकारहित तवरबाट कसुरदार हो भन्ने पुष्टि नभएसम्म अभियुक्तलाई कसुरदार ठहर गर्नसमेत मिल्दैन। जाहेरवाली पीडितको मौकाको कागज र अदालतको बकपत्र, वस्तुस्थिति मुचुल्काका मानिसहरूको अदालतको बकपत्रसमेत अन्य स्वतन्त्र प्रमाणहरूबाट समर्थित भएको पाइएन। पीडितको जाहेरी बेहोरालाई पीडितको स्वास्थ्य परीक्षण तथा पीडकको स्वास्थ्य परीक्षण प्रतिवेदनसमेतबाट समर्थित हुन आएको देखिँदैन। पीडितको भनाइलाई मिसिल संलग्न प्रमाणहरूबाट तथा स्वास्थ्य परीक्षण प्रतिवेदनबाट वारदात स्थापित हुन आएको देखिँदैन। जाहेरवाली उमेर पुगेकी र सुत्केरी समेत रहेको अवस्था देखिँदा आफूमाथि प्रतिवादी आइलागेको अवस्थामा कुनै प्रतिकार गरी हो-हल्ला गुहार मागेको अवस्थासमेत देखिँदैन भने संघर्षका चिह्नहरू समेत विद्यमान रहेको अवस्था देखिँदैन। मिसिल संलग्न कागज प्रमाणहरूबाट समेत प्रतिवादीले पीडितलाई जबरजस्ती करणी गरेको वारदात स्थापित हुन आएको नदेखिँदा पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

प्रतिवादी गौतम भन्ने शनिहाङ साम्बाले पीडित परिवर्तित नाम इलाम क-५६ लाई जबरजस्ती करणी गरेको पुष्टि नभई रहेको अवस्थामा सबुत प्रमाणको अभावमा प्रतिवादी गौतम भन्ने शनिहाङ साम्बालाई अभियोग दाबीबाट सफाइ हुने ठहऱ्याएको

उच्च अदालत विराटनगर, इलाम इजलासको मिति २०७५।११।१ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : ध्रुवबहादुर कुँवर

कम्प्युटर: समी नेपाली

इति संवत् २०७७ जेष्ठ २९ गते रोज ५ शुभम्।

**१३**

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री डम्बरबहादुर शाही,** *०७५-CR-१६२९, लागु औषध (ब्राउन सुगर), प्रेमबहादुर गुरूङ वि. नेपाल सरकार*

आफूबाट लागु औषध बरामद भएको होइन भनी प्रतिवादी प्रेमबहादुर गुरूङले अदालतमा बयान गरी प्रस्तुत पुनरावेदनमा समेत सोही जिकिर लिएको देखिए तापनि निजले अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा आफ्नो साथबाट उपर्युक्त परिमाणको लागु औषध बरामद भएको कुरालाई स्वीकार गरी बयान गरेको देखिन्छ । मिसिल संलग्न रहेको मिति २०७४।१।१४ को बरामदी मुचुल्का हेर्दा निजको साथबाट सो लागु औषध बरामद भएको र बरामदी मुचुल्काको रोहवरमा निजले सहीछाप गरिदिएको समेत देखिन्छ भने अर्का प्रतिवादी सन्तोष सुनारले अनुसन्धानको क्रममा बयान गर्दा प्रेमबहादुर गुरूङको साथबाट उक्त लागु औषध बरामद भएको हो भनी बयान गरेको समेत देखिन्छ । साथै प्रतिवादीले भारतबाट खरिद गरी बिक्री वितरण गर्नको लागी ल्याएको उपर्युक्त लागु औषध (खैरो हिरोइन) निजबाट बरामद भएको हो भनी प्रतिवेदक प्र.स.नि. नारायणबहादुर सिंहले दिएको प्रतिवेदन र निजले अदालतमा गरेको बकपत्र तथा प्रतिवादीले पहिले पनि भारतबाट लागु औषध (ब्राउन सुगर) खरिद गरी बिक्री वितरण गर्ने गरेका थिए भनी टिकाराम खड्कासमेतले गरेको घटना विवरण कागज, पुनरावेदक प्रतिवादीबाट बरामद भएको पदार्थ नापतौल गर्दा ३७ ग्राम २७० मिलिग्राम लागु औषधमा (खैरो हेरोइन) समेत रहेको भन्ने नापतौल मुचुल्का तथा केन्द्रीय प्रहरी विधिविज्ञान प्रयोगशालाबाट प्राप्त परीक्षण प्रतिवेदनसमेतका मिसिल संलग्न कागज प्रमाणहरूबाट प्रतिवादीले बिक्री वितरण गर्ने उद्देश्यले ३७ ग्राम २७० मिलिग्राम लागु औषध भारतबाट खरिद गरी ल्याएको र उक्त लागु औषध (खैरो हेरोइन) बिक्री वितरण गर्ने क्रममा निजबाट बरामद भई निजले अभियोग मागदाबीबमोजिमको लागु औषध खरिद बिक्री तथा कारोबारसमेतको कसुर गरेको पुष्टि हुन आउने।

प्रतिवादी प्रेमबहादुर गुरूङले बरामद भएको भनिएको लागु औषध (खैरो हिरोइन) आफूबाट बरामद भएको होइन भन्ने जिकिर लिएको देखिए तापनि निजले सो कुरा पुष्टि गर्न नसकेको र मिसिल संलग्न कागज प्रमाणहरूबाट प्रतिवादीले बिक्री वितरण गर्नको लागि भारतबाट लागु औषध खरिद गरी ल्याई बिक्री वितरण गर्ने क्रममा निजबाट बरामद भई निजले अभियोग मागदाबीबमोजिम लागु औषध खरिद, बिक्री र कारोबारसमेतको कसुर गरेको देखिँदा अभियोग मागदाबीबाट सफाइ पाउँ भन्ने पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

प्रतिवादी प्रेमबहादुर गुरूङले लागु औषध (ब्राउन सुगर) बिक्री वितरण गर्ने उद्देश्यले भारत रूपैडिया गएर खरिद गरी सुर्खेतसम्म पुऱ्याई बिक्री वितरण गर्ने क्रममा निजको साथबाट ३७ ग्राम २७० मिलिग्राम लागु औषध (ब्राउन सुगर) बरामद भएको देखिई निजले आरोपित कसुर गरेको देखिँदा प्रतिवादी प्रेमबहादुर गुरूङलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा दफा ४ को (घ), (ङ) र (च) को कसुरमा दफा १४(१), (छ), (२) अनुसार ११(एघार) वर्ष कैद र रू.१,००,०००।- (एक लाख) जरिवाना हुने ठहऱ्याई सुरू सुर्खेत जिल्ला अदालतबाट मिति २०७४।०७।२८ मा भएको फैसला सदर हुने ठहर गरेको उच्च अदालत सुर्खेतको मिति २०७५।०४।२७ को फैसला मिलेकै देखिँदा सदर हुने । पुनरावेदक

प्रतिवादी प्रेमबहादुर गुरूङको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: मञ्जु शर्मा

कम्प्युटर: समी नेपाली

इति संवत् २०७६ साल माघ २१ गते रोज ३ शुभम्।

**१४**

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७५-CR-०३४९, जबरजस्ती करणी, नेपाल सरकार वि. सुरज चौधरीसमेत*

प्रतिवादी बलराम मघन्ताले मौकाको बयानमा आफ्नो उमेर १६ वर्ष उल्लेख गरे तापनि अदालतमा बयान गर्दा १५ वर्ष भनी लेखाएको पाइन्छ। मिसिल संलग्न बलराम मघन्ताको जन्म दर्ता प्रमाणपत्रको छायाँप्रति हेर्दा निजको जन्म मिति २०५५।८।८ भनी उल्लेख उल्लेख भएको देखिँदा सम्बन्धित हिटहरिया गा.वि.स. को कार्यालयबाट सक्कलै जन्म दर्ता माग गर्दा २०५८ साल चैत्र महिनामा आगलागी हुँदा नष्ट भएको भन्ने बेहोराको पत्र प्राप्त भएको देखियो। प्रतिवादीको उमेर सम्बन्धमा Department of Forensic Medicine. Tribhuvan University मा परीक्षण गर्न पठाउँदा The Examinee in between 13 and 14 years of age at the time of examination भन्ने उल्लेख भएबाट प्रतिवादी १६ वर्षको बालिग नै हुन् भन्ने कुराको ठोस सबुद प्रमाण वादी पक्षले पुष्टि गर्न नसकेको समेतबाट प्रतिवादी बलराम मघन्ता १४ वर्षभन्दा कम उमरकै देखिन आई नाबालक रहेको देखिन आएकोले बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(२) अनुसार सजाय गरेको मिलेन भन्ने पुनरावेदक वादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

मुलुकी ऐन, जबरजस्ती करणीको ३(क) नं. बमोजिम समेत सजाय हुनुपर्ने भन्ने सम्बन्धमा सो ३(क) नं. मा "कसैले गर्भवती, अशक्त, अपाङ्गता भएका वा होस ठेगानामा नरहेका वा आफ्नो संरक्षण वा हेरविचारमा रहेका महिलालाई जबरजस्ती करणी गरेमा वा जुनसुकै उमेरका महिलाउपर सामूहिक रूपमा जबरजस्ती करणी गरेमा यस महलमा लेखिएको सजायमा थप पाँच वर्ष कैद गर्नुपर्छ।" भन्ने व्यवस्था रहेको पाइन्छ। पीडित जाहेरवालीलाई दुई जना प्रत्यर्थी प्रतिवादीहरूले जबरजस्ती करणी गरेको वारदात स्थापित भए तापनि पीडितको जाहेरी र बकपत्रबाट नै प्रत्यर्थी प्रतिवादीहरू एक साथ आई जोरजुलुम गरी जबरजस्ती करणी गरेको भन्ने देखिएको छैन। दुई जना पालैपालो आई वारदात घटाएको भन्नेसम्म देखिएको छ। प्रतिवादीहरूले आफ्नो बयानमा पनि दुई जनाले योजना बनाई सामूहिक रूपमा जबरजस्ती करणी गरेको भन्ने बेहोरा नभई एक जनाले वारदात घटाएपछि अर्को प्रतिवादी पीडित रहेको टहराभित्र गई जबरजस्ती करणी गरेको भन्ने बेहोरा रहेको देखिँदा उल्लिखित ३(क) नं. बमोजिम समेत सजाय हुनुपर्ने भन्ने पुनरावेदक वादीको पुनरावेदन जिकिर मिलेको नदेखिने।

प्रतिवादीहरू सुरज चौधरी र बलराम मघन्तालाई मुलुकी ऐन, जबरजस्ती करणीको महलअन्तर्गत उद्योगको कसुर गरेको ठहऱ्याई सजाय गर्ने गरेको सुरू काठमाडौं जिल्ला अदालतको मिति २०७२।२।१३ को फैसला मिलेको नदेखिँदा उल्टी भई निजहरूले जबरजस्ती करणीको महलको ३(३) नं. को कसुर ठहर गरी प्रतिवादीमध्येका सुरज चौधरीलाई जबरजस्ती करणीको महलको ३(३) नं. बमोजिम ६(छ) वर्ष कैद हुने र अर्का प्रतिवादी बलराम मघन्तालाई निजको उमेरसमेतलाई विचार गरी बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(२) अनुसार ६(छ) महिना कैद हुने साथै प्रतिवादी सुरज चौधरीबाट पीडितलाई रू.५,०००/- (पाँच हजार) क्षतिपूर्ति भराइदिने ठहऱ्याई उच्च अदालत पाटनबाट मिति २०७४।४।१५ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने। पुनरावेदक वादी नेपाल सरकारको

पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: ध्रुवबहादुर कुँवर

कम्प्युटर: समी नेपाली

इति संवत् २०७७ साल जेठ २५ गते रोज १ शुभम्।

**१५**

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७५-CR-१३८४, जबरजस्ती करणी, नेपाल सरकार वि. मिलन माझी*

प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान, पीडित पथरी ११४ ले अनुसन्धानको क्रममा गरेको कागज बेहोरा तथा मिसिल संलग्न उल्लिखित अन्य परिस्थितिजन्य आधार प्रमाणसमेतको विवेचनाबाट प्रतिवादीले पथरी ११४ लाई करणी गर्ने उद्योगसम्म गरेको देखिएकोमा करणी नै गरेको भन्न न्यायोचित हुने नदेखिएकाले जबरजस्ती करणीको कसुर गरेको भनी ६ वर्ष कैद गरी क्षतिपूर्ति भराउने गरेको मोरङ जिल्ला अदालतको मिति २०७४/५/१५ को फैसला केही उल्टी हुने भई प्रतिवादीले १६ वर्षको उमेर नपुगेकी पथरी ११४ लाई करणी गर्ने उद्योग गरी जबरजस्ती करणीको महलको ५ नं. अनुसारको कसुर गरेको हुँदा सोही महलको ३ नं. को देहाय ३ अनुसार हुने कैद ६(छ) वर्षको आधी हुने ३(तीन) वर्ष कैद गरेको उच्च अदालत विराटनगरको फैसलालाई अन्यथा भन्ने नमिल्ने।

प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान, अदालतमा गरेको इन्कारी बयान, पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदन, पीडित पथरी ११४ ले अनुसन्धानको क्रममा गरेको कागज बेहोरा तथा मिसिल संलग्न उल्लिखित अन्य परिस्थितिजन्य आधारसमेतलाई विचार गर्दा प्रतिवादीले पीडित पथरी ११४ लाई करणी गर्ने उद्योगसम्म गरेको देखिएकोले करणी नै गरेको भन्न न्यायोचित हुने नहुँदा जबरजस्ती करणीको कसुर सजाय गरिपाउँ भन्ने पुनरावेदक/वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

प्रत्यर्थी/प्रतिवादी मिलन माझीलाई जबरजस्ती करणीको महलको ५ नं. अनुसारको कसुर गरेको हुँदा सोही महलको ३ नं. को देहाय ३ अनुसार हुने कैद ६(छ) वर्षको आधी ३ (तीन) वर्ष कैद हुने ठहर गरेको उच्च अदालत विराटनगरको मिति २०७५।०३।१३ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत : ध्रुवबहादुर कुँवर

कम्प्युटर: हर्कमाया राई

इति संवत् २०७७ जेष्ठ २५ गते रोज १ शुभम्।

## इजलास नं.३

१६

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री तेजबहादुर के.सी.,** *०७५-CR-१३०२, कर्तव्य ज्यान, विश्वनाथ यादव वि. नेपाल सरकार*

अ.बं. १८८ नं. मा प्रयुक्त गरिएको शंका भन्ने शब्द कर्तव्यको वारदातको आधार प्रमाणको अभावको अवस्था हो। अदालतको हरेक न्यायिक काम कारबाही कुनै न कुनै आधार र प्रमाणमा आधारित हुने। घटी सजायको राय व्यक्त गर्न कसुरदारले आफूले गरेको कामबाट मानिस मर्न सक्छ भन्ने परिणामको ज्ञान थाहा नपाई कुनै एउटा कामको निमित्त सावधानीसँग सर्तकतापूर्वक गरिरहेको अवस्थामा अचानक केही बेहोराले घटना घट्न गएको देखिनु वा बाध्यात्मक परिस्थितिको उपजको रूपमा घटना घटेको हुनु वाञ्छनीय हुने। यस्तो अवस्थामा प्रतिवादीको मनसाय र पूर्वतयारी भएको हुनुहुँदैन। मनसायरहित (Innocent mind) तत्कालको क्रियाबाट वारदात भएको हो कि भन्ने आशंकामा सजाय घटाउन सकिने हुन्छ। प्रस्तुत मुद्दामा मृतक बबितादेवी यादवले

पुनरावेदक/प्रतिवादीलाई यौन सम्पर्क राख्न नदिएको कुरालाई अरूसँग यौन सम्पर्क राखेर आएको सोची राति सुतिरहेको समयमा १२ बजे बञ्चरो जस्तो जोखिमी हतियारले मृतकको संवेदनशील अङ्ग गाला, निधार, टाउको, घाटीमा गहिरो र धेरै घाउ चोट लाग्ने गरी प्रहार गरेको चोट पीडाले मृतकको मृत्यु भएको देखिन्छ । घटनापश्चात् कसुरबाट बच्नको लागि डाँकाहरूले मारी डाँका गरी गएको भन्ने भ्रम श्रृजना गरी अपराध लुकाउने प्रयास गरेको देखिन्छ । यति धेरै गहिरो घाउ चोटपटक लाग्ने गरी जोखिमी हतियार बञ्चरोले टाउको, घाँटी र अनुहारलगायतमा पटक-पटक प्रहार गरेको वारदातलाई केवल भवितव्यबाट मनसायरहित तरिकाले वारदात भएको हो कि भनी मान्न र शंका गर्न तथा बाध्यताको उपजको रूपमा घटना घटेको हो कि भन्न मिल्ने देखिँदैन । यसरी पुनरावेदक/प्रतिवादीले राति सुतिरहेकी श्रीमतीको निधार, टाउको, गाला, घाँटी समेतमा गहिरो र धेरै घाउ चोटपटक लाग्ने गरी बञ्चरो जस्तो जोखिमी धारिलो हतियारले प्रहार गरी घाइते बनाई कर्तव्य गरेको वारदातमा पुनरावेदक/प्रतिवादीलाई मुलुकी ऐन ज्यानसम्बन्धी महलको १८८ नं. बमोजिम घटी सजाय गर्ने गरी व्यक्त राय मुलुकी ऐन अ.बं. १८८ नं. को कानूनी व्यवस्थाको मकसद र भावनाको अनुकूल हुने देखिन आउँदैन । तसर्थ, सुरू जिल्ला अदालतले प्रतिवादीलाई घटी सजाय गर्ने गरी मुलुकी ऐन अ.बं. १८८ नं. बमोजिम व्यक्त गरेको राय कानूनी भावनाको अनुकूल नदेखिँदा अ.बं. १८८ नं. बमोजिम घटी सजाय गर्ने गरी राय लगाउन मिल्ने नदेखिने ।

अतः प्रत्यर्थी/प्रतिवादी विश्वनाथ यादवलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३ नं. को देहाय १ बमोजिम सर्वस्वसहित जन्म कैदको सजाय हुने ठहर गरेको धनुषा जिल्ला अदालतको मिति २०७२।२।३२ को फैसलालाई सदर गर्ने गरेको उच्च अदालत जनकपुरको मिति २०७५।३।२७ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । अ.बं.१८८ नं. को राय लगाउन मनासिब देखिएन । साथै केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९ उपदफा (२) को खण्ड (क) मा कुनै कसुरको सजाय साबिक ऐनमा मुलुकी अपराध संहितामा लेखिएको भन्दा बढी रहेछ भने संहितामा लेखिएको हदसम्म मात्र सजाय हुनेछ भन्ने कानूनी व्यवस्था भएको परिप्रेक्ष्यमा मुलुकी अपराध संहिता, २०७४ को दफा ४० मा सर्वस्वसहित जन्म कैदको सजाय गर्ने कानूनी व्यवस्था नभएको र ऐ. को दफा १७७ को उपदफा (२) मा ज्यान मर्ने कसुर गर्ने गराउने व्यक्तिलाई जन्मकैदको सजाय मात्र हुने कानूनी व्यवस्था भएको देखिएकोले प्रस्तुत मुद्दामा पनि यी पुनरावेदक/प्रतिवादी विश्वनाथ यादवलाई जन्मकैदको मात्र सजाय हुने ।

इजलास अधिकृत: भीमबहादुर निरौला

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७८ भदौ १७ गते रोज ५ शुभम् ।

१७

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** *०७५-CR-०४५२, वैदेशिक रोजगार कसुर, नेपाल सरकार वि. विश्वास कट्टेलसमेत*

प्रतिवादीहरूउपर वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ विपरीतको कसुर गरेको भन्ने अभियोग लगाएको देखिन्छ । वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० मा "यस ऐनबमोजिम इजाजतपत्र नलिई कसैले पनि वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न पाउने छैन" भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ । त्यसैगरी ऐ. ऐनको दफा ४३ मा "कसैले दफा १० विपरीत इजाजतपत्र नलिई वैदेशिक रोजगार व्यवसाय सञ्चालन गरेमा वा कसैलाई वैदेशिक रोजगारमा लगाइदिन्छु भनी झुट्टो आश्वासन दिई वा प्रलोभन देखाई वैदेशिक रोजगारीमा लगाई दिने उद्देश्यले कुनै रकम लिएमा वा विदेश पठाएमा त्यसरी

लिएको रकम र सोको पचास प्रतिशतले हुने रकम हर्जानाबापत असुल गरी त्यस्तो व्यक्तिलाई विदेश जान र आउन लागेको खर्चसमेत भराई निजलाई तीन लाख रूपैयाँदेखि पाँच लाख रूपैयाँसम्म जरिवाना र तीन वर्षदेखि सात वर्षसम्म कैद हुनेछ। विदेश पठाइ नसकेको भए सो सजायको आधा सजाय हुनेछ" भन्ने कानूनी व्यवस्था रहेको देखिने।

वैदेशिक रोजगार ऐनको दफा ४३ को कसुर स्थापित हुन कसैले दफा १० बमोजिमजको इजाजत नलिई कसैलाई वैदेशिक रोजगारमा विदेश पठाउँछु भनी झुट्टा आश्वासन प्रलोभन देखाई रकम लिएको अवस्थामा मात्रै यो दफा आकर्षिक हुने अवस्था देखिन्छ। प्रस्तुत मुद्दामा जाहेरी दिँदा प्रतिवादीहरुले झुट्टा आश्वासन दिई प्रलोभनमा पारी वैदेशिक रोजगारमा टर्की पठाउँछु भनी दिई पटक गरी Advance Cambridge International pvt. ltd. को रसिदबाट २ पटक गरी रू.७,९५,०००।- दिएको भनी रसिद पेस गरेको भए पनि जाहेरवालाले बकपत्र गरेको नदेखिँदा प्रमाण ऐन, २०३१ को दफा १८ ले सो जाहेरी प्रमाणमा लिन मिल्ने देखिँदैन। अर्कोतर्फ पेस भएको रसिदमा के प्रयोजनको लागि सो रकम बुझाइएको हो बुझिएको हो खुलेको नदेखिँदा प्रयोजन नै नखुलेको रसिद वैदेशिक रोजगारकै लागि रकम लिनु दिनु गरेको भनी अनुमानको भरमा प्रमाणमा ग्रहण गर्न मिल्ने देखिँदैन। त्यसमा पनि जाहेरवालाको श्रीमतीले जाहेरवालाले टेलिफोनबाट भनेको भनाई भन्दै जाहेरवालाको सो रकम वैदेशिक रोजगारीमा विदेश जान नभई विदेशमा अध्ययन गर्न जाने विद्यार्थी भिषाको लागि लाग्ने विभिन्न दस्तुरबापत सो रकम दिएको र सो रकम दिएपछि प्रतिवादी सम्पर्कविहिन भएकोले वैदेशिक रोजगारमा उजुरी दिएको भन्ने बेहोराको निवेदन दिएको देखिँदा सो रकम वैदेशिक रोजगारको प्रयोजनका लागि नभई विद्यार्थी भिषाको लागि दिएको रकमसमेत असुलउपर भइसकेको भन्ने देखिन आयो। यसरी जाहेरवालाले Advance Cambridge International pvt.ltd. मा दिएको रकम वैदेशिक रोजगारमा पठाउने प्रयोजनका लागि लिएको नदेखिँदा यो मुद्दामा वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४३ विपरीतको कसुर भएको अवस्था नदेखिने।

जाहेरवालाले प्रतिवादी राजेन्द्र अधिकारीबाट रू.७,९५,०००।- र सोको ब्याजसमेतको रकम फिर्ता पाइसकेको भनी निजको श्रीमती शकुन्तला शाहीले वैदेशिक रोजगार न्यायाधिकरणसमक्ष निवेदनसमेत दिएको देखिँदा प्रतिवादीहरूले अभियोग दाबीबमोजिमको कसुर गरेको प्रमाणित हुने गरी वादीबाट वस्तुनिष्ठ प्रमाण पेस हुन आएको नदेखिँदा प्रतिवादीहरू विश्वास कट्टेल, राजेन्द्र अधिकारी र विनय शर्माले अभियोग दाबीबाट सफाइ पाउने ठहर्छ। निजहरूउपरको अभियोग दाबी पुग्न सक्दैन। जाहेरवाला दानबहादुर शाहीले प्रतिवादीलाई झुट्टा बेहोरा लेखाई जाहेरी दिएको देखिँदा निजलाई मुलुकी ऐन दण्ड सजायको १८ नं. बमोजिम झुट्टा पोल गरेकोमा रू.५,०००/- जरिवाना हुने ठहर्छ भन्नेसमेत बेहोराको वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०७४।१२।२७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत (उपसचिव): कृष्णप्रसाद अधिकारी
कम्प्युटर: रवि दुवाल

इति संवत् २०७६ साल पुस १६ गते रोज ४ शुभम्।

- यसै लगाउको ०७५-CR-०४५३, वैदेशिक रोजगार कसुर, नेपाल सरकार वि. विश्वास कट्टेल भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

## १८

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री टंकबहादुर मोक्तान,** *०७३-CR-०११२, ०७३-CR-११८९, ०७४-RC-०१२८, कर्तव्य ज्यान, भविना राई (श्रेष्ठ)*

*वि. नेपाल सरकार, नेपाल सरकार वि. भविना राई (श्रेष्ठ), नेपाल सरकार वि. राजकुमार श्रेष्ठ*

प्रहरी प्रतिवेदनलगायत अन्य मौकामा कागज गर्ने व्यक्तिहरूले समेत भविना राई (श्रेष्ठ) ले कुटपिट गरी बच्चालाई मारेको भनी भन्न सकेको पाइँदैन । यी पुनरावेदिका हिरासतमा रहँदा निजको पिताले उपचारका लागि निवेदन दिई निजलाई जनमैत्री अस्पतालमा उपचारका लागि लगेको र निजलाई उपचार गरेको उक्त अस्पतालको परीक्षण प्रतिवेदन, परोपकार प्रसूति तथा स्त्री रोग अस्पतालसमेतका प्रतिवेदन तथा निजको अदालतमा भएको बयान एवं सहप्रतिवादी राजकुमार श्रेष्ठको बयानबाट वारदातको समयमा पुनरावेदिका प्रतिवादी अस्वस्थ रहेको भन्ने देखिएको अवस्थामा निजले सल्लाह दिई राजकुमार श्रेष्ठले बच्चाको हत्या गरेको रहेछन् भन्न मिल्ने नदेखिएको र यी पुनरावेदिकाको वारदातमा संलग्नता देखिने र बच्चा मार्ने कार्यमा निजको सहमति रहेको देखिने, पुष्टि हुने तथ्ययुक्त शंकारहित प्रमाण वादी पक्षले पेस गरेको नदेखिएको अवस्थामा मृतक बच्चालाई मार्ने कार्यमा यी पुनरावेदिकाको संलग्नता रहेको मान्न मिल्ने नदेखिने ।

पुनरावेदिकाको सहप्रतिवादी राजकुमार श्रेष्ठसँग विवाह हुनुपूर्व गर्भको बच्चालाई मार्नसमेत सहमत भएको भन्ने पुनरावेदिका भविना राईको मौकाको बयान भनाइ र बच्चा मार्ने कार्यमा निज संलग्न भएको भन्ने शङ्कारहित तवरले तथ्ययुक्त प्रमाणबाट अभियोजन पक्षले पुष्टि गर्न नसकेको अवस्थामा बच्चा मार्ने कार्यमा आफ्नो सहमति नरहेको, बच्चा मार्ने कार्यमा आफ्नो संलग्नता नरहेको भन्ने पुनरावेदिका प्रतिवादी भविना राई (श्रेष्ठ) को अदालतसमक्ष भएको इन्कारी बयान र सहअभियुक्त प्रतिवादी राजकुमार श्रेष्ठले आफू कसुरमा साबित भई मृतक बच्चालाई मार्ने कार्यमा कसैको संलग्नता नरहेको भनी लेखाएको कथन अन्यथा रहेन छ भन्ने मान्नुपर्ने देखिन आउने ।

पुनरावेदिका प्रतिवादी भविना राई (श्रेष्ठ) को कसुरमा संलग्नता पुष्टि हुन सकेको पाइएन । ज्यानसम्बन्धी महलको १७(१) नं.अनुसारको कसुर कायम गरी सजाय गर्नका लागि ज्यान मार्नालाई भनी हतियार, विष मागेमा जानी जानी हतियार, गोली, बारूद, विष दिने वा ज्यान मार्ना निमित्त वारदात गरिरहेका ठाउँमा हतियार साथमा लिई महजुद रहेको हुनुपर्ने देखिन्छ । मिसिल संलग्न प्रमाणहरूबाट बच्चालाई मार्नमा निज भविना राई मत सल्लाहमा पसेको र ज्यानसम्बन्धी महलको १७(१) नं.मा उल्लिखित कुनै कार्य गरेको भन्ने नदेखिएको अवस्थामा निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७ (१) नं.को कसुरमा १० वर्ष कैद हुने ठहर गरेको सुरू काठमाडौं जिल्ला अदालतको फैसला सदर गर्ने गरी पुनरावेदन अदालत पाटनबाट भएको फैसला सो हदसम्म मिलेको नदेखिने ।

अर्का प्रतिवादी राजकुमार श्रेष्ठले अभियोग दाबीअनुसार कसुर गरेको ठहऱ्याई मुलुकी ऐन, ज्यानसम्बन्धीको १३(३) नं.बमोजिम सजाय गर्ने गरेको सुरू फैसलाउपर निजको पुनरावेदन नपरी निजको हकमा साधक जाहेर भई पुनरावेदन अदालत पाटनबाट साधक सदर हुने ठहरी साधक जाहेर भएबाट निजको हकमा साधकमा दर्ता भई निर्णयार्थ पेस भएकाले त्यसतर्फ विचार गर्दा निजले अनुसन्धान अधिकारी एवं अदालतमा समेत मृतक शिशुलाई आफूले गालामा हिर्काई पछारेको कुरामा साबित रही बयान गरेको पाइन्छ भने उक्त बयानलाई शिशुकी आमा सहप्रतिवादी भविना राई (श्रेष्ठ) को अदालतसमेतको बयानबाट समर्थित भएको र मृतकको शव परीक्षण प्रतिवेदन (Post Mortem Report) बाट समेत बच्चाको मृत्यु कर्तव्यबाट भएको भन्ने पुष्टि भएको देखियो । यसप्रकार निज प्रतिवादी राजकुमार श्रेष्ठको साबिती बयान, सहप्रतिवादी भविना राई (श्रेष्ठ) को मौका तथा अदालतको बयान तथा शिशुको शव

परीक्षण प्रतिवेदनसमेतबाट निजको हकमा लिएको अभियोग दाबी समर्थित भई निज प्रतिवादी राजकुमार श्रेष्ठको कर्तव्यबाट बच्चाको मृत्यु भएको पुष्टि हुन आएकाले निजलाई अभियोग दाबीअनुसार कसुर गरेको ठहऱ्याई मुलुकी ऐन, ज्यानसम्बन्धीको १३(३) नं. अनुसार सर्वस्वसहित जन्मकैद हुने ठहऱ्याएको काठमाडौं जिल्ला अदालतको फैसला सदर गर्ने गरी साबिक पुनरावेदन अदालत पाटनबाट भएको फैसला निजको हकमा मिलेकै देखिन आउने।

प्रतिवादी भविना राई (श्रेष्ठ) लाई मुलुकी ऐन, ज्यानसम्बन्धी १७(१) नं.बमोजिम १० वर्ष कैद हुने ठहर गरेको सुरू काठमाडौं जिल्ला अदालतको मिति २०७१।०२।२७ को फैसला सदर हुने ठहऱ्याएको पुनरावेदन अदालत पाटनको मिति २०७३।०१।०५ को फैसला मिलेको नदेखिँदा सो हदसम्म केही उल्टी भई पुनरावेदक प्रतिवादी भविना राई (श्रेष्ठ) ले अभियोग दाबीबाट सफाइ पाउने ठहर्छ। अर्का प्रतिवादी राजकुमार श्रेष्ठको हकमा निजले अभियोग दाबीअनुसार कसुर गरेको ठहऱ्याई मुलुकी ऐन, ज्यानसम्बन्धीको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहऱ्याएको सुरू फैसला सदर गर्ने गरेको पुनरावेदन अदालत पाटनको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। मुलुकी अपराध संहिता, २०७४ को दफा ४० तथा केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२)(ख) को प्रतिबन्धात्मक वाक्यांश एवं फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ५ समेतको आधारमा निजलाई भएको सर्वस्वको सजाय नहुने हुँदा निज प्रतिवादी राजकुमार श्रेष्ठलाई जन्मकैद २०।०।० (बीस वर्ष) को मात्र सजाय हुने।

इजलास अधिकृत: खुमप्रसाद भण्डारी

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७६ पौष २८ गते रोज २ शुभम्।

## १९

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना,** *०७७-WH-०१४४, बन्दीप्रत्यक्षीकरण, हृदयकुमार दाहाल वि. सुनसरी जिल्ला अदालत, तहसिल शाखासमेत*

मुलुकी अपराध संहिता, २०७४ को दफा २४९(३)(ग) बमोजिम विवादित प्रकृतिको ठगीको कसुरमा रू.७०,०००।- सम्म जरिवाना हुन सक्ने कानूनी व्यवस्था रहेको देखिन्छ। केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२)(ग) मा "कुनै कानूनअर्न्तगत कुनै अदालतबाट भइसकेको सजाय सोही कानूनबमोजिम नै कार्यान्वयन हुनेछ, तर त्यस्तो सजाय मुलुकी अपराध संहितामा सोही कसुरमा लेखिएको सजायभन्दा बढी हुने रहेछ भने मुलुकी अपराध संहितामा लेखिएको हदसम्म मात्र कार्यान्वयन हुने छ" भनी उल्लेख भएको छ। यसका अतिरिक्त फौजदारी कसुर (सजाय निर्धारण र कार्यान्वयन) ऐन, २०७४ को दफा ५ मा समेत "कुनै कसुरका सम्बन्धमा कसुर गर्दाका बखतभन्दा सजाय निर्धारण गर्दाका बखत कानूनबमोजिम घटी सजाय हुने रहेछ भने घटी सजाय हुने गरी निर्धारण गर्नुपर्ने" प्रावधान रहेको देखिन्छ। उल्लिखित कानूनी प्रावधानको अवलोकनबाट पहिले जतिसुकै बढी कैद वा जरिवाना सजाय हुने गरी ठहर भएको भए पनि हाल प्रचलित कानूनमा पहिले तोकिएको सजायभन्दा घटी सजाय हुने व्यवस्था गरिएको रहेछ भने सोही घटी सजायको हदसम्म मात्र कैद, जरिवाना असुल गर्नुपर्छ भन्ने देखिन्छ। प्रस्तुत मुद्दामा सुनसरी जिल्ला अदालतको च.नं.२१८१८ मिति २०७५।१२।१६ गतेको कैदी पुर्जीबाट रिट निवेदक प्रतिवादी हृदयकुमार दाहाल मिति २०७२।११।१३ गतेदेखि मिति २०७६।११।१२ गतेसम्म कैदबापत कैदमा बसेको र मिति २०७६।११।१३ गतेदेखि जरिवानाबापत कैदमा बसेको देखिएकोले त्यसबाट

हिसाब गर्दा आजसम्म १० महिना ११ दिन जरिवानाबापत बसेको देखियो । यसै सन्दर्भमा यस्तै प्रकृतिको निवेदक हरिशरण महतको हकमा कुस्मी विष्ट विरूद्ध काठमाडौं जिल्ला अदालतसमेत (मुद्दा नं.०७७-WH-००२८) को बन्दीप्रत्यक्षीकरणको रिट निवेदनमा यस अदालतबाट "मुलुकी अपराध संहिता, २०७४ को दफा २४९(३)(ग), केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२)(ग) तथा फौजदारी कसुर (सजाय निर्धारण र कार्यान्वयन) ऐन, २०७४ को दफा ५ बमोजिम निवेदक हरिशरण महतलाई विवादित ठगीको कसुरमा ठहर भएको जरिवाना रकम कूल रू. सत्तरी हजारमात्र असुल गर्न मिल्ने देखियो । निजलाई हुने ठहरेको दुई वर्ष कैद अवधिभन्दा केही बढी अवधि कैद बसेको देखिएको हुँदा यसरी बढी कैद बसेको अवधिबापत प्रतिदिन रू.३००।– का दरले जरिवानाबापत कट्टा हुनेसमेत देखिन्छ । यस अवस्थामा निजलाई जरिवानाबापत १० वर्ष कैद गर्ने गरी दिइएको काठमाडौं जिल्ला अदालतको मिति २०७७/४/२२ को कैदी पुर्जी कानून प्रतिकूल देखिँदा उत्प्रेषणको आदेशद्वारा बदर गरी नेपालको संविधानको धारा १३३ को उपधारा (२) र (३) बमोजिम बन्दीप्रत्यक्षीकरण मिश्रित परमादेशको आदेश जारी गरिएको छ ।" भन्ने सिद्धान्तसमेत प्रतिपादन भएको देखिन्छ । प्रस्तुत रिटमा पनि निज रिट निवेदकलाई सुनसरी जिल्ला अदालतबाट ठगीको कसुरमा ठहर भएको बिगो रू. २९,९४,०१५।– जरिवाना भए तापनि मुलुकी अपराध संहिता, २०७४ को दफा २४९ को उपदफा (३) को देहाय (ग), केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२)(ग) तथा फौजदारी कसुर (सजाय निर्धारण र कार्यान्वयन) ऐन, २०७४ को दफा ५ बमोजिम जरिवानाको अधिकतम हद रू. सत्तरी हजारसम्म मात्र असुल गर्न मिल्ने देखियो । यसरी वर्तमान कानूनी प्रावधानले रिट निवेदक हृदयकुमार दाहालउपर ठहर भएको ठगीको कसुरबापत जरिवाना रकम अधिकतम जरिवानाको हद रू. सत्तरी हजारमात्र हुने हुँदा प्रतिदिन रू.३००।– रूपैयाँका दरले जम्मा ७ महिना २३ दिन थुनामा बस्नुपर्ने भई निज रिट निबेदक सो अवधिभन्दा बढी थुनामा बसिसकेको देखिँदा निज रिट निवेदक हृदयकुमार दाहाललाई मिति २०८०।११।१३ गतेसम्म कैद गर्नेगरी दिइएको सुनसरी जिल्ला अदालतको च.नं.२१८१८ मिति २०७५।१२।१६ गतेको कैदी पुर्जी कानून प्रतिकूल देखिन आउने ।

सुनसरी जिल्ला अदालतको च.नं.२१८१८, मिति २०७५।१२।१६ गतेको कैदी पुर्जी कानून प्रतिकूल देखिएकोले सो कैदी पुर्जीलाई उत्प्रेषणको आदेशद्वारा बदर गरी अन्य मुद्दा वा कारणबाट थुनामा राख्न नपर्ने भए रिट निवेदक हृदयकुमार दाहाललाई आजै थुनामुक्त गरिदिनु भनी विपक्षीहरूका नाउँमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ।

इजलास अधिकृत: नवीनकुमार यादव

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७७ पौष २४ गते रोज ६ शुभम् ।

**२०**

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना,** *०७७-WH-०१६४, बन्दीप्रत्यक्षीकरण, लोकेन्द्र दर्नालको हकमा राजन दर्जी (नेपाली) वि. महानगरीय प्रहरी वृत्त, महाराजगञ्जसमेत*

रिट निवेदक लोकेन्द्र दर्नाललाई महानगरीय प्रहरी वृत्त, महाराजगञ्ज, काठमाडौंले मुलुकी अपराध संहिता, २०७४ को परिच्छेद ५ को सार्वजनिक हित, स्वास्थ्य, सुरक्षा, सुविधा र नैतिकता विरूद्धका कसुरअन्तर्गत दफा ११८ बमोजिम अभद्र व्यवहार कसुर अपराधमा पक्राउ गर्न अनुमति माग गरिएकोमा जिल्ला प्रशासन कार्यालय, काठमाडौंले मिति २०७७।९।०८ गतेदेखि लागु हुनेगरी पहिलो पटक

३(तीन) दिन र मिति २०७७।९।११ देखि लागू हुनेगरी दोस्रो पटक ४(चार) दिनको म्याद दिई अनुसन्धानको कार्य गर्न दिइएकोमा मिति २०७७।९।१४ गतेको जिल्ला प्रशासन कार्यालय, काठमाडौंको आदेशले नगद रू.५,०००।– धरौटी माग भएकोमा धरौटी रकम दाखिला गरी निज रिट निवेदक लोकेन्द्र दर्नाल तारेखमा छुटिसकेको भन्ने बेहोरा जिल्ला प्रशासन कार्यालय, काठमाडौं, प्रमुख जिल्ला अधिकारी, काठमाडौं, महानगरीय प्रहरी वृत्त, महाराजगञ्ज, काठमाडौं तथा ऐ.कार्यालयका प्रमुखसमेतको तर्फबाट यस अदालतमा पर्न आएको लिखित जवाफबाट देखिन्छ । रिट निवेदकका तर्फबाट उपस्थित कानून व्यवसायी र नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्तासमेतले सोको जानकारी इजलाससमक्ष गराएको पाइन्छ । बन्दीप्रत्यक्षीकरणको आदेश गैरकानूनी थुनामा रहेको बन्दीलाई थुनाबाट मुक्त गर्नका लागि जारी गरिने आदेश भएको हुँदा बन्दी नै थुनाबाट मुक्त भइसकेको अवस्थामा रिट जारी गर्नुको औचित्य नै नरहने हुँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्ने अवस्था देखिएन । यसै सन्दर्भमा यस अदालतबाट गणेशबहादुर कार्कीको हकमा हरिबहादुर कार्की विरूद्ध काभ्रेपलाञ्चोक जिल्ला कार्यालयका प्रमुख जिल्ला अधिकारीसमेतको बन्दीप्रत्यक्षीकरणको मुद्दा (ने.का.प. २०४३, अङ्क १, नि.नं.२५९२) मा "गैरकानूनी थुनामा रहेको भनिएकोलाई थुनाबाट छोडी सकेकोले कुनै कारबाही गरी रहनु नपर्ने" भन्ने सिद्धान्तसमेत प्रतिपादन भएको देखिन्छ । प्रस्तुत मुद्दामा पनि रिट निवेदक लोकेन्द्र दर्नाल मिति २०७७।९।१४ गतेको जिल्ला प्रशासन कार्यालय, काठमाडौंको आदेशले नगद रू.५,०००।– धरौटी रकम दाखिला गरी तारेखमा छुटिसकेको देखिएकोले रिट निवेदनबमोजिम आदेश जारी गरिरहनु नपर्ने ।

रिट निवेदनको मागअनुसार बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिरहन पर्ने स्थिति विद्यमान नदेखिँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: नवीनकुमार यादव
कम्प्युटर: चन्दनकुमार मण्डल
इति संवत् २०७७ पौष २४ गते रोज ६ शुभम् ।

**२१**

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७६-RC-०१२२, कर्तव्य ज्यान, नेपाल सरकार वि. प्रमिला सदा*

वारदातको दिन मृतकले चलाएको मोटरसाइकलमा प्रतिवादी सँगै हुनु, प्रतिवादीले छोडेको स्थान खोला बगरमा नै मृतक मृत फेला पर्नु, मृत लास नजिकै प्रतिवादीको फुटेका चुराका टुक्रा फेला पर्नु, प्रतिवादीले मृतकलाई एकान्त खोलाको बाटोबाट ल्याउनु, वारदातको दिन प्रतिवादीले वारदातस्थलमा लगाएको कपडा बहिनीको घरमा गई कोही कसैलाई थाहा नदिई फेरी बहिनीको घरमा नै लुकाई राखेको अवस्थामा बरामद हुनु, वारदातस्थलमा मृतक बिरामी भएको थाहा पाएर पनि कसैलाई नभन्नु, प्रतिवादीले बहिनीको घरबाट बरामद भएका कपडा र मृत लास भेटिए नजिकै फेला परेका चुराका टुक्रा आफ्नो हो भनी स्वीकार गरेको देखिएका तथ्यलाई परिस्थितिजन्य प्रमाणको संज्ञा दिई प्रतिवादीलाई कसुरदार ठहर गरेको सुरू अदालतको फैसला सदर गरेको देखिन्छ । परिस्थितिजन्य प्रमाण अप्रत्यक्ष प्रमाण हो । परिस्थितिजन्य प्रमाणलाई ग्रहण गरी कसुर कायम गर्नका लागि कसुरसँग सम्बन्धित तथ्यलाई प्रमाणित गर्न मालाकार रूपमा समर्थन गरेको अवस्था हुनुपर्ने । प्रस्तुत मुद्दामा घटनास्थलमा चुराका टुक्रा फेला परेको कारण र बहिनीको घरमा भिजेका कपडा रहनुको कारणको सम्बन्धमा अनुसन्धानको क्रमदेखि नै प्रतिवादीले मोटरसाइकल पानीमा लड्दा दुवै जनाले मिली उठाएर घिसार्दै लग्ने क्रममा आफ्ना कपडा भिजेको र मोटरसाइकल घिसार्दाको अवस्थामा चुरा फुटेको भनी उल्लेख गरेको सम्बन्धमा मिसिल

संलग्न प्रमाणबाट अन्यथा भन्न सकेको अवस्था छैन । प्रतिवादीको कथनलाई पूर्ण रूपमा उपेक्षा गरी सोतर्फ विवेचना नै नगरी परिस्थितिजन्य प्रमाणको रूपमा ग्रहण गरी दोषी ठहर गर्नु फौजदारी न्यायको सिद्धान्तअनुकूल हुने नदेखिने ।

मृतकको शव परीक्षण प्रतिवेदनमा Undetermined र Viscera Report मा Negative भन्ने उल्लेख भएको देखिन्छ । लासजाँच मुचुल्का हेर्दा लास थुपारेको गिट्टी बालुवामाथि गिटीमा टाउको जोतिएको, दायाँ हात अगाडितर्फ खुम्ची गाला नजिक गिटी हातमा लिई मुठी पारेको जस्तो अवस्थामा रहेको, बायाँ हात केही खुम्ची कम्मरको लाइनमा हातमा गिटी मुठी पारेको जस्तो देखिएको, दायाँ खुट्टा सिधा तन्किएको, बायाँ खुट्टा अगाडितिर खुम्चिएको, पाइन्ट केही भिजेको, कपाल, आँखा, नाक र अनुहारमा बालुवा टाँसिएको, नाकको प्वालबाट तरल पदार्थ निस्केको घोप्टो अवस्थामा लास भेटिएको भनी उल्लेख भएको पाइन्छ । यसरी लासजाँच मुचुल्काबाट हेर्दा मृतकलाई कुनै गम्भीर चोट लागेको अवस्था देखिएको छैन भने शव परीक्षण प्रतिवेदनले मृत्युको कारण उल्लेख गर्न नसकी Undetermined भनेको पाइन्छ । त्यसैगरी Viscera Report मा मृत्युको कारणमा कुनै विषादी नपाई Negative भनी उल्लेख गरेको पाइन्छ । यी सबै प्रमाणबाट मृतकको मृत्यु कर्तव्यबाट नै भएको हो भन्ने यकिन हुन नसकेको अवस्थामा प्रतिवादीलाई ज्यान जस्तो कसुरमा  दोषी ठहर गर्नु फौजदारी न्यायको सिद्धान्तले मिल्ने नदेखिने ।

प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष मिति २०७५।६।२३ गते आरोपित कसुरमा इन्कारी बयान गरेपश्चात् वादी नेपाल सरकारले प्रतिवादीले असत्य कुरा बोलेको हो कि भनेर प्रतिवादीको बयानको सत्यता पत्ता लगाउन Polygraph विधि पनि अवलम्बन गरेको देखिन्छ । अभियुक्तको कुनै भनाइका आधारमा निष्कर्ष निकाल्न प्रयोग गरिने यो विधि अपराध अनुसन्धानको विषयमा बढी केन्द्रित रहेको देखिन्छ । यो विधिबाट गरिएको बयानबाट त्यस्तो बयान दिने व्यक्तिले सत्य बोलेको हो, होइन पत्ता लाग्छ भन्ने विश्वास गरिन्छ । मिसिल संलग्न रहेको No.1 State Police Office Polygraph Section विराटनगरले अनुसन्धानको क्रममा मिति २०७५।६।२४ गते दिएको Confidential-Polygraph Examination Report मा No Deception Indicated भन्ने उल्लेख भएको देखिन्छ । उक्त प्रतिवेदन हेर्दा प्रतिवादीलाई ३ वटा प्रश्न सोधेको देखिन्छ । ती तीनै प्रश्नको जवाफमा प्रतिवादीले "होइन" भन्ने जवाफ दिएको देखिन्छ । वादी नेपाल सरकारले Polygraph विधिबाट प्रतिवादीको बयान गराउँदा पनि प्रतिवादीले आरोपित कसुर गरेको नदेखिई अधिकारप्राप्त अधिकारीसमक्ष इन्कारी रहेको बयानसरहकै निष्कर्ष (Finding) आएको देखिन्छ । यो Polygraph विधि अवलम्बन गरी गरेको प्रतिवादीको बयानबाट पनि वादी नेपाल सरकारको अभियोग दाबी पुष्टि हुन सकेको नदेखिने ।

यसरी वादी नेपाल सरकारले प्रतिवादीले आरोपित कसुर गरेको पुष्टि हुने ठोस, वस्तुनिष्ठ र विश्वासनीय प्रमाण पेस गर्न नसकेको, प्रतिवादी अधिकारप्राप्त अधिकारीसमक्ष र अदालतको बयानमा आरोपित कसुरमा इन्कारी रहेको देखिएको, प्रतिवादीको इन्कारी बयान शव परीक्षण प्रतिवेदन, भिसेरा प्रतिवेदन, Polygraph विधिबाट गरिएको बयान, जाहेरवाला, घटना विवरण कागज गर्ने चन्द्रबहादुर मगर र वादीका साक्षीको बकपत्रबाट खण्डित हुन नसकेको समेतका कारण र आधारमा प्रतिवादी प्रमिला सदालाई कसुरदार ठहर गरेको उच्च अदालत विराटनगर, अस्थायी इजलास ओखलढुङ्गाको मिति २०७६।२।६ को फैसला मिलेको नदेखिने ।

अतः प्रतिवादी प्रमिला सदालाई आरोपित कसुरमा जन्मकैदको सजाय हुने ठहर गरेको उदयपुर जिल्ला अदालतको मिति २०७५।९।१९ को फैसला

सदर गरेको उच्च अदालत विराटनगर, अस्थायी इजलास ओखलढुङ्गाको मिति २०७६।२।६ को फैसला उल्टी भई प्रतिवादी प्रमिला सदाले साधकको रोहमा अभियोग दाबीबाट सफाइ पाउने।

इजलास अधिकृत: भीमबहादुर निरौला / खुमप्रसाद भण्डारी

इति संवत् २०७७ माघ ५ गते रोज २ शुभम्।

**२२**

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७५-CR-१५७५, जबरजस्ती करणी/ हाडनाता करणी, रमेश वि.सी. वि. नेपाल सरकार*

पीडित ६४ छिन्चु (B१) को मेहेलकुना अस्पताल, सुर्खेतबाट डा.किशोर कुमार बिष्टद्वारा परीक्षण गरिएको शारीरिक परीक्षण प्रतिवेदन हेर्दा, There are no signs of recent sexual assault. Further expert opinion regarding sexual assault is pending for vaginal swab analysis report. However absence of positive finding doesn't mean that the alleged incident has not taken place. भन्नेसमेत बेहोरा उल्लेख भएको भन्ने पाइन्छ। यसबाट Sexual assault भएको भन्ने लक्षण नदेखिएकै कारणबाट घटना घटेको होइन भन्न नमिल्ने भनी शारीरिक परीक्षण प्रतिवेदनमा उल्लेख भएको पाइन्छ। जहाँसम्म पीडितको शारीरिक परीक्षण गर्ने चिकित्सकले no signs of recent sexual assault. भनी भनेकोबाट जबरजस्ती करणीको वारदात स्थापित गर्न मिल्दैन भन्ने पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर छ, सो सम्बन्धमा विचार गर्दा पहिलो कुरा, प्रस्तुत वारदातमा प्रतिवादी रमेश वि.सी. ले पीडित बालिका ६४ छिन्चु (B१) को योनि चलाई भित्र बाहिर गरी शरीरको भागमा कम्बलले छोपी लिङ्ग निजको योनिमा मिलाउनको लागि माथि चढेको अवस्थामा पीडित जोरले कराएपछि प्रतिवादीको बुबा तथा पीडितको हजुरबुबा परिवर्तित नामथर ६४ छिन्चु (B) पछाडिबाट आई प्रतिवादीको कठालो समाती लतारी फालेकाले वीर्य स्खलन हुन नपाउँदै छोडी गएको भन्ने देखिन्छ। पीडित ११ वर्षकी नाबालिगले आफ्नो बाबुले आफ्नो इच्छाविपरीत हुने करणीमा आफ्नो सतीत्व नष्ट गर्न लाग्नुभयो भनी बचाउको लागि हरसम्भव प्रयत्न गर्ने र विरोध गर्ने जस्ता कुराहरू गर्न सक्ने नहुने।

एउटा अवोध बालिकाले आफूमाथि बाबुद्वारा भएको नृशंस एवम् पासविक अपराधको जस्ताको तस्तै स्वाभाविक रूपमा भनेको भनाइलाई अन्यथा भन्ने अवस्था पनि देखिँदैन। Victim ले बताएका कुराहरूलाई अन्यथा प्रमाणित भएकोमा बाहेक प्रमाणमा ग्रहण गर्नुपर्ने हुन्छ। Direct and original प्रमाणको रूपमा Victim ले बताएका कुरा प्रमाणमा लिनुपर्ने भन्ने प्रतिपादित सिद्धान्त (ने.का.प.२०६४, अङ्क १, नि.नं. ७८१०, पृष्ठ ८६)। पुनरावेदक प्रतिवादी राकेशकुमार सिंह र प्रत्यर्थी वादी हिमाली गोलेको जाहेरीले नेपाल सरकार, मुद्दा जबरजस्ती करणीसमेतबाट देखिन्छ। पीडित नाबालिग ११ वर्षको भन्नेमा विवाद भएन। निज पीडित वारदातका दिन सो वारदातमा आफूलाई के गरिएको भन्ने कुरा बुझ्न नसक्ने वा थाहा पाउन नसक्ने अवस्थाको भन्ने पनि देखिएन। त्यसैगरी सोधिएका कुराको जवाफ दिन नसक्ने ज्यादै कलिलो उमेरको भन्ने पनि देखिएन। तसर्थ, पीडित बालिकाको बकपत्र प्रमाण ऐन, २०३१ को दफा ३८ भित्रको भई दफा १०(१)(ख) बमोजिमको स्वीकार योग्यप्रमाण (Admissible Evidence) मानिने।

किटानी जाहेरी दरखास्त, पीडितको कागज एवं बकपत्र, प्रतिवादीका बुबा एवं जाहेरवालाको बकपत्र, बुझिएका मानिसहरूको भनाइ एवं बकपत्र, पीडितको शारीरिक परीक्षण प्रतिवेदन आदिसमेत एक अर्कासँग मालाकाररूपमा मिल्न भिड्न आई प्रतिवादीले अदालतमा समेत गरेको साबितीसमेतका आधारमा हेर्दा प्रतिवादीलाई निर्दोष मान्न सक्ने नदेखिएको

हुँदा सुर्खेत जिल्ला अदालतले कसुर कायम गरी प्रतिवादीलाई सजाय गर्नेगरी गरेको फैसलालाई सदर गरी भएको उच्च अदालत सुर्खेतको फैसला मनासिब देखिने।

पुनरावेदक प्रतिवादीलाई अभियोग दाबीबमोजिम मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३ को देहाय (२) नं.बमोजिम १० (दश) वर्ष कैद र हाडनाता करणी महलको १ नं. बमोजिम थप १० वर्ष कैदसमेत गरी २० (बीस) वर्ष कैद तथा सोही महलको १० नं. बमोजिम पीडितले प्रतिवादीबाट रू.५०,०००।- (पचास हजार रूपैयाँ) क्षतिपूर्तिसमेत भराई पाउने ठहर गरी मिति २०७४।०९।१७ गते सुरू सुर्खेत जिल्ला अदालतबाट भएको फैसलालाई सदर गर्ने गरी उच्च अदालत सुर्खेतबाट मिति २०७५/०५/०६ मा भएको फैसला मिलेकै देखिँदा सदर।

इजलास अधिकृत: रोशनकुमार झा

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७७ फाल्गुण ११ गते रोज १ शुभम्।

**२३**

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७७-WH-०२३८, बन्दीप्रत्यक्षीकरण, हस्त वि.क. को हकमा धनबहादुर कामी वि. महानगरीय प्रहरी वृत्त, नयाँ बानेश्वरसमेत*

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४(६) अनुसार हिरासतमा राख्ने अनुमति माग गरेकोमा मुद्दा हेर्ने अधिकारीले सम्बन्धित कागजातहरू हेरी अनुसन्धान सन्तोषजनकरूपमा भएको वा नभएको विचार गरी, आवश्यक देखिए अनुसन्धानका लागि हिरासतमा राखिराख्न आवश्यक भएको देखिएमा एकै पटक वा पटकपटक गरी बढीमा पच्चिस दिनसम्म हिरासतमा राख्ने आदेश दिन सक्ने व्यवस्था रहेकोमा जिल्ला प्रशासन कार्यालय, काठमाडौंले म्याद थप गर्दा अनुसन्धान सन्तोषजनक रहे नरहेको र अनुसन्धानका लागि हिरासतमा राखिराख्न आवश्यक छ या छैन भन्ने विवेचना नगरी म्याद थप गर्न मनासिब भएको भन्ने मात्र उल्लेख गरेको देखिँदा थुनालाई कानूनसम्मत् मान्न नमिल्ने।

प्रहरीको काम कर्तव्यमा बाधा अवरोध सिर्जना गरी कर्तव्य पालनको सिलसिलामा खटिएका प्रहरी कर्मचारी माथि सार्वजनिक स्थानमा अभद्र व्यवहार गरेको भन्ने आरोप आफैँमा विश्वसनीय नदेखिएको अवस्थातर्फ पनि ध्यान नदिई पक्राउ गर्ने र थुनामा राख्न अनुमति दिने कार्य थुनामा नै राख्ने प्रवृत्त भावनासाथ राखेकोसमेत देखिएको हुँदा उक्त थुनालाई कानूनसम्मत् मान्न नसकिने।

औचित्यपूर्ण आधार र कारणविना निवेदकलाई थुनामा राखिरहने प्रयोजनका लागि अनुसन्धानको क्रममा थुनामा राख्ने कार्य न्यायिक दृष्टिकोणबाट समेत उपयुक्त नदेखिएको र कानूनले पालना गर्न तोकेका पूर्वसर्तहरूको पालना नगरी म्याद थप अनुमति माग गर्ने र अनुमति दिने कार्य गैरकानूनी भएको देखिँदा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३७(क) र (ख) बमोजिम निवेदक बन्दी हस्त वि.क.लाई गैरकानूनी थुनाबाट मुक्त गर्नु भनी बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने।

इजलास अधिकृत: रोशनकुमार झा

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७७ फाल्गुण ११ गते रोज ३ शुभम्।

**२४**

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७७-WH-०२४२, बन्दीप्रत्यक्षीकरण, मदन चन्द वि. महानगरीय प्रहरी परिसर, जावलाखेलसमेत*

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४(६) अनुसार हिरासतमा राख्ने अनुमति माग गरेकोमा मुद्दा हेर्ने अधिकारीले सम्बन्धित कागजातहरू हेरी अनुसन्धान सन्तोषजनकरूपमा भएको वा नभएको विचार गरी, आवश्यक देखिए ...अनुसन्धानका लागि

हिरासतमा राखिराख्न आवश्यक भएको देखिएमा एकै पटक वा पटकपटक गरी बढीमा पच्चिस दिनसम्म हिरासतमा राख्ने आदेश दिन सक्ने व्यवस्था रहेकोमा जिल्ला प्रशासन कार्यालय, ललितपुरले म्याद थप गर्दा अनुसन्धान सन्तोषजनक रहे नरहेको र अनुसन्धानका लागि हिरासतमा राखिराख्न आवश्यक छ या छैन भन्ने विवेचना नगरी म्याद थप गर्न मनासिब भएको भन्ने मात्र उल्लेख गरेको देखिँदा थुनालाई कानूनसम्मत् मान्न नमिल्ने ।

प्रहरीको काम कर्तव्यमा बाधा अवरोध सिर्जना गरी कर्तव्य पालनको सिलसिलामा खटिएका प्रहरी कर्मचारी माथि सार्वजनिक स्थानमा अभद्र व्यवहार गरेको भन्ने आरोप आफैँमा विश्वसनीय नदेखिएको अवस्थातर्फ पनि ध्यान नदिई पक्राउ गर्ने र थुनामा राख्न अनुमति दिने कार्य थुनामा नै राख्ने प्रवृत्त भावनासाथ राखेकोसमेत देखिएको हुँदा उक्त थुनालाई कानूनसम्मत् मान्न नसकिने ।

औचित्यपूर्ण आधार र कारणविना निवेदकलाई थुनामा राखिरहने प्रयोजनका लागि अनुसन्धानको क्रममा थुनामा राख्ने कार्य न्यायिक दृष्टिकोणबाट समेत उपयुक्त नदेखिएको र कानूनले पालना गर्न तोकेका पूर्वसर्तहरूको पालना नगरी म्याद थप अनुमति माग गर्ने र अनुमति दिने कार्य गैरकानूनी भएको देखिँदा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३७(क) र (ख) बमोजिम निवेदक बन्दी मदन चन्दलाई गैरकानूनी थुनाबाट मुक्त गर्नु भनी बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ।

इजलास अधिकृत: रोशनकुमार झा

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७७ फाल्गुण ११ गते रोज ३ शुभम् ।

२६

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** *०७५-CR-२२३१ (०१-०७५-१२३५१), ०७५-CR-२५२४ (०१-०७५-१३७४६), जबरजस्ती करणी तथा कर्तव्य ज्यान, नेपाल सरकार वि. ईश्वर वि.क., ईश्वर वि.क. वि. नेपाल सरकार*

प्रतिवादीले १० वर्षकी नाबालिगलाई जबरजस्ती करणी गरी हत्या गरेको जघन्य अपराधमा कैद सजायमा Leniency देखाउनुपर्ने कुनै कारण देखिँदैन । जबरजस्ती करणी गरी हत्या गरेको कसुर क्रूरतापूर्वकको कसुर मान्नु पर्ने हुँदा क्रूरता र यातनापूर्वक हत्याको कसुरमा प्रतिवादीलाई कम सजाय गर्नुपर्ने औचित्य साबित हुन सक्ने देखिँदैन । अपराधको तयारी, योजना र अपराध गर्दा अपनाएको तरिकासमेतलाई मध्यनजर गरी सजाय निर्धारण हुनेमा प्रतिवादीले गरेको तयारी योजना र अपराध गर्दा अपनाएको तरिकासमेतलाई हेर्दा नियतपूर्वक जघन्य अपराध (heinous crime) गरेको देखिन्छ । यस अवस्थामा प्रतिवादीलाई कानूनले तोकेको उपल्लो सजाय गर्दा पनि प्रतिवादीले गरेको कसुरको तुलनामा कम नै हुनेमा न्यूनतम सजाय हुनुपर्ने भन्ने प्रतिवादीको जिकिरलाई ग्रहणयोग्य मान्न मिल्ने नदेखिएकोले पुनरावेदक प्रतिवादी ईश्वर वि.क.को पुनरावेदन जिकिर मनासिब नदेखिने ।

प्रतिवादीबाट मृतकको घरपरिवारलाई क्षतिपूर्तिसमेत भराइ दिनुपर्ने भन्ने नेपाल सरकारको पुनरावेदन जिकिरतर्फ हेर्दा, मुलुकी ऐन, जबरजस्ती करणीको महलको १० नं. र १०ग. नं. बमोजिम क्षतिपूर्ति भराई पाउन माग दाबी लिई अभियोपगपत्र पेस भएको देखिन्छ । मिति २०७३।६।२२ गते प्रतिवादी ईश्वर वि.क.ले मृतक पोखरा १३ लाई जबरजस्ती करणी गरी कर्तव्य गरी मारेको कसुर अपराध पुष्टि भएको प्रस्तुत मुद्दामा तत्काल प्रचलित मुलुकी ऐन, जबरजस्ती करणीको महलको १० नं. मा मिति २०६३।७।१७ मा लैङ्गिक समानता कायम गर्न केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०६३ द्वारा भएको संशोधित कानूनी व्यवस्था हेर्दा, "कसैले

कुनै महिलालाई जबरजस्ती करणी गरेको ठहरेमा अदालतले त्यस्ती महिलालाई भएको शारीरिक वा मानसिक क्षति विचार गरी मनासिब ठहराएबमोजिमको क्षतिपूर्ति कसुरदारबाट भराई दिनुपर्ने छ । त्यस्तो क्षतिपूर्ति निर्धारण गर्दा कसुरको गाम्भीर्य, कसुरबाट पीडित व्यक्तिको मृत्यु भइसकेको रहेछ भने निजमा आश्रित नाबालक छोराछोरी भए निजहरूलाई पर्न गएको पीडासमेत विचार गरी निर्धारण गर्नुपर्ने छ" भन्ने र सोही संशोधनद्वारा थप गरिएको सोही महलको १०ग. नं.मा "यस महलअन्तर्गतको मुद्दाको फैसला गर्दा जबरजस्ती करणी ठहर गरेकोमा सोही फैसलामा यस महलबमोजिम कसुरदारबाट भराई दिनुपर्ने क्षतिपूर्तिसमेत उल्लेख गरी सम्बन्धित महिलालाई भराई दिनुपर्ने छ । क्षतिपूर्ति भराउने प्रयोजनको लागि यस महलअन्तर्गतको मुद्दा दायर भएलगत्तै अदालतले आरोपित व्यक्तिको अंशलगायतका अन्य सम्पत्ति रोक्का राख्नुपर्ने छ । कसुरदारको कुनै सम्पत्ति नभई जबरजस्ती करणीको कसुरबाट पीडितले क्षतिपूर्ति नपाउने देखिएमा अदालतले सम्बन्धित महिला तथा बालबालिका कार्यालयबाट क्षतिपूर्ति स्वरूप उचित रकम पीडितलाई भराइदिने गरी आदेश गर्न सक्ने छ । त्यसरी आदेश भएमा सो कार्यालयबाट क्षतिपूर्तिबापतको रकम तत्काल पीडितलाई उपलब्ध गराउनुपर्ने छ" भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ । जबरजस्ती करणीबाट पीडित महिला वा त्यस्ती पीडित महिलाको मृत्यु भइसकेको रहेछ भने निजमा आश्रित नाबालक छोराछोरी भए निजहरूलाई पर्न गएको पीडासमेत विचार गरी क्षतिपूर्ति निर्धारण गर्नुपर्ने कानूनी व्यवस्था रहेको देखिन्छ । प्रस्तुत मुद्दामा मृतक स्वयम् नाबालिग रहेको र निज मृतकको आश्रय र संरक्षणमा रहनुपर्ने व्यक्ति कोही रहेको देखिएको छैन । उल्लिखित कानूनी व्यवस्थाको आधारमा हेर्दा जबरजस्ती करणीको अपराध गरी कर्तव्य गरी हत्या गरिएका नाबलिग मृतक पोखरा-१३ को अविभावकलाई क्षतिपूर्ति भराउने स्पष्ट कानूनी व्यवस्था रहेको नदेखिएकोले क्षतिपूर्ति भराइ पाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर स्वीकारयोग्य देखिन नआउने ।

तसर्थ, प्रतिवादी ईश्वर वि.क.लाई जबरजस्ती करणीको महलको ३(१) नं. बमोजिम १५ वर्ष कैद र ज्यानसम्बन्धी महलको १३(२) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने र मृतकका आश्रित परिवारसमेत नभएको हुँदा वादी नेपाल सरकारको क्षतिपूर्तिको दाबी पुग्न नसक्ने ठहर गरी सुरू कास्की जिल्ला अदालतबाट मिति २०७४।११।१६ मा भएको फैसलामा मुलुकी अपराध संहिता ऐन, २०७४ को दफा ४०(२) बमोजिम सर्वस्वको सजाय गर्न नमिल्ने हुँदा जन्मकैदको सजाय गर्ने ठहऱ्याएको सो फैसला सदर गर्ने ठहऱ्याएको उच्च अदालत पोखराको मिति २०७५।८।२४ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । प्रतिवादीबाट मृतक पक्षको घरपरिवारलाई क्षतिपूर्तिसमेत भराइ पाउँ भन्ने पुनरावेदक वादी नेपाल सरकारको तथा कम सजाय हुनुपर्ने भन्ने पुनरावेदक प्रतिवादी ईश्वर वि.क.को पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: ऋतबहादुर पुलामी मगर

कम्प्युटर: रवि दुवाल

इति संवत् २०७७ असार १६ गते रोज ३ शुभम् ।

**इजलास नं. ४**

**२६**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** *०७६-WO-०३८१, उत्प्रेषण, चिरन्जीवी निरौलासमेत वि. स्वास्थ्य मन्त्रालयसमेत*

निवेदकहरूले माग गरेको स्थानीय तहमा समायोजन भएको देखिए पनि समायोजन भएको स्थानीय तहमा दरबन्दी नरहेको भनी सम्बन्धित स्थानीय निकायबाट स्वास्थ्य मन्त्रालयमा पत्राचारसमेत

भएको देखिन्छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको च.नं. ५० मिति २०७७।११।०९ को पत्रबाट स्थानीय तहहरू महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँपालिकामा नेपाल स्वास्थ्य सेवाको हेल्थ इन्सपेक्सन समूह, पाँचौं तह, सुपरभाइजर पदको दरबन्दी नभएको भनी दरबन्दी चार्टसमेत मिसिल संग्लग्न रहेको देखिन्छ। त्यस्तै स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको च.नं.२१ मिति २०७७।६।१४ को सूचना उपलब्ध गराएको सम्बन्धमा लेखिएको पत्रमा प्रदेश नं.२ मा सुपरभाइजरको दरबन्दी संख्या २६ र समायोजन संख्या २५ रहेको र सोही मन्त्रालयको च.नं. ३७ मिति २०७७।०९।२० को सूचना उपलब्ध गराएको सम्बन्धमा लेखिएको पत्रमा प्रदेश नं. १ मा सुपरभाइजरको दरबन्दी संख्या ३१ र समायोजन संख्या ३० रहेको भन्ने उल्लेख भएबाट समेत निवेदकहरूले माग गरेको प्रदेशमा दरबन्दी खाली रहेको भन्ने देखिइरहेको अवस्थामा दरबन्दी नभएको स्थानमा समायोजन गरेको त्रुटिपूर्ण देखिने।

निवेदकहरू नेपाल सरकारका स्थायी कर्मचारीहरूलाइ दरबन्दी नै नभएको स्थानीय तहमा समायोजन गरेपछि निवेदकमध्ये चिरिन्जिवी निरौलाले समायोजन निवेदन फाराम भर्दा प्राथमिकताका आधारमा दरबन्दी रहेको प्रदेश नं. १ मा र नरेश कुमार यादवले प्रदेश नं. १ अथवा २ मा समायोजन गरिपाउँ भनी गुनासो निवेदन दिँदासमेत गुनासो सुनुवाइ गरेको देखिएन । निवेदकमध्ये चिरिन्जिवी निरौलालाइ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय प्रदेश नं. १ बाट मिति २०७६।१२।०५ च.नं.२३६९ मा खाली भएको प्रदेश नं. १ मा समायोजन संशोधनका लागि सहमति प्रदान गरिएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाइ लेखिएको पत्रको प्रतिलिपिसमेत मिसिल संलग्न रहेको देखिन्छ। कर्मचारीहरूको गुनासो सुन्ने र समायोजन व्यावस्थापन गर्ने मुख्य दायित्व भएको प्रत्यर्थी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले निवेदक कर्मचारीहरूलाइ दरबन्दी नै नभएको ठाउँमा समायोजन गरी सोउपरको गुनासो निवेदनमा सुनुवाइसमेत गरेको देखिएन । उक्त कार्य कानूनी दृष्टिकोणले उचित नदेखिने।

निवेदकहरू कार्यरत रहेको स्वास्थ्य सेवाको हे.ई. समुह, पाँचौं तहको खोप सुपरभाइजर र परिवार नियोजन सुपरभाइजरको दरबन्दी नै नभएको स्थानीय निकायमा समायोजन गर्ने गरी भएको प्रत्यर्थी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं.७५९ मिति २०७६।०३।०१ को पत्रानुसार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिति २०७६।०५।०९ को निर्णय र पत्रले समायोजन भएको निर्णय र पत्रसमेत त्रुटिपूर्ण देखिँदा उत्प्रेषणको आदेशद्वारा बदर हुने।

निवेदकहरूले दरबन्दी भएको कार्यालयमा समायोजन हुन पाउने अवस्था हुँदाहुँदै पनि निजहरूलाई दरबन्दी नै रिक्त नभएको स्थानीय तहमा समायोजन गरेको भन्ने देखिएको र उक्त समायोजन संशोधन गरिपाउँ भनी पटकपटक गुनासो निवेदन दिँदासमेत गुनासो सम्बोधन गरेको नदेखिएको अवस्थामा निवेदकहरूले समायोजनको फाराममा भरेको प्राथमिकता क्रमअनुसारको दरबन्दी भएको प्रदेश कार्यालयमा समायोजन गर्ने व्यवस्था मिलाउनु भनी विपक्षीहरूको नाउँमा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृतः सीताराम खड्का

कम्प्युटर: राधिका घोरासाइने

इति संवत् २०७८ साल पौष २८ गते रोज ४ शुभम्।

२७

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना,** *०६९-WO-०५४३, प्रतिषेध परमादेशसमेत, ससिली चुनारासमेत वि. सुकुम्बासी समस्या समाधान आयोगसमेत*

रिट निवेदकहरूले विवादित भएको जग्गाहरूको सम्बन्धमा पटकपटक विभिन्न

अदालतहरूमा विभिन्न मुद्दाहरू दायर गरेको देखिन्छ । सो मुद्दाहरूमध्ये सुर्खेत जिल्ला अदालतमा चलेको जिल्ला वन कार्यालय, सुर्खेतको जाहेरीले वादी नेपाल सरकार र निज दलबहादुर वनगाडी समेत विपक्षी भएको मुद्दा नं. ०६९-CR-०१४४ को सरकारी कागजात छाप दस्तखत किर्ते मुद्दाको फैसलाको ठहरबाट प्रस्तुत मुद्दामा रिट निवेदकहरूले पेस गरेको सुर्खेत जिल्ला, छिन्चु गा.वि.स. वडा नं. ८ कित्ता नं. ७, १२, २५ र २६ को जग्गाहरूको नापनक्सा, फिल्डबुक र जग्गाधनी प्रमाणपूर्जा समेत किर्ते ठहरी रहेको देखिँदा हाल उक्त जग्गाहरूमा यी रिट निवेदकहरूको हक स्वामित्व भएको मान्न नसकिने ।

रिट निवेदकहरूले निजहरूले प्राप्त गरेको जग्गा भनी दाबी लिएको सुर्खेत जिल्ला, छिन्चु गा.वि.स. वडा नं. ८ कित्ता नं. ७, १२, २५ र २६ को जग्गाहरूमा हाल निजहरूको स्वामित्व रहेको पुष्टि गर्ने कुनै प्रमाण नभई उक्त जग्गाहरूमा निज निवेदकहरूको हक स्थापित नै नभएको अवस्थामा रिट निवेदकहरूको मागबमोजिम उक्त जग्गाहरू अन्य सुकुम्बासीलाई वितरण नगर्नु र भोगचलनमा रहेको उक्त जग्गाहरूमा अतिक्रमण नगर्नु नगराउनु भनी विपक्षी सुकुम्बासी समस्या समाधान आयोग, सुर्खेतसमेतको नाउँमा प्रतिषेध परमादेशसमेतको आदेश जारी गरिरहनुपर्ने अवस्थाको विद्यमानता रहेको नदेखिने ।

रिट निवेदनमा दाबी भएका सुर्खेत जिल्ला, छिन्चु गा.वि.स. वडा नं. ८ कि.नं. ७, १२, २५ र २६ समेतको जग्गा अन्य सुकुम्बासीलाई वितरण नगर्नु र भोगचलनमा रहेको उक्त जग्गाहरूमा अतिक्रमण नगर्नु भनी प्रतिषेध परमादेशसमेतको आदेश जारी गर्नुपर्ने अवस्था नहुँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : मनिता गुरूङ

कम्प्युटर : देबिमाया खतिवडा (देबिना)

इति संवत् २०७८ साल कार्तिक ७ गते रोज १ शुभम् ।

२८

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री कुमार रेग्मी,** *०७१-CI-०५०४, निषेधाज्ञा, रामनारायण यादवसमेत वि. किशोरी दास यादव*

कुनै पनि व्यक्तिको कानूनी हक अधिकारमा आघात पुग्ने प्रबल आशंकाको विद्यमानता रहेको अवस्थामा त्यसलाई रोक्न निषेधाज्ञाको आदेश जारी गरी निजको हक अधिकारमा आघात पुग्न नदिनु नै निषेधाज्ञाको मूल उद्देश्य हुन्छ । निवेदकले दाबी लिएको जग्गाहरू सन्त कबिर पन्थ गुठीको जग्गा ठहर भई गुठीको महन्थाई बापत निजलाई प्राप्त भएको हुनाले निजले बेचबिखन गर्न अथवा हकहस्तान्तरण गर्न नपाउने ठहरी फैसला भएको पाइन्छ । यस अवस्थामा प्रत्यर्थी निवेदक किशोरी दास यादवले उक्त सन्त कबिर पन्थ गुठीको जग्गा बिक्री व्यवहार हकहस्तान्तरण गर्न सक्ने देखिन नआउने ।

साथै, सन्त कबिर गुठीको नाममा रहेको उक्त जग्गाहरूमा गुठीका हकदारहरूले भोग चलन गरिरहेको अवस्थामा उक्त गुठीको कुनै सहमति नै नलिई विपक्षी जिल्ला प्रशासन कार्यालय, सप्तरीसमेतले गुठीका हकदारहरूलाई भोग गर्न बाधा दिनु कानूनसङ्गतसमेत हुँदैन । यस अवस्थामा निवेदकको नाउँमा रहेको उक्त जग्गाहरूमा यी विपक्षीहरूले भोग चलन गर्न बाधा अवरोध गर्ने प्रवल आशंका रहेकोले निषेधाज्ञाको आदेश जारी हुने ठहर्छ भनी तत्कालीन पुनरावेदन अदालत, राजविराजबाट भएको फैसला मनासिब नै देखिन आउने ।

निवेदकको नाउँमा दर्ता रहेको सप्तरी जिल्ला, रामनगर गा.वि.स.का विभिन्न वडा नं.का विभिन्न कि.नं.का जग्गाहरूमा निजलाई उपभोग गर्न बाधा अवरोध नगर्नु नगराउनु भनी निषेधाज्ञाको आदेश जारी हुने ठहऱ्याई तत्कालीन पुनरावेदन अदालत राजविराजबाट मिति २०७०।०८।०९ मा भएको

फैसला मिलेकै देखिँदा सदर हुने । पुनरावेदकको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत : मनिता गुरुङ

कम्प्युटर : राधिका घोरासाइने

इति संवत् २०७८ साल वैशाख ८ गते रोज ४ शुभम् ।

**२९**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७२-CI-०९४१, उत्प्रेषणयुक्त परमादेश, श्री माध्यामिक विद्यालय, प्रेमपुर गोनाही, रौतहट वि. अरविन्दकुमार यादव*

मिति २०७१।०८।०६ मा अभिभावक, बुद्धिजिवी, शिक्षक तथा विद्यार्थीसमेतको भेलाबाट भएको उक्त निर्णय कानूनसम्मत् देखिन नआए तापनि प्रत्यर्थी निवेदक अरविन्दकुमार यादव श्री माध्यामिक विद्यालय, प्रेमपुर गोनाही रौतहटको प्रशासनिक काम गर्ने गरी नियुक्त खरिदार पदको अस्थायी कर्मचारी भएको र अस्थायी कर्मचारी नियुक्ति गर्ने निर्णय गर्दा तोकिएको सर्तबमोजिम निजको कामको मूल्याङ्कन गरी काम सन्तोषजनक भए ६।६ महिना अवधिको म्याद थप गर्नुपर्नेमा म्याद थप गरी, प्रक्रिया पुऱ्याएर मात्र सो पदमा यथावत कायम रहन पाउने, अन्यथा त्यस्तो पद स्वतः निष्क्रिय हुन जाने हुँदा निवेदकका हकमा विद्यालयबाट म्याद नै थप नभएको स्थितिमा निरन्तररूपमा सेवामा रहन पाउनुपर्छ भन्ने प्रत्यर्थीको रिट निवेदन दाबी न्यायोचित र युक्तिसङ्गत देखिएन । अतः विद्यालयको अस्थायी कर्मचारीलाई म्याद थप नगरिएको अवस्थामा पनि शिक्षा ऐन, नियमावली तथा परिपत्रबमोजिम पदबाट हटाउन नमिल्ने हुँदा सोही पदमा निरन्तरता हुनेगरी निवेदकलाई हाजिर गराउनु भनी परमादेश जारी गरेको तत्कालीन पुनरावेदन अदालत हेटौंडाको आदेश सदर हुनुपर्छ भनी प्रत्यर्थी रिट निवेदकका तर्फबाट उपस्थित हुनुभएका विद्वान् कानून व्यवसायीहरूले गर्नुभएको बहस जिकिरसँग सहमत हुन नसकिने ।

अस्थायी कर्मचारीको पद समयमा म्याद थप हुन नसकेमा स्वतः पदमुक्त हुने अवस्था रहेकोमा प्रत्यर्थीलाई उक्त पदमा म्याद थप गरिएको भन्ने मिसिलबाट नदेखिएको, विद्यालयको निजी स्रोतबाट तलब दिनुपर्ने गरी अस्थायी नियुक्ति पाएका प्रत्यर्थी उक्त पदबाट मिति २०७१।०८।०६ को निर्णयले पदमुक्त भएको लामो समयपश्चात् हाल आएर निजलाई साबिक पदमा हाजिर गराई कामकाजमा लगाउनु भनी परमादेशको आदेश जारी गर्न मिल्ने नदेखिँदा निवेदकलाई हाजिर गराई विद्यालयको कामकाजमा लगाउनु भनी परमादेशसमेत जारी हुने ठहऱ्याएको तत्कालीन पुनरावेदन अदालत हेटौंडाको मिति २०७२।०७।१८ को फैसला सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी हुने ।

इजलास अधिकृत (उपसचिव): कृतिबहादुर बस्नेत

कम्प्युटर: देबिमाया खतिवडा (देबिना)

इति संवत् २०७८ साल माघ २ गते रोज १ शुभम् ।

**३०**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७३-CR-१३०४, ०७४-CR-०१२३, जबरजस्ती करणी उद्योग, सर्वोच्च १ समेत वि. नेपाल सरकार, पुष्करसिंह कार्की वि. नेपाल सरकार*

कुकुरेगाड खोलामा रहेको घट्टमा पीडित A लाई प्रतिवादीमध्ये पुष्करसिंह कार्कीले हातपात, गाली गलौज तथा अपशब्द प्रयोग गरी लुगा च्याती जबरजस्ती करणी गर्न खोज्दा अन्य प्रतिवादीहरू घट्टबाहिर रहेकोमा पीडित A ले हारगुहार गरी प्रतिकार गर्दा घट्टबाहिर बसेका पीडितहरू B, D र प्रत्यक्षदर्शी रेखा कुँवर, मन्जिला कुँवर र कल्यानसिंह बडाल लगायतका व्यक्तिहरूको उपस्थितिले उक्त घटना घट्न नपाएको देखियो । त्यसैगरी प्रतिवादी पुष्करसिंह कार्की सोही मनसाय राखी पीडित C भएको घट्टमा प्रवेश गरी करणी गर्न खोजेकोमा पीडितको हो-हल्ला

सुनी उक्त स्थानबाट प्रतिवादी भागी गएको र हल्ला सुनी घट्टबाहिर रहेको पीडत A, B, D, रेखा कुँवर, मन्जिला कुँवर तथा कल्यानसिंह बडाललगायत गाउँलेहरूको उपस्थितिका कारण सो घटनाले पूर्णता नपाएको र पीडितहरू B र D लाई बाटोमा करणी गर्ने मनसायले प्रतिवादी पुष्करसिंह समाल तथा सर्वोच्च १ ले लछारपछार गरी लुगा च्यातेको अवस्थामा पीडितहरूको हारगुहार सुनी बसपाली गाउँको गाउँलेहरू, रेखा कुँवर र मन्जिला कुँवरको उपस्थितिका कारण उक्त घटना घट्न नपाएको देखियो । यसरी तीनैवटा वारदातस्थलमा करणी गर्ने मनसायसहित प्रतिवादीहरूले कोही बाहिर बसी सहायता गर्ने र अर्का प्रतिवादी घट्टभित्र प्रवेश गरी बत्ती निभाउने, करणीको लागि प्रस्ताव राख्ने, हातपात गर्ने, लछारपछार गर्ने, अपशब्द बोल्ने, चक्कु देखाई मारिदिने धम्की दिने, लुगा च्यात्ने, डोको फाल्नेलगायतका कार्यहरू गरेको र पीडितहरूको हारगुहार तथा प्रतिवादका कारण तेस्रो व्यक्तिको समयमा हस्तक्षेप नभएको भए उक्त कार्यले पूर्णता प्राप्त गर्न सक्ने अवस्था विद्यमान रहेबाट प्रतिवादीहरूको उक्त कार्य जबरजस्ती करणी गर्ने मनसायसहित गरेको कार्य भएको र त्यस्तो कार्य सफल हुन नसकी जबरजस्ती करणी गर्ने उद्देश्य पूरा हुन नसकेको देखिँदा उक्त कार्य जबरजस्ती करणीको उद्योग ठहर्ने।

प्रतिवादीहरूले सो वारदात घटित गराउने मनसायका साथ उक्त कार्य गरेका हुन् वा होइनन् भन्ने सम्बन्धमा विचार गर्दा, रातको समयमा हिकिला गा.वि.स. कुकुरेगाड खोलामा रहेको घट्टमा पीडित A लाई र सोही स्थानमा रहेको अर्को घट्टमा पीडित C लाई र पिपलचौरी ७ बसपाली स्थित खरफागलोको बाटोमा पीडित B र D लाई जबरजस्ती करणी गर्ने प्रयास गरेको देखिँदा निजहरू पीडितहरू योजनावद्ध तरिकाले वारदातमा सहभागी भई जबरजस्ती करणी गर्ने मनसायले पीडित A एक्लै घट्टमा भएको मौका पारी घट्टमा प्रवेश गरी, टर्च लाइटको उज्यालो बन्द गरी, अन्धकार बनाई घट्टबाहिर पहरा दिई, पीडितलाई करणी गर्न प्रस्ताव राखेकोमा निज इन्कार गरी प्रतिवाद गरेकोले पीडितको संवेदनशील अंगहरूमा छुने तथा लगाएको लुगासमेत च्यात्ने कार्य गरेकोमा हारगुहार तथा हो-हल्ला सुनी उक्त स्थानमा उपस्थित भएका अन्य व्यक्तिको कारण उक्त कार्य सफल हुन नपाएको देखिने।

रातको समयमा श्रृंखलावद्ध रूपमा महिला मात्र उपस्थित रहेको घट्टमा प्रवेश गरी लुगाहरू च्यात्ने, गाली गलौज गर्ने, चक्कु जस्तो धारिलो तथा जोखिमी हतियार देखाई डर त्रासमा पारी जबरजस्ती करणीको लागि धम्काउने, लछारपछार पर्ने तथा बाटोमा ढुकी पछि लागी एकान्तको मौका छोपी पीडितहरूलाई लछारपछार गरी, डोको फाल्ने र लगाएको लुगाहरू च्यात्ने र यी तीन वटै वारदातमा पीडितहरूले प्रतिकार गरेको तथा समयमा तेस्रो व्यक्तिहरूको उपस्थितिको कारण उक्त घटना घट्न नपाएको र प्रतिवादीहरू सो वारदातपछि फरार रहेको र अदालतमा हाजिर भई मौकामा आफ्नो प्रतिवाद स्थापना गर्न असफल भएको देखिन्छ । यसरी उल्लिखित सम्पूर्ण क्रिया तथा घटनाबाट प्रतिवादीहरूको उक्त कार्य जबरजस्ती करणीको मनसाय भन्दा अन्य थियो भन्ने प्रमाणित हुन नसकेबाट उक्त कार्य जबरजस्ती करणी गर्ने मनसायले नै घटित भएको देखिने।

किटानी जाहेरी, पीडितहरूले अनुसन्धान अधिकारीसमक्ष गरेको बयान, प्रत्यक्षदर्शीहरूले गरिदिएको घटना विवरण कागज, वारदातस्थलमा उपस्थित व्यक्तिहरूले गरिदिएको बकपत्र एवम् प्रतिवादीहरूले श्रृंखलाबद्ध रूपमा घटित गरेको कार्य तथा वारदातस्थल, समय र परिस्थितिसमेतका आधार कारणबाट प्रतिवादीहरू सर्वोच्च १, मानसिंह बडाल र पुष्करसिंह कार्कीले पीडित A, B, C, र D एकै दिन फरक फरक वारदातस्थलमा जबरजस्ती

करणीको उद्योग गरेको तथ्य प्रमाणित हुन आएकाले निज प्रतिवादीहरूलाई उपर्युक्तानुसारको कानूनी व्यवस्था बमोजिम साबिकको मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. विपरीतको कार्यमा सोहीको ५ नं बमोजिमको कसुर अपराधमा उक्त महलको ३(२) नं. बमोजिम जनही ४ वर्ष कैद गर्ने र प्रतिवादी मध्येका सर्वोच्च १ लाई बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) अहो-हल्लानुसार ४ वर्षको आधा २ वर्ष कैद सजाय हुने गरी उच्च अदालत दिपायल, महेन्द्रनगर इजलासबाट मिति २०७३।७।९ मा भएको को फैसला मिलेकै देखिँदा सदर हुने।

प्रतिवादी पुष्करसिंह कार्कीको हकमा निजलाई यसै लगाउको ०७४-CR- ०२३९ को मुद्दामा २ वर्ष ६ महिना र ०७४-CR-०२४० को मुद्दामा ३ वर्ष कैद हुने ठहराएको देखिँदा एकै दिनको फरक फरक वारदातमा निजलाई साबिक मुलुकी ऐन, दण्ड सजायको ४१ नं. बमोजिम उपल्लो हदको कैद सजाय मात्र हुने भएकाले सोबमोजिम निजलाई ४ वर्ष कैद ठेकी असुलउपर गर्ने गरी भएको उच्च अदालत दिपायल, महेन्द्रनगर इजलासको मिति २०७३।७।९ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: पुजा खत्री

कम्प्युटर: देबिमाया खतिवडा (देबिना)

इति संवत् २०७८ साल पौष ९ गते रोज ६ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०७३-CR-१४७८, ०७४-CR-०२३९, जबरजस्ती करणी उद्योग, सर्वोच्च १ वि. नेपाल सरकार, पुष्करसिंह कार्की वि. नेपाल सरकार
- ०७३-CR-१४७७, ०७४-CR-०२४०, जबरजस्ती करणी उद्योग, सर्वोच्च १ वि. नेपाल सरकार, पुष्करसिंह कार्की वि. नेपाल सरकार

३१

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.डा.श्री कुमार चुडाल,** *०७४-CR-०८९०, भ्रष्टाचार (नक्कली प्रमाणपत्र), मुकुन्दप्रसाद खरेल वि. नेपाल सरकार*

प्रतिवादीले पेस गरेको सन् १९८७ को एल.एन. मिथिला विश्वविद्यालय, दरभंगामार्फत बिहार इन्टरमिडिएट शिक्षा परिषद्, पटनाबाट रोल नं. १०२३१ को अन्तरस्नातक वाणिज्य (आई.कम.) को शैक्षिक प्रमाणपत्रको कुनै अभिलेख नभेटिई झुट्टा एवम् नक्कली रहेकोले निजले भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ को कसुर गरेको देखिन्छ। उक्त झुट्टा एवम् नक्कली प्रमाणपत्र सम्भवतः लाभ लिने उद्देश्य अन्तरनिहित हुने भएकोले त्यस्ता प्रमाणपत्रहरू पेस गर्नु आफैमा अपराधजन्य कार्य भएको अवस्थामा निजलाई नक्कली प्रमाणपत्र पेस गरी भ्रष्टाचार गरेको कसुरमा जरिवाना हुने ठहऱ्याई विशेष अदालतबाट भएको फैसलालाई अन्यथा भन्न मिल्ने नदेखिने।

पुनरावेदक प्रतिवादी मुकुन्द प्रसाद खरेलले नक्कली शैक्षिक योग्यताको प्रमाणपत्र पेस गरी भ्रष्टाचारको कसुर गरेको हुनाले निजलाई भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र दफा २९(२) बमोजिम रू. ५००।- जरिवाना हुने गरी विशेष अदालतबाट मिति २०७४।०२।२६ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : मनिता गुरूङ

कम्प्युटर: देबिमाया खतिवडा (देबिना)

इति संवत् २०७८ साल पौष १३ गते रोज ३ शुभम्।

## इजलास नं. ५

३२

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या. श्री सपना प्रधान मल्ल,** *०७७-WH-०१५२, बन्दीप्रत्यक्षीकरण, संजिव नेपालीको हकमा विशाल*

*नेपाली वि. महानगरीय प्रहरी परिसर, भक्तपुरसमेत*

निवेदकलाई भक्तपुर प्रहरीले पक्राउ गर्दा जरूरी पक्राउ पुर्जी जारी गरी पक्राउ गरिएको भनेकोमा के कस्तो जरूरी अवस्था परी जरूरी पक्राउ पुर्जी जारी गरिएको हो भन्ने चित्तबुझ्दो कारण खुलाइएको देखिँदैन । कसुर गर्ने व्यक्ति तत्काल पक्राउ नभएमा भाग्ने, उम्कने वा निजले प्रमाण, दशी वा सबुद नष्ट गर्ने मनासिब कारण भएमा जरूरी पक्राउ पुर्जी जारी गर्न सकिने प्रावधान मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९(६) ले गरेको छ। विशेष अवस्थामा प्रयोग गर्न सकिने प्रावधानलाई दुरूपयोग गरी प्रयोग गर्न मिल्दैन। यस अवस्थामा विपक्षी महानगरीय प्रहरी परिसरबाट कानूनी अख्तियारीको दुरूपयोग गरी जरूरी पक्राउ पुर्जी जारी गरेको पाइयो। निवेदकलाई एउटा जिल्लामा पक्राउ गर्ने, मुद्दा चलाउने र त्यस मुद्दामा छुटेपछि थुनामुक्त नगरी पुनः पक्राउ गरी अर्को जिल्लामा पुऱ्याउने र थुनामा नै निरन्तर राख्ने गरेको देखियो । यसरी हेर्दा निवेदकलाई अनुचित र प्रवृत्त धारणा राखी कानूनी अख्तियारीको दुरूपयोग गरी थुनामा राखिएको देखिएको।

अत: निवेदक संजिव नेपाली भएको ०७७-WH-०१३० को निवेदनमा यस अदालतबाट मिति २०७७।८।२८ गते बन्दीप्रत्यक्षीकरणको आदेश जारी भएकोमा निवेदकलाई पुन: अभद्र व्यवहारको आरोपमा पक्राउ गरी निरन्तर थुनामा राखिएको देखिएको छ। निवेदकलाई प्रवृत्त धारणा राखी निरन्तर थुनामा राखेको देखिँदा निज निवेदक संजिव नेपालीलाई यस अदालतका रजिष्ट्रारका रोहबरमा तत्काल थुनामुक्त गर्नु भनी नेपालको संविधानको धारा १३३(२),(३) तथा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३७ बमोजिम यो बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिएको।

इजलास अधिकृतः- रूद्रप्रसाद अर्याल

इति संवत् २०७७ साल पौष ८ गते रोज ४ शुभम् ।

यसै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०७७-WH-०१५३, बन्दीप्रत्यक्षीकरण, लोकेन्द्र दर्नालको हकमा तारा नेपाली वि. महानगरीय प्रहरी परिसर, भक्तपुरसमेत
- ०७७-WH-०१५४, बन्दीप्रत्यक्षीकरण, सविता अधिकारी रेग्मीको हकमा मनिषराज अधिकारी वि. महानगरीय प्रहरी वृत्त, बालाजुसमेत

३३

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री तेजबहादुर के.सी,** *०६९-CI-१२३८, घर टहरा भत्काई पाऊँ, प्यारू शाह वि. मनकामना डेभलपर्स प्रा. लि., ज्ञानेश्वर, काठमाडौं*

यस अदालतमा पुनरावेदनपत्र दर्ता भएपश्चात् वादी प्रतिवादीहरूका बिचमा एक-आपसका कित्ता जग्गाहरू प्लट मिलान गरी सुक्री-बिक्री गर्न दुवै पक्षका बिचमा सहमति कायम गरेको, १०४९घ र ११९०घ मिति २०७४/३/२७ को राजीनामाको लिखतबाट खिचोला भएको भनिएको जग्गा सुक्री-बिक्री गरी प्लट मिलान गरिसकेकोले अब यस मुद्धाको औचित्य नै समाप्त भइसकेको भनी आवश्यक कागजातहरूको प्रतिलिपि संलग्न राखी प्रत्यर्थी वादीको तर्फबाट मिति २०७७/९/३ मा परेको निवेदन मिसिल सामेल रहेको पाइयो । पुनरावेदक पक्षले मिति २०७५/६/१ देखि तारेख गुजारी बसेको समेत देखिन्छ । मुद्दामा पैरवी गर्न छाडेर पुनरावेदक बसेकोबाट व्यवहार मिलिसकेको भनी निवेदनमा उल्लेख गरेको तथ्य समर्थित भएको देखिन्छ । तसर्थ यसमा विवादको तथ्यमा थप प्रवेश गरी हेर्नुपर्ने प्रयोजन देखिँदैन। अतः पुनरावेदन अदालत पाटनको मिति २०६९/१०/१५ को फैसलामा कुनै कानूनी त्रुटि नदेखिई मनासिब देखिँदा सदर हुने।

इजलास अधिकृत: मुकुन्द निरौला

इति संवत् २०७७ साल पौष १३ गते रोज २ शुभम्।

३४

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** *०७२-CR-०७७०, वैदेशिक रोजगार कसुर, नेपाल सरकार वि. रामप्रसाद सुवाल*

प्रतिवादीले गरेको प्रमाणमा पेस भएको लिखत कागजमा "वैदेशिक रोजगारका लागि पठाउने" भन्ने कुरा उल्लेख भएको देखिँदैन । व्यवहार चलाउन रकम लिएको भनी प्रतिवादीले लिएको जिकिर अन्यथा हो भनी मान्न सकिने कुनै उचित कारण र आधार खुल्न आएको पाइएन । यस अवस्थामा वैदेशिक रोजगारीमा नै पठाउन रकम लिएको होला भनी अनुमान गरी प्रतिवादीलाई सजाय गर्नु न्यायोचित नहुने ।

अतः जाहेरवाला श्रीराम गिरीबाट प्रत्यर्थी प्रतिवादी रामप्रसाद सुवालले अमेरिकामा वैदेशिक रोजगारका लागि पठाउन नै रकम लिएको तथ्य प्रमाणित हुन आएको देखिएन । निजहरूबिच लेनदेन व्यवहारसम्म भएको देखिन्छ । तसर्थ, अभियोग दाबी ठहर नहुने, प्रतिवादी रामप्रसाद सुवालले आरोपित कसुरको अभियोग दाबीबाट सफाइ पाउने ठहर गरेको वैदेशिक रोजगार न्यायाधिकरण, काठमाडौंको मिति २०७२/३/१ को फैसला मनासिब देखिँदा सदर हुने ।वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: मोहनप्रसाद वेल्बासे

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७७ साल माघ ५ गते रोज २ शुभम् ।

३५

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** *०७३-CR-०८२८, ठगी, महेन्द्रकुमार बम्जन वि. नेपाल सरकार*

प्रतिवादी महेन्द्रकुमार बम्जन २/३ महिनाका लागि सहकारी अध्यक्ष भएको देखिन्छ । निजले आर्थिक कारोवार गरी रकम हिनामिना गरेको तथ्य कुनै प्रमाणबाट समर्थित हुन आएको देखिएन । निजले सहकारीको सदस्यता लिएको समेत केही समय अगाडि मात्र लिएको देखिन्छ । अन्य सञ्चालकहरूबाट भएको कार्य र गरिएको रकम हिनामिनाबापत केवल केही अवधि संस्थाको अध्यक्ष भएकोसम्मको कारणबाट निज महेन्द्रकुमार बम्जनलाई दोषी ठहर गर्न मिल्ने देखिँदैन । वादी पक्षले निज प्रतिवादी उपरको अभियोग दाबी प्रमाणित गर्न सकेको पाइएन । केवल संस्थाको केही समय अध्यक्ष भएको भन्ने आधारमा नै निजलाई कसुरदार ठहर गर्नु न्यायोचित नहुने ।

अतः पुनरावेदक प्रतिवादी महेन्द्रकुमार बम्जनले जाहेरवाला निक्षेपकर्ताहरूबाट रकम लिएको र ठगी गरेको तथ्य प्रमाणबाट पुष्टि हुन नआएको अवस्थामा बोर्डिङ स्कुलका प्रिन्सिपल तथा कानून व्यवसायीको रूपमा रहेका निज महेन्द्रकुमार बम्जनलाई केवल शंकाको भरमा दोषी ठहर गर्न मिल्ने नदेखिएको हुँदा निजलाई कसुरदार ठहर गरेको सुरू काठमाडौं जिल्ला अदालतको फैसला र पुनरावेदन अदालत पाटनको मिति २०७२/११/१८ को फैसला निजको हकमा सम्म उल्टी भई प्रतिवादी महेन्द्रकुमार बम्जनले आरोपित कसुरको अभियोग दाबीबाट सफाइ पाउने ।

इजलास अधिकृत: मोहनप्रसाद बेल्वासे

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७७ साल माघ ०५ गते रोज २ शुभम् ।

३६

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या. श्री पुरूषोत्तम भण्डारी,** *०७७-WH-००९३, बन्दीप्रत्यक्षीकरण, बद्रीकुमार खत्री वि. कारागार व्यवस्थापन विभागसमेत*

निवेदक बद्रीकुमार खत्रीको उमेर के कति भएको हो? निज ज्येष्ठ नागरिकको परिभाषाभित्रको व्यक्ति हुन् वा होइनन् ? निजको उमेर यकिन गर्नुपर्ने भए गरी निज ज्येष्ठ नागरिक भन्ने देखिएमा ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ को दफा १२ बमोजिम

के कति प्रतिशत कैद छुट पाउने हो ? यो आदेशको जनाउ पाएको मितिले ७(सात) दिनभित्र निर्णय गर्नु भनी निवेदक उपर चलेको अपहरणसम्बन्धी मुद्दा हेर्ने काठमाडौं जिल्ला अदालतका नाउँमा नेपालको संविधानको धारा १३३(३) बमोजिम यो "उपयुक्त आदेश" जारी गरिएको छ। अदालतको अन्तिम भएर बसेको फैसला अनुसार निवेदक कैदमा रहेको र तोकिएको कैद अवधि भुक्तान हुन बाँकी नै रहेको देखिँदा निजलाई गैरकानूनी रूपमा बन्दी बनाएको भनी मान्न मिलेन। उपर्युक्त आदेशको परिणामस्वरूप निवेदकले कानूनी उपचार प्राप्त गर्ने भएको समेत देखिँदा अहिले बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिरहन नपर्ने।

इजलास अधिकृत वीरेन्द्रबहादुर मल्ल

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७७ साल पुस २० गते रोज २ शुभम्।

३७

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री पुरुषोत्तम भण्डारी,** *०७७-RC-००५५, कर्तव्य ज्यान, नेपाल सरकार वि. दिलबहादुर थापा*

प्रतिवादीले ज्यानै लिने मनसायबाट रातिको समयमा आफ्नो साथमा खुकुरी जस्तो घातक हतियार बोकेर एकान्त स्थानमा पुऱ्याई प्रहार गरी काटी मारेको र मारिसकेपछि भिरबाट खसाली दिएकासमेतका प्रमाणहरूबाट मार्ने नियतबाट पूर्वतयारी गरी वारदात गरेको देखिन आयो। प्रतिवादी कसुरमा साबिती रहेको देखिन्छ । निजको उक्त साबिती स्वइच्छाविपरीत भएको भन्नेसमेत देखिँदैन भने निजले अरू कसैलाई बचाउन अरू कसैको स्वार्थ पूर्ति गरिदिन आफूले आर्थिक प्रलोभनमा परी साबिती भएको नभई घटनाको यथार्थ विवरणअनुसार घटनाक्रमलाई क्रमबद्ध रूपले मेल खाने गरी स्वीकार गरेको र निजको स्वीकारोक्तिलाई मिसिल संलग्न तथ्यगत प्रमाणहरूबाट समेत समर्थित हुन आएको देखिँदा निजको स्वीकारोक्तिलाई अन्यथा भन्न नमिल्ने।

तसर्थ: प्रतिवादी दिलबहादुर थापाले आफ्नै भाई मृतक खुमबहादुर थापाउपर कर्तव्य ज्यानको कसुर गरेको पुष्टि हुन आएकाले निजलाई ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहऱ्याएको रोल्पा जिल्ला अदालतको मिति २०६६।०३।१५ को फैसला सो हदसम्म केही उल्टी भई जन्म कैद हुने ठहरेको उच्च अदालत तुलसीपुरको मिति २०७७।०४।१९ को फैसला मिलेकै देखिँदा साधक सदर हुने।

इजलास अधिकृत: शैलेन्द्र खड्का

कम्प्युटर:- मन्दिरा रानाभाट

इति संवत् २०७७ साल फाल्गुण १३ गते रोज ५ शुभम्।

३८

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री कुमार रेग्मी,** *०७६-WO-०२२४, उत्प्रेषण, रोहितकुमार रौनियार वि. त्रिभुवन विश्वविद्यालय, इन्जिनियरिङ अध्ययन संस्थान, डिनको कार्यालय, ललितपुरसमेत*

नेपालको संविधान तथा प्रचलित नागरिकतासम्बन्धी कानूनका आधारमा नेपाली नागरिकताको प्रमाणपत्र पाउन योग्य व्यक्तिले सो प्रमाणपत्र पाउनु निजको अधिकारको विषय बन्दछ। यो पहिचान तथा राष्ट्रियतासम्बन्धी अधिकार पनि हो । यस प्रकारको अधिकारबाट स्वेच्छाचारी रूपमा बञ्चित गर्दा व्यक्तिको शिक्षा, रोजगारीलगायत अन्य नागरिक हक अधिकारको उपभोग गर्ने कुरामा अनुचित अवरोध पैदा हुन जान्छ। यस अवस्थालाई मनासिब र स्वीकार्य विषय मान्न नमिल्ने।

अतः निवेदक रोहितकुमार रौनियारका बाबु-आमाको नेपाली नागरिकताको प्रमाणपत्र तथा निज रोहित कुमारको जन्मदर्तालगायतका जे जो प्रमाण बुझ्नुपर्छ बुझी, आवश्यक कानूनी प्रक्रिया पूरा गरी निज निवेदक रोहित कुमार रौनियारलाई नेपाली नागरिकताको प्रमाणपत्र प्रदान गर्नु, गराउनु भनी प्रत्यर्थी जिल्ला प्रशासन कार्यालय, बाराका

नाममा परमादेश जारी हुने । साथै, निवेदकले तत्काल नेपाली नागरिकताको प्रमाणपत्र पेस गर्न नसकेको कारणबाट निजलाई कुनै शैक्षिक कार्यक्रममा भर्ना हुन, पठनपाठन गर्न तथा परीक्षामा सामेल हुनलगायतका शैक्षिक गतिविधिमा नियमित रूपमा संलग्न हुन दिनबाट बञ्चित नगर्नु, नगराउनु, शैक्षिक गतिविधिमा नियमित रूपमा सामेल हुन दिनु भनी प्रत्यर्थी त्रिभुवन विश्वविद्यालय, इन्जिनियरिङ अध्ययन संस्थानका नाममा समेत परमादेश जारी हुने ।

इजलास अधिकृत: मुकुन्द निरौला

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७७ साल पुस १४ गते रोज ३ शुभम् ।

**३९**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** *०७५-CI-०९६८, निषेधाज्ञा, रामचन्द्र दास वि. महेन्द्र दास*

निवेदकले दाबी लिएको गाउँ ब्लक नं. २३७ को ज.वि. ०-३-१७ मध्येको बिचबाट ०-०-७ जग्गा निवेदकले लिलाम सकार गरी लिएको हो भन्ने कुरामा विवाद देखिएन । पुनरावेदकले लिखित जवाफ फिराउँदा आफूले सीमाङ्कन गरी घर बनाउनुपर्नेमा सीमाङ्कन नगरी घर बनाएको भन्ने कुरा स्वीकारै गरेको पाइयो । कानूनबमोजिम लिलाम सकार गरी लिएको जग्गा निवेदकको हक पुग्ने हकभोगको नै देखिँदा निवेदकको सम्पत्तिमा हस्तक्षेप नगर्नु भनी विपक्षीका नाममा जारी आदेश अन्यथा नदेखिने ।

तसर्थ, निवेदकले दाबी गरेको गाउँ ब्लक नं. २३७ भित्रको ज.वि. ०-३-१७ मध्ये बिचतर्फबाट ०-०-७ जग्गा निवेदकले लिलाम सकार गरी स्वामित्व प्राप्त गरेको निजी सम्पत्ति भएकोमा विवाद नभएको र पछि नापी, सीमाङ्कन हुँदाका बखत ठहरेबमोजिम हुने नै हुँदा सो जग्गामा कानूनबमोजिम बाहेक कुनै किसिमको हस्तक्षेप नगर्नु, नगराउनु भनी विपक्षीका नाउँमा उच्च अदालत जनकपुर राजविराज इजलासबाट मिति २०७५।२।२७ मा जारी निषेधाज्ञाको आदेश मनासिब नै देखिँदा सदर हुने ।

इजलास अधिकृत: रूद्रप्रसाद अर्याल

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७७ साल पुस १० गते रोज ६ शुभम् ।

**४०**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** *०७६-CI-०६१३, निषेधाज्ञा, पुरूषोत्तम सापकोटा वि. शान्ति नेपालसमेत*

विपक्षीले नगरपालिकाको मापदण्डविपरीत घर निर्माण गरेको हो, होइन भन्ने विषयको सुनुवाइ गर्ने क्षेत्राधिकार गोकर्णेश्वर नगरपालिकामा नै रहेको देखिन्छ । निवेदकले सो विषयमा गोकर्णेश्वर नगरपालिकामा मिति २०७५/१२/१५ मा निवेदन दिई सो उपचार अवलम्बन गरिसकेको र मिति २०७७/०४/२२ मा सो निवेदनउपर निर्णयसमेत भइसकेको देखिन्छ । यसबाट निवेदन मागदाबीबमोजिमको आदेश जारी गर्नुपर्ने नदेखिने ।

अतः प्रस्तुत मुद्दामा उठाइएका विषयवस्तु अर्थात् निवेदकको नाममा रहेका जग्गामा विपक्षीले नगरपालिकाको मापदण्डविपरीत घर निर्माण प्रक्रिया अगाडि बढाएको कार्य कानूनसङ्गत छ वा छैन ? भन्ने विवादमा गोकर्णेश्वर नगरपालिकामा निवेदकको निवेदन परी प्रस्तुत विवादको विषयमा सोही निवेदनमा टुङ्गो लागि सकेकोले निवेदन मागबमोजिमको निषेधाज्ञाको आदेश जारी नगर्ने गरी गरेको उच्च अदालत पाटनको मिति २०७६।०७।२० को आदेश कानूनसङ्गत नै देखिँदा सदर हुने ।

इजलास अधिकृत: ओजा लामिछाने

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७७ साल पुस १० गते रोज ६ शुभम् ।

**४१**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** *०७६-CR-१५६३, अदालतको*

*अवहेलना, पुरूषोत्तम सापकोटा वि. रामबहादुर श्रेष्ठसमेत*

विपक्षीहरूले अदालतको आदेशलाई सर्वथा अवज्ञा गरेको नभई आफ्नो जग्गामा घर निर्माण मापदण्ड अनुसार नै गरेको देखिन्छ । अदालतको आदेशानुसार भएका सकारात्मक पक्षहरूलाई पनि मूल्याङ्कन गर्नुपर्ने हुन्छ। विपक्षीका तर्फबाट परेको लिखित जवाफमा सम्मानित अदालतको उच्च सम्मान गर्ने प्रणसमेत व्यक्त गरेको, जीवनभर अदालतबाट भएको आदेशको उच्च सम्मान गर्ने गरेको र गरिरहने बाचासमेत व्यक्त गरेको, मान सम्मान गरी आएको र अदालतको आदेशको बर्खिलाप र अवज्ञा गर्ने कार्य कल्पना बाहिरको कुरा भएको हुँदा अदालतको आदेशको अवज्ञा नगरेको र भविष्यमा पनि नगर्ने प्रण गरी समेत सम्मानित अदालतसमक्ष १० औंला जोडी बिन्ती समेत गर्दछु भन्ने उल्लेख भएको देखिएको र विपक्षीहरूले अदालतको फैसला र आदेशको उपेक्षा गर्ने मनसाय राखेको भन्ने नदेखिएको अवस्थामा अवहेलनामा कारबाही हुनुपर्छ भन्ने पुनरावेदन जिकिर स्वीकारयोग्य नदेखिने।

अतः प्रस्तुत मुद्दामा उठाइएका विषयवस्तु अर्थात् निवेदकको नाममा रहेका जग्गामा विपक्षीले नगरपालिकाको मापदण्डविपरीत घर निर्माण प्रक्रिया अगाडि बढाएको कार्य कानूनसङ्गत छ वा छैन ? भन्ने विवादमा गोकर्णेश्वर नगरपालिकामा निवेदकको निवेदन परी प्रस्तुत विवादको विषयमा सोही निवेदनमा टुङ्गो लागिसकेकोले निवेदन मागबमोजिमको अदालतको अवहेलनाको आदेश जारी नगर्ने गरी गरेको उच्च अदालत पाटनको मिति २०७६।०७।२० को आदेश कानूनसङ्गत नै देखिँदा सदर हुने।

इजलास अधिकृत: ओजा लामिछाने

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७७ साल पुस १० गते रोज ६ शुभम्।

४२

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री नहकुल सुवेदी,** *०७६-CR-१६७६, जबरजस्ती करणी, नेपाल सरकार वि. दिर्घराज पार्की*

पीडितको शारीरिक परीक्षण प्रतिवेदनमा hymen ruptured देखिएको भन्ने प्रश्न छ, पीडितको शारीरिक परीक्षण गर्ने चिकित्सक डा. राधिका गिरीले अदालतमा उपस्थित भई बकपत्र गर्दा खेलकुद, व्यायाम, योगा गर्दा पनि hymen ruptured हुनसक्छ, पीडित कञ्चनपुर ७५J कुमारीको hymen ruptured यसै कारणले भएको हो भनी भन्न नसकिने भनी बकपत्र गरेको देखिएको र पीडितको बकपत्रबाट निजले मैले सानैदेखि साइकल चलाएकी भन्नेसमेत देखिन आएको अवस्थामा निजले गरेको साइकल चलाउने कार्य वा अन्य शारीरिक व्यायाम कसरतबाट पनि hymen ruptured हुनसक्ने देखिएकोबाट प्रतिवादीको जबरजस्ती करणीकै कारण पीडितको hymen ruptured भएको भनी निष्कर्षमा पुग्न मिल्ने देखिएन । मिसिल प्रमाणबाट जबरजस्ती करणीको वारदात स्थापित हुन नसकेको स्थितिमा केवल पीडितको शारीरिक जाँचबाट योनिको झिल्ली फाटेको देखिनु मात्र जबरजस्ती करणीको कसुर ठहर हुन पर्याप्त हुँदैन। चिकित्सकीय परीक्षणबाट hymen ruptured देखिएको र पीडित नाबालिका भएको भन्ने आधारमा प्रत्यर्थी झिकाउने गरी यस अदालतबाट मिति २०७८।३।९ मा भएको आदेशसँग सहमत हुन नसकिने।

कसुरमा इन्कार रही गरेको प्रतिवादीको अदालतमा भएको बयान, जाहेरी दरखास्त खण्डित हुने गरी भएको जाहेरवाला कञ्चनपुर ७५J कुमारीको अदालतको बकपत्र, प्रतिवादीले जबरजस्ती करणी गरेको होइन भनी पीडितले गरेको बकपत्र, मौकामा कागज गर्ने मानिसहरूको अदालतमा भएको बकपत्र

तथा hymen ruptured विविध कारणले हुन सक्ने भन्ने चिकित्सकको बकपत्रसमेतबाट प्रतिवादी दीर्घराज पार्कीले कञ्चनपुर ७५J कुमारीलाई जबरजस्ती करणी गरेको भन्ने पुष्टि हुन नआएकोले प्रतिवादीलाई आरोपित कसुरबाट सफाइ दिने ठहऱ्याई उच्च अदालत दिपायल, महेन्द्रनगर इजलासबाट भएको मिति २०७६।५।२२ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: रूद्रप्रसाद अर्याल

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७९ साल भदौ १० गते रोज ६ शुभम्।

## इजलास नं.६

### ४३

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री अनिलकुमार सिन्हा**, *०७२-CR-२०१४, ०७२-CR-२०२३, ०७२-CR-२०२४, मानव बेचबिखन तथा ओसारपसार, नेपाल सरकार वि. विष्णु गिरी भन्ने विष्णु सुनार पासवानसमेत, संगीता परियार वि. नेपाल सरकार, विष्णु सुनार पासवान वि. सुदन पासवन*

आफूहरूलाई प्रतिवादीहरूले ५०/६० हजारमा देवकीलाल साहलाई बिक्री गरेको भनी जाहेरी दिएको भए पनि दिनको समयमा आर्केष्ट्रामा नाच्ने र रातिको समयमा यौन शोषण गरेको भनी जाहरेवालाहरू स्वयम्को कथन रहेको पाइन्छ। केही समय प्रतिवादीहरू र जाहेरवालाहरूसँगै बसेको र जाहेरवालाहरू कहिले काहीँ नेपाल आउने जाने गरेको भन्नेसमेत देखिन्छ। जाहेरवालाहरूलाई किन्ने मानिस भनिएका देवकीलाल साह मुद्दामा फरार रहेको अवस्था छ। खरिद बिक्री पुष्टि हुने वस्तुनिष्ठ आधार प्रमाण मिसिलबाट देखिएको अवस्था छैन। यस अवस्थामा जाहेरवालीहरूलाई किन्ने बेच्ने उद्देश्यले भारतमा लगी ओसारपसारको कसुर गरेको भन्ने नदेखिएकोले ऐ.ऐनको दफा १५(१)(क) को अभियोग पुष्टि नभएको अवस्थामा मानव बेचबिखनतर्फको अभियोग दाबी पुग्न नसक्ने ठहर गरेको हदसम्म पुनरावेदन अदालत पोखराको फैसला मिलेकै देखिँदा सदर हुने।

प्रतिवादीहरूले नेपाली सोझा सिधा केटीहरूलाईं राम्रो काममा लगाइ दिने बहाना पारेर ललाई फकाई प्रलोभनमा पारी भारतमा लगेर जबरजस्ती नाच्न लगाई यौन शोषणसमेत गर्ने गरेका हुन् भन्ने जाहेरवालीहरूको जाहेरी दरखास्त देखिन्छ। प्रतिवादीमध्येकै संगिता परियारले पनि आफू पहिलो चोटी २०६९ साल श्रावण महिनामा देवकीलालको आर्केष्ट्रामा काम गर्न गएको र साहु देवकीलालले आफूलाई नराम्रो काम गरे पछि भागेर नेपाल आएको थिए भनी सुरू अदालतमा बयान गरेको र तत्पश्चात् पनि आफू सोही स्थानमा गई यी जाहेरवालाहरूलाई समेत प्रलोभनमा पारी लगेको देखिएबाट प्रतिवादीहरूले जाहेरवालीहरूलाई असल नियतले विदेश लगेको नदेखिने।

जाहेरवालाहरूलाई सजाय गर्ने गरी भएको फैसलाको सन्दर्भमा हेर्दा, यी जाहेरवालीहरूको आर्थिक अवस्था दयनीय भएको कारण आर्केष्ट्रामा काम गर्न गएका बखत निजहरूले विभिन्न दुःख पीडा भोग्नुपरेको भन्ने देखिन्छ। निजहरूको जाहेरी दरखास्तबाटै मुद्दाको अनुन्धान तहकिकात भई प्रतिवादीहरूलाई सजायसमेत भएको अवस्था छ। हाम्रो कानूनी व्यवस्थामा साक्षी संरक्षणको प्रभावकारी व्यवस्था नभएको र यी जाहेरवालाहरूको आर्थिक अवस्था तथा चेतनाको स्तरसमेत समुन्नत नभएको परिप्रेक्ष्यमा अदालतमा बयान फेरेको आधारमा जाहेरवालाहरूलाई हर अवस्थामा सजाय गर्दै जाने हो भने डर त्रासका कारण भविष्यमा अपराधको सूचना नै प्राप्त हुन नसकी अपराधीले उन्मुक्ति पाउन सक्ने कुरालाई समेत नजरअन्दाज गर्न सकिँदैन। यी जाहेरवालाकै कारणबाट प्रतिवादीहरूलाई उपर्युक्तबमोजिम सजाय

भएको अवस्थामा यी जाहेरवालाहरू र प्रतिवादीहरू एकै साथ काम गर्ने र कार्यस्थलमा जाहेरवालाहरूले भोग्नुपरेको पीडा सहन गर्न नसकी निजहरू भागी आएको अवस्थामा जाहेरवालाहरूलाई निजहरूले अदालतमा बयान फेरेकै कारणबाट सजाय गर्दा पीडितहरूलाई दोहोरो पीडा भोग्नुपर्ने अवस्था आउने हुँदा निज जाहेरवालाहरूलाई लागेको जनही १ वर्ष कैदको लगतसमेत कट्टा हुने।

इजलास अधिकृत: लालबहादुर कार्की

कम्प्युटर: पद्मा आचार्य

इति संवत् २०७७ साल चैत्र ९ गते रोज २ शुभम्।

४४

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७६-WO-०१०७, उत्प्रेषणयुक्त परमादेश, मोहन थापा वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत*

जिल्ला काठमाडौं चपली भद्रकाली गा.वि.स. वडा नं. ६ख कि.नं.६ क्षेत्रफल १-१०-१-० जग्गा हेराकाजी सिखाकारको नाममा नाप नक्सा भई निजकै नाममा अप्रमाणित स्रेस्ता कायम रहेकोमा विर्तावालाले कानूनको म्यादभित्र रैकर परिणत नगरेको भनी निवेदकको पिता ताराबहादुर थापाले मिति २०५३/०१/३० मा रैकर परिणतको लागि निवेदन दिई निजको नाममा मिति २०५६/०६/१४ मा रै.प. दर्ता भएको र सोही जग्गा निवेदकको पिता ताराबहादुर थापाले मिति २०५५/१२/२५ मा निवेदक मोहन थापाको नाममा हालैको बकसपत्र गरेको कुरा निवेदनमा उल्लेख छ । उक्त जग्गामा हाल निवेदकले घरसमेत बनाई उपभोग गरिरहेको भन्ने जिकिर लिएको पनि पाइन्छ। मालपोत कार्यालय, डिल्लीबजार, काठमाडौंका कर्मचारीहरूले मिलेमतो गरी मुलुकी ऐन, अपुतालीको महलबमोजिम नेपाल सरकारको नाममा कायम हुनुपर्ने जग्गा अनियमित रूपमा व्यक्तिका नाममा दर्ता गराए भन्नेसमेत बेहोराको उजुरीको सम्बन्धमा अनुसन्धान भई मिति २०४२/०५/०8 मा हेराकाजी सिखाकारको मृत्यु भई निजको हक खाने कोही नभएको हुँदा निजका नामका सबै जग्गाहरू साबिक मुलुकी ऐन, अपुतालीको १७ नं. बमोजिम नेपाल सरकारको नाममा कायम गर्ने भनी अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट मिति २०६४/११/०९ मा निर्णय भएको र सो निर्णय कार्यान्वयन नभएको भनी पुन: मिति २०७५/०४/18 मा समेत निर्णय गर्दै सो निर्णय कार्यान्वयन गर्न मालपोत कार्यालयलाई लेखी पठाएको देखिन्छ। तत्पश्चात् उक्त निर्णयबमोजिमको बेहोरासहित सो जग्गामा कतातिर कसरी आधा कहाँ गर्नुपर्ने हो भनी लिखित रूपमा पेस गर्न भनी मालपोत कार्यालय चाबहिलले निवेदकलाई मिति २०७६/०४/१२ मा पठाएको पत्र निवेदकले मिति २०७६/०४/१५ मा प्राप्त गरेको अवस्था छ । यसरी हेराकाजी सिखाकारको नाममा नाप नक्सा भएको काठमाडौं जिल्ला चपली भद्रकाली गा.वि.स. वडा नं. ६ख कि.नं. ६ क्षेत्रफल १-१०-१-० जग्गा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले नेपाल सरकारको नाममा हुने भनी मिति २०६४/११/०९ मा गरेको निर्णय सम्बन्धमा सो निर्णयपूर्व दर्तावाला निवेदकलाई बुझेको देखिँदैन भने अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट भएका कुनै पनि कारबाहीमा निवेदक संलग्न रहेको पाइँदैन । अर्थात् आयोगबाट निजको नाममा भएको दर्ता बदर गरी नेपाल सरकारको नाममा कायम गर्ने निर्णय गर्दा प्राकृतिक न्यायको सिद्धान्त अनुरूप निवेदकलाई निर्णय प्रक्रियामा उपस्थित गराएको अथवा निवेदकको कुरा सुनेको अवस्था नदेखिने।

अख्तियार दुरूपयोग अनुसन्धान आयोग अथवा मालपोत कार्यालयलगायतको नेपाल सरकारको कुनै पनि निकायले आफ्नो क्षेत्राधिकार भित्रको काम कारबाही तथा निर्णय तोकिएको कानूनी प्रक्रियाबमोजिम गर्न सक्ने नै हुन्छ । तर यस्तो

निर्णय गर्दा सम्बन्धित व्यक्तिलाई स्वच्छ सुनुवाइको हकसमेत प्रदान गर्नुपर्नेमा दुईमत हुन सक्दैन। कसैको जिउज्यान तथा सम्पत्तिको हकलगायतको व्यक्तिगत हक तथा कसैको प्रत्यक्ष अप्रत्यक्ष सरोकार जोडिएको विषयमा कुनै संगठन अथवा राज्यको अङ्ग/निकायले निर्णय गर्दा सम्बन्धित व्यक्तिलाई आफ्नो कुरा राख्ने मौका दिनुपर्छ । यहाँ अख्तियार दुरूपयोग अनुसन्धान आयोगले निर्णयपूर्व सुनुवाइको मौका निदिएको र मालपोत कार्यालयले आयोगको निर्णय कार्यान्वयन गर्ने उद्देश्यले मात्र निवेदकलाई पत्राचार गरेको देखिएबाट वस्तुत: सुनुवाइको मौका बेगर निवेदक दर्ताबाट बेदखल हुने स्थिति परेको।

अख्तियार दुरूपयोग अनुसन्धान आयोगले प्राकृतिक न्यायको सिद्धान्तबमोजिम निवेदकलाई निर्णय प्रक्रियामा सरिक गराई निर्णय गरेको नदेखिँदा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको मिति २०६४/११/०९ को निर्णय तत्पश्चात् मिति २०७४/०४/18 को निर्णय तथा उक्त निर्णयको आधारमा मालपोत कार्यालय चाबहिलबाट भएको पत्राचारलगायतका कामकारबाही प्राकृतिक न्यायको सिद्धान्तविपरीत भई बदर हुने देखिने।

अतः हाल निवेदक मोहन थापाको नाममा कायम रहेको जिल्ला काठमाडौं चपली भद्रकाली गा.वि.स. वडा नं. ६ख कि.नं. ६ क्षेत्रफल १-१०-१-० जग्गा नेपाल सरकारको नाममा जाने गरी अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट मिति २०६४/११/०९ मा भएको निर्णय तत्पश्चात् २०७५/०४/18 को निर्णय र पत्राचार तथा उक्त निर्णयको आधारमा मालपोत कार्यालय चाबहिलले मिति २०७६।४।१२ मा निवेदकलाई गरेको पत्राचारसमेत उत्प्रेषणको आदेशले बदर हुने ठहर्छ । अब उक्त जग्गाको सम्बन्धमा मिति २०५५/१२/२५ को बकसपत्र तथा मिति २०५६/०६/१४ को रैकर परिणत दर्ता बदर हुनुपर्ने नपर्ने सम्बन्धमा निवेदकलाई समेत सुनुवाइको मौका दिई जो जहाँ बुझ्नुपर्ने हो बुझी जग्गाको प्रकृति के कस्तो हो भन्नेसमेत हेरी पुन: निर्णय गर्नु भनी विपक्षीहरूको नाममा परमादेशको आदेशसमेत जारी हुने।

इजलास अधिकृत: रंजना विश्वकर्मा
कम्प्युटर: रेखा भट्टराई
इति संवत् २०७८ साल कार्तिक ७ गते रोज १ शुभम्।

४५

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या. डा.श्री मनोजकुमार शर्मा,** *०७७-WH-०३२१, बन्दीप्रत्यक्षीकरण, परिवर्तित नाम धादिङ २४(११७७) वि. धादिङ जिल्ला अदालत*

निवेदक परिवर्तित नाम धादिङ २४(११७७) उपर चलेको चोरी मुद्दामा धादिङ जिल्ला अदालतबाट निजलाई ६ महिना कैदको सजाय भएको र सो कैद भुक्तान गर्न निज हालसम्म बालसुधार गृह भक्तपुरमा रहे बसेको भन्ने देखिन्छ। यी निवेदकलाई मुलुकी अपराध संहिता, २०७४ को दफा २४१(१) को कसुरमा दफा २४२(२) तथा बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६(२) बमोजिम सजाय हुन भनी अभियोगपत्र पेस भएको देखियो । उक्त अभियोगपत्रमा नै निजको जन्म मिति २०६५।८।१३ भन्ने उल्लेख भएबाट निज १२ वर्ष केही महिना उमेरको नाबालक रहेको भन्ने तथ्यमा कुनै विवाद नदखिने।

मुलुकी अपराध संहिता, २०७४ को दफा ३(च) मा 'गम्भीर कसुर' भन्नाले तीन वर्षभन्दा बढी दश वर्षसम्म कैदको सजाय हुने कसुर र दफा ३(छ) मा 'जघन्य कसुर' भन्नाले जन्मकैद वा दश वर्षभन्दा बढी कैदको सजाय हुने कसुर सम्झनुपर्दछ भनी उल्लेख भएको पाइन्छ। निवेदकउपर दफा २४२(२) बमोजिमको दाबी लिएको देखिएको र उक्त दफाबमोजिम अधिकतम तीन वर्षभन्दा बढी कैदको सजाय हुन सक्ने देखिँदैन। यस हिसाबबाट यी निवेदकउपर लगाइएको अभियोग अपराध संहिताको दफा ३(च) र (छ) मा

पर्ने "गम्भीर" र "जघन्य" देखि बाहेकको सामान्य कसुरअन्तर्गतको अभियोग रहेछ भन्ने देखिन आएको।

मुलुकी अपराध संहिता, २०७४ को दफा ४५(५) मा "सोह्र वर्ष उमेर पूरा नभएका बालबालिकालाई सजाय गर्दा जघन्य कसुर, गम्भीर कसुर वा पटके रूपमा कसुर गरेकोमा बाहेक कैदको सजाय गर्न हुँदैन" भन्ने व्यवस्था भएको देखिन्छ भने बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६(७) मा "सोह्र वर्ष उमेर पुरा नभएका बालबालिकालाई सजाय गर्दा जघन्य कसुर, गम्भीर कसुर वा पटके रूपमा कसुर गरेकोमा बाहेक कैदको सजाय गरिने छैन" भन्ने व्यवस्था भएको पाइन्छ। उपर्युक्त कानूनी व्यवस्थाअनुसार "गम्भीर" र "जघन्य" कसुर वा पटके कसुरमा सम्म नाबालकलाई कैदमा राख्न मिल्ने अन्यथा नमिल्ने देखियो। मिसिल संलग्न अभियोगपत्र र धादिङ जिल्ला अदालतको लिखित जवाफसमेतबाट यी निवेदकले पटके कसुर गरेको भन्ने उल्लेख भएको नपाइँदा निजको हकमा बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६ को उपदफा (२) नभई दफा ३६ को उपदफा (७) आकर्षित हुने देखिँदा धादिङ जिल्ला अदालतबाट मिति २०७८।०१।०६ मा यी निवेदकलाई ६ महिना सुधार गृहमा राख्ने गरी भएको फैसला प्रथमदृष्टिमा नै त्रुटिपूर्ण देखिएको।

बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा १६(१) मा "बालबालिकासँग सम्बन्धित कार्य गर्ने प्रत्येक निकाय तथा संस्थाका अधिकारीहरूले काम कारबाही गर्दा बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिई आवश्यक बालमैत्री प्रक्रिया अपनाउनुपर्ने छ" भन्ने उल्लेख भई रहेको परिप्रेक्ष्यमा विद्यमान कानूनको बर्खिलाप कैदको सजाय गर्नै नमिल्ने कसुरमा निवेदकलाई कैदको सजाय गरी सुधार गृहमा राखेको धादिङ जिल्ला अदालतको मिति २०७८।०१।०६ को फैसला सो हदसम्म गैरकानूनी देखिएकोले निवेदक हाल गैरकानूनी थुनामा रहेको मान्नुपर्ने।

यसर्थ, सर्वोच्च अदालत नियमावली २०७४ को नियम ३७(क) र (ख) बमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिदिएको छ।

इजलास अधिकृतः लालबहादुर कार्की

इति संवत् २०७८ साल जेष्ठ ९ गते रोज १ शुभम्।

## इजलास नं.७

### ४६

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** *०७६-WO-०३१८, उत्प्रेषण, प्रनिशा के.सी. वि. उच्च अदालत पाटन, ललितपुरसमेत*

निवेदिका इशा के.सी. निरन्तर रूपमा आफ्नो हक संरक्षणको लागि कानूनी प्रक्रिया चलाउँदै आएको कुरा यस अदालतमा निजले दायर गरी आजै लगाउमा रहेका ३ वटा रिट निवेदन तथा सुरू अदालतमा विचाराधीन रहेका मुद्दाहरूबाट समेत देखिन्छ। निवेदिका इशा के.सी. को विवाहको सम्बन्धमा विपक्षी प्रतिमा थापा श्रेष्ठले आफ्नो लिखित जवाफमा निजको निवेदकको विवाह मिति २०७०/२/२० मा भएको होइन भन्ने कुरा सो विवाह दर्ता प्रमाणपत्र टोखा नगरपालिकाबाट मिति २०७४/६/२५ मा जारी भएबाट पुष्टि हुन्छ भन्ने जिकिर लिएको देखिन्छ। उक्त विवाह दर्ता प्रमाणपत्र किर्ते वा जालसाजीपूर्ण तवरबाट वा यी विपक्षीको हक मार्ने उद्देश्यले मात्र तयार भएको हो भने त्यसतर्फ छुट्टै कारवाही चल्ने सक्ने नै हुन्छ। यसरी उक्त विवाह दर्ता प्रमाणपत्रको वैधानिकता सम्बन्धमा यस रिट निवेदनको रोहमा प्रमाण बुझी विवेचना गर्न नमिल्ने नहुँदा अन्यथा प्रमाणित नभएसम्म उक्त विवाह दर्ता प्रमाणपत्रलाई आधिकारिक नै मान्नुपर्ने हुन्छ। विपक्षीबाट आधिकारिक निकायले सो विवाह दर्ता प्रमाणपत्र आजका मिति अगावै बदर भइसकेको भन्ने जिकिर लिन नसकेबाट

विद्यमान अवस्थामा निवेदिकाको विवाह मितिलाई यस निवेदनको रोहमा विवादको रूपमा हेर्नुपर्ने अवस्था छैन । यसरी निवेदिकाले सुरूको लिलाम बदरतर्फ कानूनी प्रक्रिया चलाइरहेको जग्गा विपक्षीहरूले जग्गा रोक्का फुकुवा हुने बित्तिकै बिक्री गरी हक हस्तान्तरण गरेको कारण पटकपटक मुद्दामाथि मुद्दा थप्नु परेको अवस्था छ । सुरू अदालतबाट रोक्का राखिएका जग्गाहरू पुनरावेदन अदालत/उच्च अदालतबाट फुकुवा हुनासाथ हस्तान्तरण गर्ने प्रवृत्तिका कारण यी निवेदिकाले विगत करिब चार वर्षदेखि प्रत्येक हस्तान्तरणउपर थप मुद्दा गर्नुपर्ने अवस्था सृजना भई यस अदालतमा समेत ०७३-WO-०५३९, ०७४-WO-०२०५, ०७५-WO-०४९३ तथा प्रस्तुत रिट निवेदन ०७६-WO-०३१8 दायर गर्नुपरेको अवस्था निवेदकले अनावश्यक हैरानी बेहोरी पटकपटक मुद्दा गर्नुपर्ने अवस्था देखिएको र यसरी एकपछि अर्को गरी थपिँदै गएको मुद्दाको किनारा लगाउने उद्देश्यले मुद्दाको टुङ्गो नलागेसम्म विवादित जग्गाहरू रोक्का राख्नु नै न्यायसङ्गत हुने देखिन आउने ।

विपक्षीहरूले ने.का.प. २०७१, अङ्क १, नि.नं. ९१५६ मा भएको व्याख्याको आधारमा समेत दोहोरो रोक्का राख्न नमिल्ने भन्ने जिकिर लिएको सम्बन्धमा समेत यहाँ विवेचना गर्नु सान्दर्भिक छ । लुम्बिनी बैंक लिमिटेड विरूद्ध मालपोत कार्यालय, चाबहिल रहेको उक्त मुद्दाको तथ्य हेर्दा बैंकले प्रवाह गरेको ऋणबापत संस्थागत विद्यालयबाट धितोमा राखिएको घर जग्गा ऋणीले ऋण चुक्ता नगरेको कारण लिलाममा चढाई सकार गर्नेको नाममा नामसारी गर्न पठाउँदा सो घर जग्गा शैक्षिक गुठीअन्तर्गतको विद्यालयको हुँदा धितो बन्धक राख्न नपाउने भनी मध्यमाञ्चल क्षेत्रीय निर्देशनालयको पत्रबाट समेत रोक्का राखिएकोमा यस अदालतबाट अन्तिम आदेश हुँदा संस्थागत विद्यालयले आफ्नो सम्पत्ति धितो बन्धकी राख्न पाउने अवस्थाको व्याख्या गर्दै बैंकले ऋण असुली प्रयोजनार्थ घर जग्गा लिलाम गर्न पाउने हुँदा सकार गर्नेको नाममा नामसारी गर्न पाउने भनी यसरी बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ बमोजिम राखिएको धितोलाई उपर्युक्त निर्देशनालयको पत्रबाट रोक्का राखिएको कार्य उत्प्रेषणको आदेशमा बदर भएको अवस्था छ । प्रस्तुत विवादमा जग्गाको स्वामित्वको नै विवाद रहेको अवस्था छ । निवेदिकाको हकभोग रहेको भनिएको जग्गा निजको स्वीकृति विना लिलाम गरिएको कारण लिलाम बदरसमेत मुद्दा चल्दाचल्दै एक पछि अर्कोलाई हक हस्तान्तरण गरिँदै आएको र प्रत्येक हस्तान्तरणउपर निवेदिकाले छुट्टाछुट्टै मुद्दा गर्नुपर्ने अवस्था सृजना भएकोले अदालतको प्रक्रिया नै अवरूद्ध हुने प्रकृतिबाट गरिएका कारोबारमा अदालतले हस्तक्षेप गरी रोक्का गर्नु बाध्यतावश परिस्थितिको रूपमा हेरिनुपर्ने हुन्छ । आफूसमक्ष मुद्दा परिसकेपछि भएको सोही जग्गासम्बन्धी कारोबारमा रोक लगाउनु आवश्यक देखेको अवस्थामा अदालतको आदेशले भएको रोक्का तथा कुनै प्रशासकीय कारबाहीको सिलसिलामा गरिएको रोक्कालाई एकै प्रकृतिबाट हेर्न सकिँदैन । यसरी विवादको विषयवस्तु र तथ्यको प्रकृति नै फरक फरक रहेको अवस्थामा उक्त नि.नं. ९१५६ मा भएको दोहोरो रोक्कासम्बन्धी व्याख्या प्रस्तुत विवादमा आकर्षित हुने देखिएन । कुनै पक्षको काम कारबाहीबाट अर्को पक्षलाई पटकपटक मुद्दा गर्नु पर्ने कारणल सृजना गराउने र पक्षलाई लामो समय अदालतको प्रक्रियामा झुलाई हतोत्साह गरी शीघ्र न्याय सम्पादनमा अवरोध ल्याउने मनसाययुक्त कार्यलाई अदालतले सहयोग र समर्थन गर्न नसक्ने ।

अतः भक्तपुर जिल्ला अदालतको मिति २०७६/१/२५ को आदेशले रोक्का रहेका जग्गाहरू फुकुवा गर्न नमिल्ने ठहर्‍याई भएको भक्तपुर जिल्ला अदालतको मिति २०७६/५/१९ को आदेश बदर गर्ने गरी उच्च अदालत पाटनबाट मिति २०७६/५/३० मा भएको आदेश उत्प्रेषणको आदेशबाट बदर गरिदिएको

छ । अब सुरू भक्तपुर जिल्ला अदालतमा विचाराधीन रहेका लिलाम दा.खा. दर्ता बदर, लिखित दर्ता बदर, दर्ता कायम र रोक्का बदर मुद्दाको रोहमा उक्त अदालतको मिति २०७६/१/२५ र ०७६/५/१९ आदेशबाट रोक्का रहेका जग्गाहरू उक्त अदालतमा विचाराधीन रहेका यी जग्गासम्बन्धी सम्पूर्ण विवादहरूको किनारा नलागेसम्म जुनसुकै बेहोराबाट हक हस्तान्तरण गर्न नपाउने गरी भक्तपुर जिल्ला दधिकोट ८ स्थित कि.नं.४२९६ र ४२९५ का उक्त जग्गाहरू रोक्का राख्नु भनी विपक्षीहरूका नाममा परमादेश जारी हुने ।

इजलास अधिकृत: अञ्चन भट्टराई

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७७ साल चैत्र २३ गते रोज २ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०७३-WO-०५३९, उत्प्रेषणसमेत, इशा के.सी. वि. प्रतिमा थापा श्रेष्ठसमेत
- ०७४-WO-०२०५, उत्प्रेषणसमेत, इशा के.सी. वि. प्रतिमा थापा श्रेष्ठसमेत
- ०७५-WO-०८९३, उत्प्रेषणसमेत, इशा के.सी. वि. उच्च अदालत पाटन, ललितपुरसमेत

४७

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री सुष्मालता माथेमा**, *०७२-CR-१४३२, कर्तव्य ज्यान र ज्यान मार्ने उद्योग, नेपाल सरकार वि. धनु तामाङसमेत*

यस अदालतबाट प्रत्यर्थी झिकाउने आदेश हुँदा प्रतिवादीमध्येका सन्त तामाङले अदालतमा बयान गर्दा जाहेरवालाको बाबुआमालाई मार्ने विषयमा प्रतिवादी आकाश तामाङले धनु तामाङ र राम तामाङसँग सल्लाह गरेको भन्ने उल्लेख गरेका र क्षेत्रबहादुर तामाङसमेतको घटना विवरण कागजबाट प्रस्तुत वारदातमा प्रतिवादीहरू प्रेम तामाङ र लोकेन्द्र तामाङसमेतको संलग्नता देखिएको भन्ने आधार लिएको देखियो । निज प्रत्यर्थी प्रतिवादीहरूमध्ये धनु तामाङ र राम तामाङउपर ज्यानसम्बन्धीको महलको १ नं. र १६ नं. को कसुरमा ऐ. १६ नं. बमोजिम र प्रेम तामाङ र लोकेन्द्र तामाङउपर ऐ. महलको १७(३) नं. को कसुरमा ऐ. १७(३) नं बमोजिम तथा ऐ. को १५ नं. को कसुरमा ऐ. को १५ नं. बमोजिमको सजाय हुन मागदाबी लिई निज प्रतिवादीहरूको हकमा अभियोग दर्ता रहेको अवस्था छ । प्रतिवादी लोकेन्द्र तामाङले अदालतसमक्ष बकपत्र गर्दा आफूलाई घटनाको बारेमा थाहा नभएको (स.ज. ६) भनी लेखाएको पाइन्छ भने अर्का प्रतिवादी धनु तामाङले मिति २०६९।३।२३ मा आफू घरमै भएको, वारदातस्थल झार्लाङ नगएको जिकिर लिई बकपत्र गरेको पाइन्छ । त्यस्तै प्रस्तुत घटनाको सम्बन्धमा आफूलाई थाहा नभएको, घटना वारदातको दिन आफू काठमाडौंको आफ्नै कोठामा रहेको र घटनाको बारेमा पछि मात्र साथीहरूले भनेपछि थाहा पाएको भनी प्रतिवादी प्रेम भन्ने राज तामाङको अदालतसमक्षको बयान रहेको पाइन्छ भने प्रतिवादी राम तामाङले अदालतसमक्ष बयान गर्दा घटना वारदातको दिन आफू टाउकोमा घाउ लागेकोले टाँका लगाई घरमै आराम गरी बसेको र घटना पछि मात्र हल्ला खल्ला हुँदा थाहा पाएको भनी लेखाएकोबाट पनि प्रतिवादीहरू निर्दोष देखिएको र मिसिल संलग्न प्रमाणहरूबाट प्रतिवादीहरू धनु तामाङ, राम तामाङ, राज तामाङ र लोकेन्द्र तामाङ वारदातमा संलग्न रहेको वा निजहरूको यो यस्तो भूमिका थियो भन्ने अवस्था पुष्टि भएको नदेखिँदा निज प्रतिवादीहरूले अभियोग दाबीबाट सफाइ पाउने भनी भएको सुरू अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत पाटनको फैसला सो हदसम्म मिलेको देखिन्छ । प्रतिवादीहरूलाई इन्कारी बयानकै आधारमा सफाइ दिने गरी भएको फैसला निज प्रतिवादीहरूका हकसम्म बदर गरी अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भनी

लिएको वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

सहप्रतिवादी आकाश तामाङ र सन्त तामाङ आरोपित कसुरमा साबित रही प्रतिवादीहरू अनिप तामाङ र दिलमान तामाङसमेतको संलग्नतामा घटना भएको बेहोरा खुलाई दिएबाट समेत निज प्रतिवादीहरू अनिप तामाङ र दिलमान तामाङको अधिकारप्राप्त अधिकारीसमक्षको साबिती समर्थित भइरहेको देखिन्छ । प्रतिवादी आकाश तामाङको सल्लाह अनुसार जंगबहादुर तामाङलाई कुटपिट गरी मार्नका लागि रकमसमेत दिई प्रतिवादीहरू सन्त तामाङ, अनिप तामाङ, दिलमान तामाङले सल्लाह गरी काठमाडौंबाट झार्लाङ गई कान्छीमाया तामाङ र जंगबहादुर तामाङ घरमा सुतिरहेको अवस्थामा रातिको समयमा ढुङ्गाले प्रहार गरी कुटपिट गरी घाइते तुल्याई सोही कुटपिटबाट नै जंगबहादुर तामाङको मृत्यु भएको र घाइते कान्छीमाया तमाङलाई ज्यान मार्ने उद्योग गरेको तथ्यमा विवाद रहेको छैन। आफूले कुटपिट गर्नको लागि भनेको हो, मार्न भनेको होइन, वारदात भएको अवस्थातर्फ विचार नगरी भएको सुरू फैसला उल्टी हुनुपर्छ भन्ने प्रतिवादी आकाश तामाङ, कुटपिट मात्र गरेको हो, कुनै हात हतियार प्रयोग गरेको नभई आफूले अदालतसमक्ष सत्य तथ्य बताएको हुँदा अ.बं. १८८ नं. ले कम सजाय गर्नु पर्नेतर्फ राय व्यक्त हुनुपर्ने भन्ने सन्त तामाङ, आफूहरू घटनास्थल पर बाटोसम्म गएको, मृतक तथा घाइतेलाई प्रहार गर्ने कार्यमा संलग्नता नरहेकोले सजाय हुनुपर्ने होइन भन्ने प्रतिवादीहरू अनिप तामाङ र दिलमान तामाङसमेतको तर्फबाट दायर भएको पुनरावेदनसरहको निवेदन जिकिर निजहरूको एक आपसमा पोल गरेको बयानसमेतबाट समर्थित हुन सकेको नदेखिँदा उक्त जिकिरसँग इजलास सहमत हुन नसक्ने।

तसर्थ, प्रतिवादी सुलि भन्ने आकाश तामाङलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको १३ (४) बमोजिम जन्म कैद हुने, प्रतिवादीहरू सन्त तामाङ, अनिप तामाङ र दिलमान तामाङलाई ऐ. १३(३) बमोजिम जन्मकैद हुने र प्रतिवादीहरू आकास तामाङ, सन्त तामाङ, अनिप तामाङ र दिलमान तामाङको हकमा ज्यानसम्बन्धी महलको १५ नं. बमोजिम जनही ५ वर्ष कैदसमेत हुने तथा प्रतिवादीहरू धनु तामाङ, राम तामाङ, प्रेम तामाङ लोकबहादुर भन्ने लोकेन्द्र तामाङले अभियोग दाबीबाट सफाइ पाउने भनी भएको सुरू धादिङ जिल्ला अदालतको मति २०७०/१२/१२ को फैसला सदर गरेको पुनरावेदन अदालत पाटनको मिति २०७२/१/8 को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः सीता अधिकारी

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७७ साल पौष १३ गते रोज २ शुभम्।

## ४८

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या. डा.श्री कुमार चुडाल,** *०७१-CI-०६७९, परमादेश उत्प्रेषणसमेत, सेन मानन्धर वि. भूमि सुधार कार्यालय, बाँके नेपालगन्जसमेत*

बाटोबाहेक रहेको सार्वजनिक जग्गा भूमि सुधार कार्यालय बाँकेले बिक्री वितरण गर्ने भनी प्रकाशित सूचनाबमोजिम प्रत्यर्थी विपक्षीहरूले घर बनाई बसोबास गर्दै आएको स्थलगत जाँच मुचुल्काबाट देखिएको र नेपालगन्ज गुलरिया र टिटिहिरीया सोनपुर सडकको मापदण्डभन्दा बाहिर रहेको जग्गा यस मुद्दाका प्रत्यर्थी विपक्षीहरूलाई बिक्री वितरण गरिएको देखिन्छ। बाँके जिल्ला अदालतको मिति २०६९/१/२७ को फैसलाले कायम भएको सडकदेखि बाँकी रहेको कसैको हकभोग र स्वामित्वमा नभएको सार्वजनिक जग्गा प्रत्यर्थी विपक्षीलाई बिक्री वितरण गरेको जग्गाबाट पुनरावेदकको कुनै हक हितमा असर पुगेको देखिँदैन। नागरिकको बृहत् हितको लागि र लोक कल्याणकारी राज्यको दृष्टिकोणबाट कसैको हकभोग र स्वामित्वमा

नभएको जग्गा प्रत्यर्थी विपक्षीलाई बिक्री वितरण गरेको कार्यलाई सर्वथा अनुचित भन्न पनि सकिएन । बाटो कायम भएको जग्गा बिक्री वितरण गर्न नपाउने भन्ने जहाँसम्म प्रश्न छ कि.नं.१२८ को नक्सा हेर्दा बाटोको मूल जग्गा नभै बाटोसँग जोडिएको सार्वजनिक जग्गा रहेको देखिन्छ । बाँके जिल्ला अदालतको २०६७ सालको दे.नं.१५६३ को घर भत्काई खिचोला भन्ने मुद्दामा भएको फैसलामा पनि बाटोमध्येको सार्वजनिक जग्गा भनी उल्लेख भई त्यस्तो सार्वजनिक जग्गाबाट घर भत्काई सार्वजनिक रूपमा चलन गर्ने उल्लेख भएको र सोही जग्गा सरकारले जफत गर्ने पूर्वनिर्णय भइरहेको अवस्था देखिँदा भूमि सुधार कार्यालयले बिक्री वितरण गर्न नपाउने भन्ने निवेदकको निवेदन दाबीसँग सहमत हुन नसकिने ।

अतः निवेदन मागबमोजिम उत्प्रेषणयुक्त परमादेशको आदेश जारी गर्नुपर्ने अवस्था विद्यमान नदेखिँदा प्रस्तुत निवेदन खारेज हुने ठहर्छ भनी पुनरावेदन अदालत नेपालगन्जको मिति २०७१/३/३२ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: सोनी श्रेष्ठ

इति संवत् २०७८ साल पौष १६ गते रोज ६ शुभम् ।

**४९**

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री नहकुल सुवेदी,** *०७१-CI- ०५१७, निषेधाज्ञा, सुरतलाल चौधरीसमेत वि. नन्दकिशोर चौधरी*

निवेदक नन्दकिशोर चौधरी, भुलर चौधरी र गुजरी देवी चौधरीको धर्म पुत्र तथा विपक्षीमध्येका कपिलेश्वर चौधरीको छोरा भएको तथ्यमा विवाद छैन । निवेदकले आफ्नो निवेदनमा धर्म पिता भुलर चौधरीले साबिक कि.नं. ४०४ समेतको गाउँ ब्लकको जग्गामा २०१६ सालतिर पोखरी खनाएको भनी दाबी लिएको देखिन्छ भने विपक्षीहरूले विवादको उक्त पोखरी आफ्नो अंश भागको साबिक कि.नं. ४०९ समेतको जग्गामा रहेको भनी जिकिर लिएको देखियो । हाल सर्वे नापीमा सो कित्ता जिल्ला सप्तरी कविलासा वडा न.२ को गाउँ ब्लक न. २५, २६, २७ र २८ मा पोखरी दर्ता कायम भई दर्तावालको नाम खाली रहेको स्रेस्ता प्रमाणबाट देखिन आउँछ । यसरी पोखरीको हक स्वामित्वको विषय नै निरूपण भई नसकेको अवस्थामा दुवै पक्षको दाबी हुँदा निवेदकको भोगमा रहेको देखिएको समेत आधारमा पुनरावेदन अदालतबाट निवेदकलाई साबिकदेखि गरी आएको भोग चलन गर्न बाधा अवरोध नगर्नु, नगराउनु भनी निषेधाज्ञा जारी भएको देखिन्छ । उक्त पोखरीमा निवेदकका धर्म पिताको कानूनबमोजिम हक स्थापित नै भई नसकेको अवस्थामा समेत पुनरावेदन अदालत राजविराजबाट आदेश हुँदा निर्णायाधारमा निवेदक नन्दकिशोर चौधरीको नाममा एकलौटी दा.खा. भएको जग्गामा रहेको पोखरीमा निजको कानूनबमोजिम हक स्थापित भइसकेको भन्ने बेहोरा उल्लेख भएकोमा पुनरावेदकतर्फका विद्वान् वरिष्ठ अधिवक्ताले बहसको क्रममा फैसलामा विवादित पोखरीमा निवेदकको कानून बमोजिमको हक स्थापित भएको देखिन्छ भनी बोली पार्न मिल्दैन । यसले जग्गाको हक स्वामित्वको विवादमा प्रमाण सिर्जना गर्दछ भन्ने जिकिर लिएको देखियो । मुलतः निषेधाज्ञाको रोहबाट सम्पत्तिमा व्यक्तिको हक सिर्जना हुने वा समाप्त हुने अवस्था नहुने भएकोले उक्त निवेदनमा पुनरावेदन अदालत राजविराजबाट भएको आदेशको आधारमा मात्र दर्ता भइनसकेको पोखरीमा प्रत्यर्थी निवेदकको हक स्थापित हुने अवस्था रहँदैन । हक स्वमित्वको विवादको निरूपण स्रेस्ता प्रमाणलगायतका जो जे बुझ्नुपर्छ बुझी सम्बन्धित कानून र तोकिएबमोजिमको प्रक्रियाबाट हुने विषय हो । निवेदकले निवेदनपत्रमा आफूलाई यी पुनरावेदक विपक्षीहरूले करकाप धरपकड गर्न लागेको आशंका देखाई निषेधाज्ञाको माग गरेको देखिएको र लिखित जवाफ बेहोराबाट समेत पोखरीको भोग चलनको सम्बन्धमा विवाद देखिएको हुँदा धरपकड हुन सक्ने आशंकाको अवस्था विद्यमान देखिएकोले सो सन्दर्भमा

निज विरूद्ध करकाप धरपकड नगर्नु, नगराउनु भनी निषेधाज्ञाको आदेश जारी गर्दा प्रसङ्गवश पोखरीमा निजको कानूनबमोजिम हक स्थापित भइसकेको भन्ने बेहोरासम्म उल्लेख भएको देखिन आउँछ । सोही आधारमा मात्र पोखरीको हक बेहक छुट्टिने अवस्था नहुने हुँदा उक्त आदेशबाट यी पुनरावेदकहरूको हक अधिकारमा असर परेको अवस्था देखिएन । तथापि विपक्षीहरूको आचरणबाट निवेदकको भोगचलनमा रहेको उक्त पोखरीमा माछा मार्नेलगायतको कार्यमा विपक्षीहरूले निवेदकलाई बाधा दिने वा धरपकड गर्ने आशंकाको स्थिति विद्यमान देखिएकोले निवेदकलाई उक्त पोखरी भोग गर्न बाधा अड्चन नदिनु भनी निषेधाज्ञाको आदेश जारी गरेको पुनरावेदन अदालत राजविराजको फैसला मनासिब देखिँदा अन्यथा गर्नुपर्ने देखिएन । पुनरावेदन अदालत राजविराजबाट भएको उक्त फैसला उल्टी भई निवेदन खारेज हुनुपर्छ भन्ने लिखित जवाफ प्रस्तुतकर्ताको पुनरावेदन जिकिर र निजहरूका तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता एवम् विद्वान् अधिवक्ताको बहस जिकिरसँग सहमत हुन नसकिने ।

प्रस्तुत मुद्दाबाट कानूनबमोजिम हक स्वामित्व निर्धारणमा कुनै असर नपर्ने गरी निवेदन मागबमोजिम विपक्षीहरूको नाममा निषेधज्ञाको आदेश जारी हुने ठहऱ्याई पुनरावेदन अदालत राजविराजबाट मिति २०७०।३।२३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: गम्भिर राना मगर

इति संवत् २०७४ साल मंसिर १७ गते रोज ६ शुभम् ।

## इजलास नं. ८

### ५०

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या. श्री बमकुमार श्रेष्ठ,** *०७८-WH-०००९, बन्दीप्रत्यक्षीकरण, सीता पौडेलको हकमा शान्तादेवी पौडेल वि. श्री शम्शेर दल गण नागार्जुनसमेत*

निवेदक सीता पौडेललाई कैद तथा जरिवानासमेत हुन सक्ने बहुविवाह जस्तो गम्भीर सरकारवादी फौजदारी मुद्दामा निवेदकको वास्तविक वतनमा समाह्वान म्याद तामेल नगरी यी निवेदकलाई सुनुवाइको आधारभूत मौकासमेतबाट वञ्चित गरी रामेछाप जिल्ला अदालतबाट ०७१-CR-००१० को बहुविवाह मुद्दामा निवेदकलाई कैद तथा जरिवानाको सजाय हुने ठहर गरी मिति २०७२।३।१६ मा भएको फैसला प्राकृतिक न्यायको सिद्धान्तविपरीत रहेको देखिँदा उक्त फैसला यी रिट निवेदक सीता पौडेलको हकमा सम्म उत्प्रेषणको आदेशले बदर गरिदिएको ।

अब रामेछाप जिल्ला अदालतबाट मिति २०७२।३।१६ मा भएको फैसला निवेदकको हकमा सम्म बदर भएकोले सोही फैसलाको आधारमा यी निवेदकलाई अविवाहिता भनी ढाँटी, छली नेपाली सेनाको कुचिकार दर्जामा नियुक्ति लिएको भन्ने आधारमा श्री शम्शेर दल गण, नागार्जुन ब्यारेक, समरी सैनिक अदालतबाट सैनिक ऐन, २०६३ बमोजिम कारबाही गरी निवेदकलाई कैद हुने ठहऱ्याई मिति २०७८।४।१८ मा फैसला भएको र निवेदकलाई कैदमा राखिएको उक्त काम कारबाही फैसलासमेत कानूनसम्मत र न्यायोचित नदेखिँदा उक्त फैसलासमेत उत्प्रेषणको आदेशद्वारा बदर हुने ठहर्छ र उल्लिखित फैसलाहरू बदर हुने ठहरेकाले अब सोही आधारमा निवेदकलाई कैदमा राख्न नमिल्ने भई थुना गैरकानूनी देखिएको हुँदा निवेदक सीता पौडेललाई अन्य मुद्दा, बेहोरा वा कारणले थुना वा कैदमा राख्नु नपर्ने भए प्रस्तुत मुद्दाको रोहबाट कैद मुक्त गरिदिनु भनी विपक्षी शम्शेर दल गण नागार्जुन एवं समरी सैनिक अदालतका नाममा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ।

रामेछाप जिल्ला अदालतबाट मु.नं. ०७१-CR-००१० को बहुविवाह मुद्दामा कैद तथा जरिवाना

हुने गरी भएको मिति २०७२।३।१६ को फैसला निज निवेदक सीता पौडेलको हकमा सम्म बदर भएकोले अब निवेदक सीता पौडेलले पेस गरेको नेपाली नागरिकता प्रमाणपत्रमा उल्लिखित वतन रामेछाप जिल्ला, सैपु गा.वि.स. वडा नं.४ हाल परिवर्तित ऐ. लिखु तामाकोसी गाउँपालिका वडा नं. २ सेतापहरा गाउँ उल्लेख गरी पुनः कानूनबमोजिम समाह्वान जारी गरी निवेदकको हकमा कानूनबमोजिम जे, जो गर्नुपर्ने हो गरी फैसला गर्नु भनी विपक्षी रामेछाप जिल्ला अदालतका नाममा परमादेशसमेत जारी हुने।

इजलास अधिकृतः सुमनप्रसाद कुशवाहा

कम्प्युटर: सुप्रभा अर्याल

इति संवत् २०७८ साल भाद्र २४ गते रोज ५ शुभम्।

**५१**

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री टंकबहादुर मोक्तान,** *०७६-RB-०६४७, बैंकिङ कसुर, अल्का नेपाल वि. नेपाल सरकार*

मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को ११८(१) मा "...उल्लिखित कार्यविधि पूरा नगरी बेरीतसँग म्याद तामेल गरेको कारण मुद्दामा प्रतिरक्षा गर्न वा प्रतिउतरपत्र पेस गर्न नपाई...." भन्ने वाक्यांशले नै स्पष्टतः देवानी मुद्दामा प्रस्तुत कानूनी व्यवस्था लागू हुने देखिएको र सरकारवादी फौजदारी मुद्दालाई यसले समेटेको देखिएन । साथै मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को समग्र अध्ययन गर्दा सरकारवादी फौजदारी मुद्दामा सुरू म्याद गुजारी बस्ने प्रतिवादीका हकमा पुनरावेदन गर्न पाउने यस प्रकारको कानूनी सुविधा प्रदान गरेको पाइएन। यसबाट प्रस्तुत सरकारवादी फौजदारी मुद्दामा मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा ११८(१) बमोजिम दायर हुन आएको प्रस्तुत पुनरावेदन लाग्न सक्ने नदेखिँदा पुनरावेदनको विषयवस्तुमा प्रवेश गरिरहनु परेन। अत: कानूनसम्मत् दायर हुन नआएको प्रस्तुत पुनरावेदन खारेज हुने।

इजलास अधिकृत (उपसचिव): सुमनप्रसाद कुशवाहा

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७८ साल भाद्र २७ गते रोज १ शुभम् ।

- यसै लगाउको ०६८-RB-०६४८, बैंकिङ कसुर, अल्का नेपाल वि. नेपाल सरकार भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

**५२**

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री टंकबहादुर मोक्तान,** *०७७-RB-०१६०, बैंकिङ कसुर, सत्यनारायण लामिछाने वि. नेपाल सरकार*

पुनरावेदक प्रतिवादीले छुट्टाछुट्टै २ बैङ्कमा रहेका निजका आफ्ना नामका खाताका चेकहरू जाहेरवालालाई मिति २०७६।०३।०५ मा काटिदिएको देखिन्छ । उपर्युक्तानुसार जाहेरवालालाई ती चेकहरू काटिदिएको र ती चेकहरू अनादर (Bounce) भएको कुरालाई प्रतिवादीले स्वीकार गरेको हुँदा पुनरावेदक प्रतिवादीले उल्लिखित कानूनी व्यवस्था विपरीत कसुर अपराध गरेको देखियो । उक्त बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ३(ग) मा भएको संशोधित व्यवस्था कायम रहिरहेकै अवस्थामा सो कानूनबमोजिम भएको फैसलालाई अन्यथा भन्न मिल्ने देखिँदैन । अतः विनिमेय अधिकारपत्र ऐन, २०३४ अनुसार दाबी नलिएको प्रस्तुत मुद्दा खारेज हुनुपर्ने भन्ने पुनरावेदकको पुनरावेदन जिकिरसमेत मनासिब देखिन नआएकाले सो जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ, सुरू उच्च अदालत पाटनले पुनरावेदक प्रतिवादीले कसुर गरेको ठहऱ्याई निजलाई दाबीअनुसार सजाय गर्ने गरेको मिति २०७६।१०।१३ को फैसला कानूनसम्मत भई मिलेको देखिँदा सदर हुने । पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न

नसक्ने।

इजलास अधिकृत (उपसचिव) : सुमनप्रसाद कुशवाहा

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७८ साल भाद्र २७ गते रोज १ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०७७-RB-०१६१, बैंकिङ कसुर, सत्यनारायण लामिछाने वि. नेपाल सरकार
- ०७७-RB-०१६२, बैंकिङ कसुर, सत्यनारायण लामिछाने वि. नेपाल सरकार
- ०७७-RB-०१६३, बैंकिङ कसुर, सत्यनारायण लामिछाने वि. नेपाल सरकार

५३

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना,** *०७६-RC-०१७०, ०७८-CR-०७०४, कर्तव्य ज्यान, नेपाल सरकार वि. भुकनीदेवी साह, भुकनीदेवी साह वि. नेपाल सरकार*

आरोपित कसुरमा प्रतिवादीहरूले अदालतमा इन्कारी बयान गरे तापनि मौकाको साबित बयान, सो बयानलाई पुष्टि हुने गरी किटानी जाहेरी दरखास्त र प्रतिवादी अनिलकुमार साहको आफ्नो छोरी खुश्बुकुमारी साहले आफ्नै बुबासमेत विरूद्ध प्रहरीमा गरेको कागजसमेतबाट प्रतिवादीहरूको पूर्वयोजनाबमोजिम कर्तव्य गरी मारेको कुरा मालाकार रूपमा पुष्टि हुन आउने।

जाहेरवाला र मौकामा कागज गर्ने मानिसहरूले अदालतमा उपस्थित भई बकपत्र गर्दा आफ्नो अनुसन्धानको कागज बेहोरा खण्डित हुने गरी बकपत्र गरेको देखिए पनि प्रतिवादीहरूबिचको सम्बन्ध तथा प्रतिवादीहरू र मृतक शोभाकुमारीबिचको सम्बन्ध, मुद्दामा अन्तरनिहित तथ्य, घटनाको प्रकृति र परिवेश, प्रतिवादीहरूउपरको किटानी जाहेरी दरखास्त र प्रतिवादी अनिलकुमार साहको छोरी खुश्बु कुमारीले आफ्नै बुबासमेत उपर घटनाको बारेमा गरेको सविस्तार कागज, घटनास्थल प्रकृति मुचुल्कालगायतका मिसिल संलग्न अन्य प्रमाणहरूबाट निजहरूले अदालतसमक्ष गरेको बकपत्र विश्वसनीय नदेखिने।

तसर्थ, प्रतिवादीहरू उपरको किटानी जाहेरी दरखास्त, वस्तुस्थिति मुचुल्का, प्रतिवादीहरूको मौकामा भएको एकै मिलान बेहोराको साबिती बयान, प्रतिवादीहरूबिचको मृतकसँगको सम्बन्ध, मृतक र प्रतिवादी अनिलकुमार साहको छोरी खुश्बुकुमारी साहको कागजसमेतको आधार प्रमाणहरूबाट प्रतिवादीहरूलाई मुलुकी ऐन ज्यानसम्बन्धी महलको १ र १३(३) नं. को कसुरमा ऐ. बमोजिम कसुर गरेको अवस्थामा यसको चोटले मरेको भन्ने कुरा मिसिल प्रमाणबाट देखिन नआएको अवस्थामा ऐजन १३(३) नं. बमोजिम कसुरदारहरूलाई जन्मकैदको सजाय गर्नुपर्नेमा सर्वस्वसहित जन्मकैद गरेको हदसम्म मिलेको नदेखिँदा सुरू धनुषा जिल्ला अदालतको मिति २०७३।२।५ गतेको फैसला केही उल्टी गरी प्रतिवादीहरूलाई जन्मकैदको सजाय हुने ठहऱ्याइ भएको उच्च अदालत जनकपुरको मिति २०७४।१०।१० को फैसला मिलेकै देखिँदा सदर हुने। प्रतिवादीमध्येका अनिलकुमार साहको मिति २०७३।१२।०७ मा मृत्यु भएको भन्ने कारागार कार्यालय महोत्तरी जलेश्वरको च.नं. १४६१ मिति २०७३।१२।७ को कारागार व्यवस्थापन विभागलाई लेखेको पत्रबाट देखिँदा निजको हकमा साबिकको मुलुकी ऐन अ.बं. १७६ नं., मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३३ बमोजिम मार्नेलाई कुनै खतबात नलाग्ने हुँदा निजको हकमा केही बोलिरहनुपरेन। जहाँसम्म सुरू जिल्ला अदालतबाट प्रतिवादी भुकनी देवीको हकमा अ.बं. १८८ नं. बमोजिम ८ वर्ष कैद गर्न मनासिब हुने भनी राय व्यक्त भएकोमा मृतकको मृत्यु यसैको चोटबाट भएको खुल्न नआएको, शव परीक्षण प्रतिवेदनमा पनि मृत्युको कारण खुल्न सक्दैन भनिएको र निज प्रतिवादी भुकनी देवीको उमेर अवस्थासमेतलाई मध्यनजर गरी

निजको हकमा सुरू धनुषा जिल्ला अदालतबाट आठ (८) वर्ष कैद हुने गरी लगाएको राय चर्को पर्ने देखिँदा निजलाई तत्कालीन मुलुकी ऐन अ.बं. १८८ नं. बमोजिम चार (४) वर्ष कैदको सजाय मनासिब हुने भनी उच्च अदालत जनकपुरबाट मिति २०७४।१०।१० मा व्यक्त गरिएको रायसहितको फैसला प्रस्तुत मुद्दाको समग्र तथ्य र वारदातको प्रकृतिको सन्दर्भमा उपयुक्त नै देखिँदा निज प्रतिवादी भुकनीदेवी साहलाई चार (४) वर्ष कैद हुने गरी लगाइएको रायसमेतको फैसला सदर हुने।

इजलास अधिकृतः सुमनप्रसाद कुशवाहा
कम्प्युटर: सुप्रभा अर्याल
इति संवत् २०७८ साल पौष २० गते रोज ३ शुभम्।

५४

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७२-CI-१८०८, जग्गा घर टण्टा खिचोला चलन, समिरकुमार उपाध्याय वि. सीतादेवी तेलीसमेत*

विवादित जग्गामा आफ्नो अधुरो पर्खाल मिति २०६४।७।२७ गते दखल कब्जा गरी पर्खाल बनाई टण्टा खिचोला गरेको भनी फिराद दाबी लिएको देखिन्छ । जबकि प्रत्यर्थी प्रतिवादीले उक्त जग्गा पुनरावेदक वादीकै दाजु विष्णुप्रसाद उपाध्यायसँग मिति २०६४।७।१३ गते खरिद गरेको देखिन्छ । निजले कम्पाउन्ड लगाएको ससीम कित्ता खरिद गरेको अवस्थामा आफ्नो जग्गा मिची पर्खाल लगाएको भन्ने फिराद दाबी तथा पुनरावेदन जिकिर सुरू जिल्ला अदालतबाट भई आएको नक्सा मुचुल्काबाट पनि पुष्टि हुन सकेको देखिँदैन । यस्तो अवस्थामा नापनक्साबाट वादी सुरेशप्रसाद उपाध्यायको कि.नं. ३२०८ मा स्रेस्ताभन्दा ज.वि.०-०-०-३ जग्गा बढी नै देखिएको समेतबाट कि.नं.३२०८ को जग्गामध्ये दक्षिणतर्फबाट ज.वि. ०-०-११/२ धुर जग्गा खिचोला गरेको भन्ने वादी दाबी पुग्न नसक्ने ठहर गरी रौतहट जिल्ला अदालतबाट भएको फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालत हेटौँडाबाट मिति २०६९।७।२० मा भएको फैसलालाई अन्यथा भन्न मिल्ने नदेखिँदा उक्त फैसला उल्टी हुनुपर्दछ भन्ने पुनरावेदक/वादीको पुनरावेदन जिकिरसँग इजलास सहमत हुन नसक्ने।

अतः पुनरावेदक/वादीको कि.नं. ३२०८ को जग्गामध्ये दक्षिणतर्फबाट प्रत्यर्थी/प्रतिवादी सीतादेवी तेली ज.वि. ०-०-११/२ धुर जग्गा खिचोला गरेको भन्ने वादी दाबी पुग्न नसक्ने ठहराई रौतहट जिल्ला अदालतबाट भएको फैसला सदर गरेको पुनरावेदन अदालत हेटौंडाबाट मिति २०६९।७।२० मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः शिवप्रसाद पराजुली
कम्प्युटर अपरेटरः मन्जिता ढुंगाना
इति संवत् २०७८ साल मंसिर २२ गते रोज ४ शुभम्।

**५५**

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री कुमार रेग्मी,** *०७२-CR-०७५९, जबरजस्ती करणी उद्योग, नेपाल सरकार वि. गोपाल भन्ने काले कामी*

प्रतिवादी अधिकारप्राप्त अधिकारीसमक्ष साबिती रहेको तथा पीडितको स्वास्थ्य परीक्षण गर्ने विशेषज्ञले सामान्य घर्षणको कारणले रातो दाग भएको हुन सक्छ भन्ने आशंका देखाएको र सो घर्षण जबरजस्ती करणी उद्योगको कारणबाट भएको हो भन्ने किटानी नभएको अवस्थामा सोही आधारमा मात्र प्रतिवादीलाई दोषी ठहऱ्याई सजाय गर्न न्यायोचित नहुने भएकाले यस अदालतबाट मिति २०७४।१२।६ मा प्रत्यर्थी झिकाउँदा लिइएका आधार र कारणसँग सहमत हुन नसकिने।

तसर्थ, प्रतिवादी गोपाल भन्ने काले कामीउपरको अभियोग मागदाबी पुष्टि हुन सक्ने अवस्था विद्यमान रहेको नदेखिँदा निजलाई अभियोग दाबीबमोजिम सजाय गर्ने गरी भएको रोल्पा जिल्ला अदालतको मिति २०७१।३।२३ को फैसला उल्टी

गरी प्रतिवादीले अभियोग दाबीबाट सफाइ पाउने गरी भएको पुनरावेदन अदालत तुलसीपुरको मिति २०७२।३।६ को फैसला मिलेकै देखिँदा सदर हुने । पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: हेमराज शर्मा

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७८ साल पौष ९ गते रोज ६ शुभम् ।

## इजलास नं. ९

### ५६

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री टंकबहादुर मोक्तान,** *०७४-CR-०९८६, कर्तव्य ज्यान, किप्पाछिरिङ थोकर वि. नेपाल सरकार*

प्रतिवादीले मृतकलाई कुटपिट गरेको होइन भनी आरोपित कसुरमा इन्कार रही अदालतमा बयान गरे तापनि निजले अधिकारप्राप्त अधिकारीसमक्ष मृतकलाई इँट्टाले टाउकामा प्रहार गरेको र सो प्रहारबाट मृतकको मृत्यु भएको हो भनी कसुरलाई स्वीकार गरी बयान गरेको, निजको उक्त बयानअनुरूप घटनास्थलमा मृतक रणबहादुर तामाङको लास रहेको पाइएको, लास नजिकैबाट मृतकलाई प्रहार गरिएको भनिएको इँट्टासमेत फेला परेको भन्ने लासजाँच प्रकृति मुचुल्कामा उल्लेख भएको, उक्त लासजाँच मुचुल्कामा प्रतिवादी रोहवरमा बसी सहीछापसमेत गरेको देखिएको, सोमा प्रतिवादीले विवाद गरेको नपाइएको, मृतकको मृत्युको कारण (Cause of death) मा BLUNT FORCE INJURIES TO HEAD भन्ने लासजाँच प्रतिवेदन (Autopsy) बाट देखिएको र मृतकलाई कुटपिट गरेमा इन्कार रही अदालतमा बयान गर्ने प्रतिवादीले आफूउपर आक्रमण गर्दा आफ्नो बचाउमा प्रत्याक्रमणको लागि इँट्टाले प्रहार गर्दा टाउकोमा लाग्न गई मृतकको मृत्यु भएको हो भनी पुनरावेदनमा उल्लेख गरेबाट प्रतिवादीको प्रहारबाट मृतकको मृत्यु भएको तथ्य स्थापित भएको ।

आफू सुतिरहेको अवस्थामा मृतक मातेर आई आफ्नो कोठाको ढोकामा लागेको चुकुल तोडी निज भित्र पसी आफूसँग झगडा गरी आफूलाई उत्तेजित बनाएकोले आफूले मृतकलाई प्रहार गरेको भन्ने प्रतिवादीको बयान भनाइ निजले पुष्टि गर्न सकेको देखिँदैन भने मिसिल संलग्न संकलित कागज प्रमाणबाट पनि सो पुष्टि हुन आउँदैन र वारदात निजको कोठाभित्र भएको नभै निर्माणाधीन घरको प्यासेजमा भएको घटनास्थल मुचुल्काबाट प्रष्टिएको छ । यसप्रकार वारदात स्थितिलाई मनन् गर्दा प्रस्तुत वारदातलाई आवेशप्रेरित हत्या मानी उपर्युक्त साबिक मुलुकी ऐन, ज्यानसम्बन्धीको १४ नं. बमोजिम सजाय हुने भन्न मिल्ने नदेखिएकोले सो बमोजिम हुनुपर्ने भन्ने निज पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर एवं निजको तर्फबाट प्रस्तुत बहस जिकिरसँग सहमत हुन नसकिने ।

अतः प्रतिवादी किप्पाछिरिङ थोकरले मृतकलाई कर्तव्य गरी मारेको पुष्टि हुन आएकाले निज प्रतिवादीलाई अभियोग माग दाबीबमोजिम तत्काल प्रचलित मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. र १३(३) नं. को कसुर अपराधमा सोही १३(३) नं. अनुसार सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहऱ्याएको सुरू काठमाडौं जिल्ला अदालतको फैसला सदर गर्ने गरेको उच्च अदालत पाटनको फैसला मिलेको देखिँदा अन्यथा गरिरहनुपर्ने अवस्था नदेखिएकोले यस अदालतको प्रत्यर्थी झिकाउने आदेशसँग सहमत हुन सकिएन । केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२)(क) मा कुनै कसुरको सजाय साबिक ऐनमा मुलुकी अपराध संहितामा लेखिएको भन्दा बढी रहेछ भने संहितामा लेखिएको हदसम्म मात्र सजाय हुनेछ भन्ने कानूनी व्यवस्था भएको र मुलुकी अपराध

संहिता, २०७४ मा सर्वस्वसहित जन्म कैदको कानूनी व्यवस्था नभएको र ऐ. को दफा १७७ (२) मा ज्यान मार्ने कसुर गर्ने गराउने व्यक्तिलाई जन्मकैदको सजाय मात्र हुने भनी कानूनी व्यवस्था रहेभएको देखिएकोले प्रस्तुत मुद्दामा पुनरावेदक प्रतिवादीलाई दाबी अनुसार साबिक मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. अनुसार सर्वस्वसहित जन्मकैद नहुने भई निजलाई जन्मकैदको मात्र सजाय हुने।

साथै प्रतिवादी किप्पाछिरिङ थोकरले मृतक रणबहादुर तामाङलाई पूर्वयोजना बनाई योजनाबमोजिम हत्या गरेको देखिँदैन । जोखिमी हतियारको प्रयोग गरेको नभई प्रतिवादीले मृतकलाई वारदातस्थलमा भएको ईँट्टा टिपी प्रहार गर्दा लागेको चोटको कारणबाट मृतकको मृत्यु भएको भन्ने देखिन आएको र मृतक मादक पदार्थ सेवन गर्ने आदत परेका व्यक्ति भएका र वारदातको रातसमेत मृतकले मादक पदार्थ सेवन गरी प्रतिवादीसँग झगडा गरेबाट वारदात हुन गएको देखिन आएको, धारिलो वा जोखिमी हतियारको प्रयोग नभएको, निजको कुनै आपराधिक पृष्ठभूमि रहेको नदेखिएको स्थितिमा वारदातको स्थिति, प्रकृति एवं कारकतत्वसमेतलाई दृष्टिगत गर्दा प्रतिवादीलाई कानूनबमोजिम सजाय गर्दा चर्को पर्न जाने देखिएकाले तत्काल प्रचलनमा रहेको मुलुकी ऐन, अ.बं.१८८ नं. तथा हाल प्रचलनमा रहेको फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १७क.(१) बमोजिम प्रतिवादीलाई १० वर्ष कैद गर्नु मनासिब हुने देखिँदा निज प्रतिवादीलाई १० वर्ष मात्र कैद सजाय हुने।

इजलास अधिकृत: मतिना शाक्य

इति संवत २०७८ साल माघ २७ गते रोज ५ शुभम्।

५७

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७८-WH-००३७, बन्दीप्रत्यक्षीकरण, परिवर्तित नाम विर्ता (श) ०७७/०७८ समेत वि. पर्सा जिल्ला अदालत, पर्सासमेत*

रिट निवेदकमध्ये विर्ता (श) को उमेर १५ वर्षको देखिएको, बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ को दफा १०३(१)(क) को कसुरमा सोही ऐनको दफा १०४(१)(क) बमोजिमको कसुरमा बिगो जफत गरी बिगोको तीन गुणासम्म जरिवाना र पाँच वर्षसम्म कैदको माग गरिएको र बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६ (३) बमोजिम चौध वर्ष वा सोभन्दा माथि र सोह्र वर्षभन्दा कम उमेरको बालबालिकाले कुनै कसुरजन्य कार्य गरेको भए निजलाई कानूनबमोजिम उमेर पुगेको व्यक्तिलाई हुने सजायको आधा सजाय हुनेछ भन्ने व्यवस्थाबमोजिम निजलाई प्रस्तावित सजाय ५ वर्षको आधा भनेको २ वर्ष ५ महिना कैद सजाय हुन सक्ने देखिए पनि निजको नेपालमा स्थायी बसोबास नभई मोतिहारी जिल्ला भारतको नागरिक भएको अवस्थामा बालसुधार गृहमा नराखी छोडिदिँदा निज भागेर भारत जाने सम्भावना रहेको अवस्थामा अभियोग दाबी पुष्टि हुँदाका बखत हुने सजाय कार्यान्वयन गर्न जटिलता सृजना हुने हुँदा निजलाई बालसुधार गृहमा राख्ने गरी भएको आदेश कानूनसम्मत नै देखिन आएको।

अर्का निवेदक विर्ता (क) को उमेर १७ बर्ष देखिएको तथा निजलाई समेत ५ वर्ष कैद सजायको माग गरिएको अवस्थामा बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६(४) बमोजिम निजले पाउन सक्ने दुई तिहाई कैद सजाय भनेको ३ वर्ष ४ महिना हुन आउने देखिएकोले र मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६७ को (१)(ख) बमोजिम तीन वर्षभन्दा बढी कैदको सजाय हुन सक्ने देखिएकोले निजलाई बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा २४(२) बमोजिम बालसुधार गृहमा राख्ने गरी पर्सा जिल्ला अदालतबाट भएको आदेश कानूनसम्मत नै देखिन आयो। मुद्दाको कारबाहीको सिलसिलामा निज निवेदकलाई अदालतको आदेशबमोजिम बालसुधार

गृहमा राखेको देखिँदा उक्त थुनालाई गैरकानूनी मान्न नमिल्ने।

रिट निवेदकहरूलाई पुर्पक्षको लागि बालसुधार गृहमा राख्ने गरी पर्सा जिल्ला अदालतबाट मिति २०७८।२।१७ गते भएको आदेशलाई सदर गर्ने गरी उच्च अदालत जनकपुर अस्थायी इजलास वीरगञ्जबाट मिति २०७८।४।२८ मा भएको आदेश कानूनसम्मत देखिँदा निवेदकको मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न मिलेन । रिट निवेदन खारेज हुने।

बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३० को उपदफा (३) बमोजिम बाल इजलास गठन गरी कारबाही र सुनुवाइ गरेको नदेखिएको, सोही ऐनको उपदफा (६) बमोजिम उमेर पुगेका व्यक्तिको हकमा छुट्टै मिसिल खडा गरी मुद्दाको कारबाही, सुनुवाइ र किनारा गर्नुपर्नेमा सोबमोजिम गरेको नदेखिएको हुँदा निवेदकहरूको हकमा तथा अब उप्रान्त बालबालिकासम्बन्धी मुद्दामा समेत बाल इजलासबाट कारबाही, सुनुवाइ र किनारा गर्न तथा कुनै कसुरमा उमेर नपुगेका बालबालिका र उमेर पुगेका प्रतिवादीहरूको संलग्नता भएमा बालबालिकाको हकमा बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३० बमोजिमको कार्यविधि पूरा गरी मुद्दाको कारबाही, सुनुवाइ र किनारा गर्नु भनी पर्सा जिल्ला अदालतको नाममा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृतः उदवीर नेपाली

इति संवत् २०७८ भदौ ३० गते रोज ४ शुभम्।

५८

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७७-WH-००३९, बन्दीप्रत्यक्षीकरण, गोपाल भन्ने अंगत खत्री वि. भक्तपुर जिल्ला अदालत, भक्तपुरसमेत*

निवेदक पक्राउ परेको मिति २०७५।६।२ देखि हालसम्म अर्थात् आजको दिन २०७७।८।३० सम्म थुनामा रहँदा २।२।२८ (दुई वर्ष, दुई महिना, अट्ठाइस दिन) थुनामा रहेको र अनुसन्धानको क्रममा धरौट बुझाई थुना मुक्त हुँदाको दिनसम्म बसेको थुना ०।८।११ (आठ महिना, एघार दिन) समेतले जम्मा २।११।९ (दुई वर्ष, एघार महिना नौ दिन) थुनामा बसेको देखिँदा निवेदकलाई लागेको कैद भुक्तान भएको देखिन्छ । जरिवाना नबुझाए यी निवेदकले कतिसम्म जरिवानाबापत कैद बस्नु पर्ने हो? सो नै मुख्य निर्णयको विषय हुन आयो। मुलुकी अपराध संहिता, २०७४ को दफा २४९ को उपदफा ३ को खण्ड (ग) मा "खण्ड (क) र (ख) मा लेखिएदेखि बाहेक अन्य कुनै किसिमले ठगी गरेमा ७(सात) वर्षसम्म कैद र रू. ७०,०००।- (सत्तरी हजार) रूपैयाँसम्म जरिवाना" हुने कानूनी व्यवस्था रहेको छ । प्रस्तुत मुद्दामा मुलुकी अपराध संहिताको दफा २४९ को उपदफा ३ को खण्ड (क) र (ख) को अवस्थामा ठगी गरेको नभई खण्ड (ग) को अवस्थामा ठगी गरेको पाइन्छ । हाल प्रचलित मुलुकी अपराध संहिताको दफा २४९ को उपदफा ३ खण्ड (ग) ले खण्ड (क) र (ख) बाहेको ठगी मुद्दामा रू. ७०,०००।- (सत्तरी हजार) भन्दा बढी जरिवाना हुन सक्ने अवस्था देखिँदैन । फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ५ मा "कुनै कसुरका सम्बन्धमा कसुर गर्दाका बखतभन्दा सजाय निर्धारण गर्दाका बखत कानूनबमोजिम घटी सजाय हुने रहेछ भने घटी सजाय हुने गरी सजाय निर्धारण गर्नुपर्ने छ" भन्ने कानूनी व्यवस्था रहेको छ, त्यस्तै केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(१) ले मुलुकी ऐनलाई खारेज गरेको छ। ऐ. दफा ३९ (२) अनुसार उपदफा १ बमोजिम खारेज भएका कानूनबमोजिम यो ऐन प्रारम्भ हुँदाका बखत प्रारम्भ भएको वा भइसकेको देहायका काम कारबाहीको सम्बन्धमा देहायबमोजिम हुनेछ भनी सोही ऐनको देहाय २(ख) मा "कुनै कानूनअन्तर्गत कुनै अदालतमा दायर भएको कुनै फौजदारी कसुरका

मुद्दामा सजाय गर्नुपर्दा सोही कानूनबमोजिम नै गर्नुपर्ने छ तर कुनै फौजदारी कसुरको सजाय मुलुकी अपराध संहितामा लेखिएभन्दा बढी रहेछ भने मुलुकी अपराध संहितामा लेखिएको हदसम्म मात्र सजाय हुने छ" भन्ने कानूनी व्यवस्था रहेबाट मुलुकी ऐन खारेज भइसकेको अवस्थामा मुलुकी अपराध संहिता, २०७४ को दफा २४९ को उपदफा १, २ र ३ ले ठगी गर्न नहुने र ठगी गरेमा सोही महलको सोही दफाबमोजिम सजाय हुने देखिँदा निज निवेदकलाई दफा २४९ को उपदफा ३ को खण्ड (ग) बमोजिम ठगी गरेमा हुने जरिवानाको उपल्लो हद रू. ७०,०००।- (सत्तरी हजार) नै जरिवाना कायम गर्नुपर्ने देखिन आयो। प्रतिवादीलाई लागेको कैद भुक्तान भइसकेको जरिवानाबापत कैद गर्दा जरिवानाको अधिकतम हद रू. ७०,०००।- (सत्तरी हजार) कायम गरी कैदी पुर्जी दिई कैदमा राख्नुपर्नेमा जरिवानाबापत ४(चार) वर्ष कायम गरी दिएको कैदी पुर्जी मुलुकी अपराध संहिता, २०७४ को दफा २४९ विपरीत भई उत्प्रेषणको आदेशले बदर गरिदिएको।

अब, जरिवानाको उपल्लो हद रू. ७०,०००।- (सत्तरी हजार) बापत एक दिनको रू. ३०० का दरले कैद गर्दा जरिवानाबापत ०।७।२४ (सात महिना, चौबीस दिन) कैदमा बस्नुपर्ने हुन्छ। निवेदकलाई ०७०-CR-०१३२ को ठगी मुद्दामा भएको कैद १।०।० (एक वर्ष) र जरिवाना नबुझाए सोबापत हुने कैद ०।७।२४ (सात महिना, चौबीस दिन) गरी जम्मा १।७।२४ (एक वर्ष, सात महिना, चौबीस दिन) कैदमा बस्नुपर्ने देखिन्छ। निवेदक अनुसन्धानको क्रममा मिति २०७०।१२।१९ मा पक्राउ परी मिति २०७१।९।१ मा धरौट बुझाइ तारेखमा रहेको हुँदा ०।८।११ (आठ महिना, एघार दिन) थुनामा बसेको देखियो। फैसला कार्यान्वयनको क्रममा मिति २०७५।६।२ देखि आजसम्म अर्थात् मिति २०७७।८।३० सम्म २।२।२८ (दुई वर्ष, दई महिना, अठाइस दिन) गरी जम्मा २।११।९ (दुई वर्ष, एघार महिना, नौ दिन) थुना र कैदमा बसेको देखियो। निवेदकलाई लागेको कैद र जरिवानाबापत समेत प्रस्तुत मुद्दामा जम्मा १।७।२४ (एक वर्ष, सात महिना, चौबीस दिन) कैदमा बस्नुपर्नेमा २।११।९ (दुई वर्ष, एघार महिना, नौ दिन) थुना र कैदमा बसेको देखिँदा १।३।१५ (एक वर्ष, तीन महिना, पन्ध्र दिन) बढी कैदमा बसेको देखिने।

तसर्थ, फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ५ तथा केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२)(ख) बमोजिम परिवर्तित कानून मुलुकी अपराध संहिता, २०७४ मा तोकिएभन्दा बढी सजाय गर्ने गरिदिइएको मिति २०७५।०६।०२ को कैद पूर्जी कानूनअनुकूल देखिएन। परिणामतः निवेदकलाई अहिले गैरकानूनी रूपमा थुनामा राखिएको देखिन आउने।

अतः रिट निवेदकलाई अदालतको फैसलाबमोजिम ठगी मुद्दामा लागेको कैद तथा जरिवाना असुल भइसकेको देखिँदा निजलाई कैदमा राखिरहनु गैरकानूनी देखिन आएकाले निवेदक गोपाल भन्ने अंगत खत्रीलाई अन्य मुद्दा वा कारबाहीबापत थुनामा राख्नु नपर्ने भए प्रस्तुत ठगी मुद्दाबाट थुनामुक्त गरिदिनु भनी नेपालको संविधानको धारा १३३(२) र (३) तथा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३७ बमोजिम विपक्षीहरूको नाउँमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिदिएको।

इजलास अधिकृत: प्रेमप्रकाश थापा / विकाशकुमार रजक

इति संवत् २०७७ मङसिर ३० गते रोज ३ शुभम्।

## इजलास नं. १०

### ५९

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७३-CR-०५०८, ०७३-*

*CR-०६२४, जबरजस्ती चोरी तथा कर्तव्य ज्यान, छत्रबहादुर खड्कासमेत वि. नेपाल सरकार, नेपाल सरकार वि. सेते भन्ने सेतिराम जैशीसमेत*

प्रतिवादीहरू छत्रबहादुर खड्का र झब्बु चौधरीको हकमा विचार गर्दा निज प्रतिवादीहरूले अधिकारप्राप्त अधिकारीसमक्ष र अदालतमा गरेको बयानमा मृतक डबले ढोलीलाई आफूहरूले पिटेको हुँ भनी स्वीकार गरेकै देखिन्छ । रातको २ बजेको समयमा आमा लक्ष्मी ढुङ्गाना र छोरी निता ढुङ्गाना मात्र घरमा रहे भएको अवस्थामा रक्सी खाइ मातेर घरको ढोका हान्न जाँदा घरमा रहेकी लक्ष्मी ढुङ्गानाले छिमेकीहरूसँग हारगुहार गरी मद्दत माग गरेको देखिन्छ । प्रतिवादीहरू लक्ष्मी ढुङ्गानाको हारगुहार सुनी वारदातस्थलमा गएको र मृतक डबले ढोलीलाई गालामा २ थप्पड लगाई निजको हात बाँधी सडकसम्म ल्याएको भन्ने कुरामा यी दुवै प्रतिवादीहरू साबित नै देखिन्छन् । रातको २ बजे रक्सी खाई मृतकको अस्वाभाविक व्यवहारबाट उठेको रिस थाम्न नसकी मृतक डबले ढोलीलाई गालामा २ थप्पड लगाई निजको हात बाँधी सडकसम्म छोडेको देखिन्छ । तर मृतकको दाहिने फोक्सोमा भित्र गहिरो चोट लाग्न गई सोही चोटका कारण मृतकको मृत्यु हुन गएको भनी शव परीक्षण प्रतिवेदनमा लेखाएको देखिएबाट निज प्रतिवादीहरूले छाडेको चोटकै प्रहारबाट निजको फोक्सोमा समेत बढी पीडा पर्न गएको कारणबाट मृतकको मृत्यु भएको भनी यकिन साथ पुष्टि भएको र भन्न सकिने अवस्था देखिँदैन । प्रतिवादीहरू र मृतकबिच कुनै पूर्वरिसइवी छैन, वारदातको लागि कुनै तयारी पनि छैन, मार्ने मनसाय पनि देखिँदैन । मृतक आफैँ बढी रक्सी सेवन गरी मातेर महिला मात्र भएको घरमा गई ढोका हान्दा महिलाले गुहार मागी बोलाएको व्यक्तिमध्ये प्रतिवादीमध्ये झब्बु चौधरी र छत्रबहादुर खड्काले गरेको कुटपिटको चोटबाट निजको मृत्यु भएको देखिन्छ । वारदातको पृष्ठभूमि हेर्दा, मृतककै कारणले वारदात घटेको देखिन्छ । चोट छाड्ने प्रतिवादीहरू झब्बु चौधरी र छत्रबहादुरको मृतकसँग पुरानो कुनै रिसइवी र तयारी र मार्ने मनसाय नदेखिएको र मृतककै कारणले तत्कालैको अवस्थामा सृजना भएको घटना र वारदातको परिणाम स्वरूप मृतक डबले ढोलीको मृत्यु भएको स्थितिमा र साथै प्रतिवादीहरूमध्ये क-कसको प्रहारबाट मृतक डबले ढोलीको मृत्यु हुन गएको भनी वस्तुनिष्ठ प्रमाणबाट पुष्टि हुन नसकेको अवस्थामा प्रतिवादीहरू झब्बु चौधरी र छत्रबहादुर खड्कालाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र १४ नं. बमोजिमको कसुर कायम गरी १०-१० वर्ष कैद सजाय हुने गरी सुरू फैसला सदर ठहर्‍याएको पुनरावेदन अदालत दिपायल, डोटीको फैसला न्यायसङ्गत नदेखिने ।

अर्का प्रतिवादीहरू लक्ष्मी ढुङ्गाना, निता ढुङ्गाना र चन्द्रा सुनारका हकमा विचार गर्दा, उक्त वारदात भएको रात प्रतिवादी लक्ष्मी ढुङ्गाना, निता ढुङ्गाना र चन्द्र सुनारले मृतकलाई हातपात गरेको, लक्ष्मी ढुङ्गानाले मृतकलाई लछारपछार गरेको र निता ढुङ्गानाले मृतकलाई बाँध्न रस्सी ल्याइदिएको भनी अधिकारप्राप्त अधिकारीसमक्ष र अदालतमा बयान गरेको देखिन्छ । योदेखिबाहेक निजहरूले मृतकलाई मार्ने कार्यमा कुनै सहयोग गरेको, मार्न संयोग पारिएको आदि केही केही भूमिका निर्वाह गरेको देखिन आउँदैन । यसरी निज प्रतिवादीहरूले वारदात हुँदा सो वारदात रोक्ने प्रयास नगरी हेरिरहेको देखिन्छ । रक्सीले मातिएको, छाति, खुट्टा र हातमा निलडामहरू भएको, दुवै हातमा रस्सीले बाँधेको, शरीरका विभिन्न भागमा घाउ भएको, शरीरको माथिल्लो भागमा लुगा नभएको मृतक डबले ढोलीलाई प्रतिवादीहरू झब्बु

चौधरी र छत्रबहादुर खड्काले गालामा २ थप्पड लगाई हात बाँधी सडकसम्म ल्याई छोडेकोसमेतको आधारमा प्रतिवादीहरू लक्ष्मी ढुङ्गाना, निता ढुङ्गाना र चन्द्रा सुनारले निज मृतकलाई बचाउन कुनै प्रयास नगरेको घाइतेलाई उठाउने जस्ता कार्य नगरी औषधी उपचार गराउनेतर्फ केही गरेको अवस्था नदेखिँदा प्रतिवादीहरूसँग साथ रही हेरी बसेको र उक्त वारदातको सम्बन्धमा सम्बन्धित निकायमा सूचनासमेत दिएको देखिँदैन। प्रतिवादीहरूले मृतकलाई चोट छाडने कुनै कार्य नगरे पनि प्रतिवादी झब्बु चौधरी र छत्रबहादुरले चोट छाड्दा, नकुट नपिट भनी भन्न र रोक्नसमेत नसकी प्रतिवादीले छाडेको चोटलाई हेरर सोलाई समर्थन गरी बसेको अवस्था देखिन्छ। प्रतिवादीमध्ये लक्ष्मी ढुंगानाले हार गुहारमा छिमेकी प्रतिवादीहरू बोलाएको कारणले उपस्थित भएका छिमेकीहरूबाट नै उक्त वारदात घटन गएको हुँदा उक्त घटना घट्नुको फौजदारी दायित्वबाट प्रतिवादीहरू लक्ष्मी ढुंगाना, नीता ढुंगाना र चन्द्र सुनालाई पृथक गर्न मिल्ने देखिँदैन । निजहरूको क्रिया पनि अन्य प्रतिवादीहरूसरह भवितव्यको कसुरको दायराभित्र नै पर्ने देखिन्छ। प्रतिवादीहरू लक्ष्मी ढुङ्गाना, निता ढुङ्गाना र चन्द्रा सुनारलाई सोही महलको १७(३) नं. अनुसार जनही १ वर्ष कैद सजाय गर्ने गरी सुरू सदर गरेको पुनरावेदन अदालत दिपायलबाट भएको फैसला कानूनसम्मत नदेखिएकोले प्रतिवादीहरूलाई अभियोग दाबीबमोजिम नै सजाय गरिपाउँ भन्ने पुनरावेदक/वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अर्का प्रतिवादीहरू सेतीराम जैसी, किरण रावल र लालीदेवी खड्काको हकमा विचार गर्दा, प्रतिवादीहरूमध्येका सेतीराम जैशीले मौकामा तथा अदालतमा आई बयान गर्दा वारदातमा आफ्नो उपस्थिति नरहेको भनी इन्कारी बयान गरेको र चोटपटक लागेको डबले ढोलीलाई बाटो नजिकसम्म पुऱ्याएको भन्ने देखिन्छ । प्रतिवादी सेतेराम जैशीले मृतकलाई कृटपिट गरेका हुन् भनी अन्य सहप्रतिवादीहरूको बयानबाट समेत खुल्न आउँदैन। प्रतिवादीमध्येका किरण रावलले मृतकको हातमा बाँधेको डोरी खोलिदिएको भनी मौकामा तथा अदालतमा आई गरेको बयानमा स्वीकार गरेका प्रतिवादी लालीदेवी खड्काले अन्य प्रतिवादीहरूले मृतकलाई पिट्न खोज्दा रोकेको भन्ने मिसिल संलग्न प्रमाण र अन्य प्रतिवादीहरूको बयानबाट समेत खुल्न आएको देखिँदा प्रतिवादीहरू सेतीराम जैसी, किरण रावल र लालीदेवी खड्काको उक्त वारदातमा संलग्न रहेको बारेमा जाहेरवालालगायतका अन्य बुझिएका व्यक्तिहरूले समेत किटानीसाथ खुलाएको नदेखिँदा उक्त वारदातमा प्रतिवादीहरूको संलग्नता पुष्टि नभएको भनी आरोपित कसुरबाट सफाइ दिने र चोरीको कसुरबाट सम्पूर्ण प्रतिवादीहरूलाई सफाइ दिने गरी सुरू अदालतबाट भएको फैसलालाई सदर हुने ठहऱ्याई पुनरावेदन अदालत दिपायलबाट भएको फैसला सो हदसम्म मनासिब नै देखिएकोले प्रतिवादीहरूलाई अभियोग दाबीबमोजिम नै सजाय गरिपाउँ भन्ने पुनरावेदक/वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

प्रतिवादीहरूले उक्त वारदात हुँदाका बखत मृतक डबले ढोलीसँग साथमा रहेको जम्मा मुल्य रू.६,२०,६००/- बराबरको नगद तथा अन्य धनमाल लुटि प्रतिवादीहरूले सामूहिक रूपमा कुटपिट गरी कर्तव्य गरी मारेको हुँदा सो नगद तथा धनमालसमेत प्रतिवादीहरूबाट भराइपाउँ भनी पुनरावेदक/वादीको पुनरावेदन जिकिर रहेतर्फ विचार गर्दा, प्रस्तुत वारदातको अभियोगपत्र साथ दशीको रूपमा पेस

भएको Micromax मोबाइल मृतक डबले ढोलीको रहेको नदेखिएको र चोरी भएको भनिएको सुन, नगद तथा धनमाल बरामद भएको नदेखिनुका साथै सो कुरालाई पुष्टि गर्ने किसिमको अन्य प्रमाण पुनरावेदक/वादीले पेस गर्न सकेको नदेखिँदा चोरीको कसुरबाट सम्पूर्ण प्रतिवादीहरूलाई सफाइ दिने गरी सुरू फैसला सदर गरेको पुनरावेदन अदालत दिपायलबाट भएको फैसला मनासिब नै देखिन आउने।

तसर्थ, प्रतिवादीद्वय छत्रबहादुर खड्का र झब्बु चौधरीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १, १४ नं. को कसुरमा सोही दफाबमोजिम १०/१० वर्ष कैद र अन्य प्रतिवादीहरू लक्ष्मी ढुङ्गाना, नीता ढुङ्गाना र चन्द्रा सुनारलाई सोही महलको १७(३) नं. को कसुरमा सोही दफाबमोजिम जनही १/१ वर्ष कैद गर्ने गरेको तत्कालीन पुनरावेदन अदालत दिपायलबाट मिति २०७३।३।१९ मा भएको फैसला नमिलेको हुँदा सो हदसम्म केही उल्टी भई प्रतिवादीहरूलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको ५ नं. को भवितव्यको कसुरमा प्रतिवादीमध्ये छत्रबहादुर खड्का र झब्बु चौधरीलाई सोही महलको ६(२) नं. बमोजिम २ (दुई) वर्ष कैद हुने।

प्रतिवादीहरू लक्ष्मी ढुङ्गाना, नीता ढुङ्गाना र चन्द्रा सुनारले पुनरावेदन अदालत दिपायबाट मिति २०७३।३।१९ मा भएको फैसलाउपर पुनरावेदन नगरे पनि मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको २०५ नं. र मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४४ (२) मा "... पुनरावेदन नगर्ने कसुरदार वा प्रतिवादीको हकमा तल्लो अदालतको फैसला फरक पर्ने देखिएमा पुनरावेदन सुन्ने अदालतले सोको कारण खुलाई त्यस्तो कसुरदार वा प्रतिवादीको हकमा पनि उपदफा (१) मा उल्लिखित अधिकारको प्रयोग गरी कानूनबमोजिम फैसला गर्न सक्ने छ" भन्ने प्रष्ट कानूनी व्यवस्था भएको पाइन्छ। तसर्थ निजहरूले पुनरावेदन नगरे पनि पुनरावेदन गर्ने प्रतिवादीहरू छत्रबहादुर खड्का र झब्बु चौधरीको हकमा सुरू र पुनरावेदन अदालतले गरेको फैसला केही उल्टी भएको हुँदा प्रतिवादीहरू लक्ष्मी ढुङ्गाना, नीता ढुङ्गाना र चन्द्रा सुनारका हकमा समेत पुनरावेदन अदालत दिपायलबाट मिति २०७३।३।१९ मा भएको फैसला केही उल्टी भई उपर्युक्त प्रतिवादीहरूलाई सजाय भएसरह निज प्रतिवादीहरूलाई पनि मुलुकी ऐन, ज्यानसम्बन्धी महलको ६(४) नं. बमोजिम जनही ६ महिना कैद हुने ठहर्छ। साथै अर्का प्रतिवादीहरू सेतीराम जैसी, किरण रावल र लालीदेवी खड्काले मृतक डबले ढोलीलाई मार्ने कार्यमा निजहरूको संलग्नता पुष्टि नभएको भनी आरोपित कसुरबाट सफाइ दिने र चोरीको कसुरबाट सम्पूर्ण प्रतिवादीहरूलाई सफाइ दिने गरी सुरू कैलाली जिल्ला अदालतबाट भएको फैसलालाई सदर ठहऱ्याई पुनरावेदन अदालत दिपायलबाट भएको फैसला सो हदसम्म मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: अनु याकामी

कम्प्युटर: अमिररत्न महर्जन

इति संवत् २०७८ साल असार २५ गते रोज ६ शुभम्।

## ६०

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री कुमार रेग्मी,** *०७५-CR-२००२, ०७५-CR-२४८९, लागु औषध, नेपाल सरकार वि. विजय घर्ती, विकास बाबु वि.एम वि. नेपाल सरकार*

प्रतिवादी बसेको न्यु नेपाल गेष्ट हाउसको २०५ नं.कोठामा खैरो झोलामा प्लाष्टिक भित्र रहेको ५ किलो अफिम जस्तो पदार्थ प्रहरी टोलीले फेला पारी बरामद गरी लिएको भन्ने बरामदी खानतलासी मुचुल्काबाट देखिन्छ । बरामदित लागु औषध अफिम रहेको भन्ने राष्ट्रिय विधिविज्ञान प्रयोगशालाबाट

प्राप्त परीक्षण प्रतिवेदनबाट देखिन्छ । प्रतिवादीले अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा, मिति २०७३/०२/१० गते रूकुमबाट नेपालगन्ज आउने गाडी चढी नेपालगन्ज बसपार्कमा रहेको न्यु नेपाल गेष्ट हाउसको कोठा नं.२०५ मा बसेको अवस्थामा प्रहरीले चेकजाँच गर्दा मैले ल्याएको अफिमसहित पक्राउमा परेको हुँ, बरामद अफिम मैले मेरो मामाको छोरा दाजु नाता पर्ने विजय घर्तीसँग, पैसा पछि दिने गरी प्रतिकिलो रू.३५,०००।- प्रति के.जी.का दरले खरिद गरी बिक्री गर्नको लागि ल्याएको हुँ भनी कसुरमा साबित भई बयान गरेको देखिन्छ। प्रतिवादीले अदालतसमक्ष कसुरमा इन्कार रही बयान गरे तापनि न्यु नेपाल गेष्ट हाउसको कोठा नं.२०५ मा बसेको कुरा स्वीकार गरेको देखिन्छ भने सोही कोठाबाट उक्त लागु औषध बरामद भएको देखिन्छ। उक्त लागु औषध अरू कसैको हो भनी प्रतिवादीले खुलाउन सकेको समेत देखिँदैन । प्रतिवेदकहरूले मौकाको प्रतिवेदन बेहोरा समर्थित हुने गरी अदालतमा उपस्थित भई बकपत्र गरिदिएको आधार प्रमाणसमेतबाट प्रतिवादी विकास बाबु वि.एम.ले अभियोग दाबीबमोजिम कसुर गरेको भन्ने पुष्टि हुन आयो। तसर्थ, खानतलासी बरामदी मुचुल्का, प्रतिवेदकको प्रतिवेदन र सो प्रतिवेदनलाई समर्थन पुग्ने गरी अदालतमा उपस्थित भई निज प्रतिवेदकहरूले गरिदिएको बकपत्र र पुनरावेदक प्रतिवादी विकास बाबु वि.एम.ले अनुसन्धान अधिकारीसमक्ष कसुरमा साबित भई गरेको बयान, परीक्षण प्रतिवेदन एवं मौकामा घटना विवरण कागज गर्ने मानिसहरूको किटानी कागज समेतका आधार प्रमाणबाट यी पुनरावेदक/प्रतिवादी विकास बाबु वि.एम.ले लागु औषध(नियन्त्रण) ऐन, २०३३ को दफा ४ को(घ) र (च) बमोजिमको कसुर गरेको कुरा पुष्टि हुन आएकोले निज प्रतिवादी विकास बाबु वि.एम.लाई सोही लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१) को देहाय (छ)(३) बमोजिम १५ वर्ष कैद र रू.५,००,०००।– (पाँच लाख) रूपैयाँ जरिवाना हुने ठहऱ्याई सुरू बाँके जिल्ला अदालतबाट मिति २०७४/०७/२९ मा भएको फैसलालाई सदर हुने ठहऱ्याई उच्च अदालत तुलसीपुर, नेपालगन्ज इजलासको मिति २०७५।९।१७ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ ।

प्रतिवादी विजय घर्ती प्रतिवादी विकास बाबु वि.एम.सँग मौकामा एकसाथ पक्राउ परेको देखिँदैन। प्रतिवादी विजय घर्तीले अदालतमा बयान गर्दासमेत कसुरमा इन्कारी रही बयान गरेको देखिन्छ। प्रतिवादी विजय घर्तीका साक्षीहरूले विजय घर्ती लागु औषध कारोबार गर्ने व्यक्ति होइनन् भनी प्रतिवादी विजय घर्तीले अदालतमा गरेको बयान बेहोरालाई पुष्टि हुने गरी अदालतमा बकपत्र गरिदिएको पाइन्छ । अर्का प्रतिवादी विकास बाबु वि.एम.ले बरामदी अफिम प्रतिकिलो रू.३५,०००।- मा विजय घर्तीबाट किनेको भन्ने बेहोरा खुलाई अनुसन्धान अधिकारीसमक्ष पोल गरी बयान गरेको भए तापनि अदालतसमक्षको बयानमा मबाट लागु औषध अफिम बरामद नभएको र लागु औषध कारोबारमा पनि संलग्न नरहेकोले कसुर अपराध नगरेकोले सजाय हुनुपर्ने होइन भनी कसुरमा इन्कार रही बयान गरेको देखिन्छ। प्रतिवादी विकास बाबु वि.एम.ले गरेको पोललाई पुष्टि गर्ने गरी वादी पक्षले वस्तुनिष्ठ आधार प्रमाणसमेत पेस गर्न सकेको पाइएन । प्रतिवादी विजय घर्ती उपरको दाबी पुष्टि हुने गरी वादी पक्षबाट भरपर्दो र वस्तुनिष्ठ प्रमाण पेस गर्न नसकेकोल अवस्थामा मौकाको बयानमा सहप्रतिवादीले पोल गरेको आधारमा मात्र कसैलाई कसुरदार ठहर गर्न नमिल्ने हुँदा निज प्रतिवादी विजय घर्तीलाई अभियोग दाबीबाट सफाइ दिने ठहऱ्याई सुरू बाँके जिल्ला अदालतबाट मिति २०७४/७/२९

मा भएको फैसलालाई सदर हुने ठहऱ्याई उच्च अदालत तुलसीपुर, नेपालगन्ज इजलासको मिति २०७५।९।१७ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक वादी नेपाल सरकार / प्रतिवादी विकास बाबु वि.एम. दुवै पक्षको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत : देवी चौधरी

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०७८ साल असोज १ गते रोज ६ शुभम् ।

## ६१

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री कुमार रेग्मी,** *०७६-CR-१४२०, लागु औषध, सुमिति यादव वि. नेपाल सरकार*

प्रतिवादी सुमित यादवले अदालतमा बयान गर्दा कसुरमा इन्कार रहेको देखिए पनि अर्का प्रतिवादी प्रकाश कर्णले अदालतको बयानमा नै आफूबाट बरामद भएको लागु औषध निज सुमित यादवसमेत भई सेवन गर्ने प्रयोजनका लागि ल्याएको भनी आफूसमेत कसुरमा साबित भई अनुसन्धानको अवस्थाभन्दा फरक बेहोरा लेखाई निजसमेतलाई पोल गरी बयान गरेको देखिन्छ। बरामदित लागु औषध ३ ग्राम ३५० मिलिग्राम रहेको बरामदी मुचुल्काबाट देखिन्छ। प्रतिवादी प्रकाश कर्णले अदालतको बयानमा उक्त लागु औषध आफूहरू भारत गई सेवन गर्ने प्रयोजनका लागि खरिद गरी लिई आएको भनी सेवनसम्मका लागि प्रतिवादी सुमित यादवलाई समेत पोल गरेका छन् । बरामदित लागु औषधको परिमाण हेर्दा बिक्री वितरण गर्ने हदसम्मको परिमाण पनि देखिँदैन । निजहरूले उक्त लागु औषध बिक्री वितरणसमेतको लागि ल्याएको भन्ने कुरा प्रतिवादी प्रकाश कर्णको अनुसन्धानको बयानबाहेक मिसिल संलग्न अन्य कुनै कागजातबाट पुष्टि भएको देखिँदैन् । निजहरूको सँग साथबाट मौकामा नै लागु औषध, जोख्ने, तौलने साना तराजु ढक बरामद नभएको साथै बिक्री गर्दा गर्दैको अवस्थामा समेत लागु औषध बरामद नभएको र प्रतिवादीहरू पनि पक्राउ नपरेको हुँदा उक्त लागु औषध बिक्री वितरण गर्नको लागि ओसारपसार गरेका र ल्याएका हुन भन्न सकिने अवस्था देखिँदैन । फौजदारी कसुरमा कसुर प्रमाणित गर्ने पर्याप्त प्रमाणको अभावमा केवल आरोप लागेकै आधारमा मात्र कुनै पनि व्यक्तिलाई आरोपबमोजिमको कसुर ठहर गर्न न्यायोचित हुँदैन । व्यक्तिले गरेको कसुरको प्रकृति र गाम्भीर्यको आधारमा सजायको निर्धारण गर्नुपर्ने ।

प्रतिवादी सुमित यादवलाई प्रतिवादी प्रकाश कर्णले अदालतको बयानमा सेवनमा सम्म पोल गरेको र लागु औषधको बरामदी परिमाणसमेतका आधारमा निज सुमित यादवले लागु औषध नियन्त्रण ऐन, २०३३ को दफा १४ (१) (ङ) बमोजिमको कसुर गरेको देखिएकाले सुरू रूपन्देही जिल्ला अदालतबाट प्रतिवादी सुमित यादवसमेतलाई लागु औषध नियन्त्रण ऐन, २०३३ को दफा ४(घ),(ङ) र (च) बमोजिमको कसुर ठहर गरी सोही ऐनको १४(१)(छ)(१) बमोजिम जनही ५ बर्ष कैद र ५०००/- रूपैयाँ जरिवाना हुने गरी मिति २०७५/२/२९ मा भएको फैसलालाई सदर गर्नेगरी उच्च अदालत तुलसीपुर, बुटवल इजलास मिति २०७५/११/१४ मा भएको फैसला मिलेको नदेखिँदा केही उल्टी भई निज सुमित यादवको हकमा लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४ (१) (ङ) बमोजिम सेवनको कसुरमा १ वर्ष कैद र रू. १०,०००।- जरिवाना हुने ।

समान कसुरमा समान अवस्थाको प्रतिवादीलाई पनि समान सजाय हुनुपर्छ भन्ने न्यायको मान्य सिद्धान्त हो । प्रतिवादी प्रकाश कर्णले उच्च अदालत तुल्सीपुर, बुटवल इजलासबाट मिति

२०७५।११।१४ मा भएको फैसलाउपर पुनरावेदन नगरे पनि मुलुकी ऐन, अदालती बन्दोवस्तको २०५ नं. र मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४४ (२) मा "पुनरावेदन नगर्ने झगडियाका हकमा समेत इन्साफ सजाय उल्टिन जाने वा फरक पर्ने भए उल्टाई छिनी दिनुपर्छ वा कानूनबमोजिम फैसला गर्न सक्ने छ" भन्ने प्रष्ट कानूनी व्यवस्था भएको पाइन्छ । तसर्थ निजले पुनरावेदन नगरे पनि पुनरावेदन गर्ने प्रतिवादी सुमित यादवको हकमा सुरू र उच्च अदालतले गरेको फैसला केही उल्टिएको हुँदा प्रतिवादी प्रकाश कर्णका हकमा समेत उच्च अदालत तुल्सीपुर, बुटवल इजलासको मिति २०७५।११।१४ को फैसला केही उल्टी भई निजलाई पनि प्रतिवादी सुमित यादवसरह लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४ (१) (ङ) बमोजिम सेवनको कसुरमा एक वर्ष कैद र रू. १०,०००।– (दश हजार) जरिवाना हुने।

इजलास अधिकृत : देवी चौधरी/मनोज बराल

कम्प्युटर: अमिररत्न महर्जन

इति संवत् २०७८ साल असोज १ गते रोज ६ शुभम्।

## ६२

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.डा.श्री कुमार चुडाल,** *०७३-CR-०६७८, भ्रष्टाचार (घुस/ रिसवत), लेखनाथ बुर्लाकोटी वि. नेपाल सरकार*

भ्रष्टाचारको घटनामा बदनियतको महत्त्वपूर्ण भूमिका हुने गर्दछ । भ्रष्टाचारको कार्यमा सम्बन्धित पदाधिकारीको बदनियत छ छैन ? भनी विश्लेषण गरेर हेर्नुपर्ने हुन्छ । प्रतिवादी लेखनाथ बुर्लाकोटीले जाहेरवाला अप्सरा कोइरालासँग रकम माग गरेर कार्य गर्न अघि बढेको देखिँदैन । प्रतिवादी नापी शाखा धादिङका कार्यालय प्रमुख पनि होइनन् । कार्यालय प्रमुख लामो समयसम्म अनुपस्थित रहेर रोकिई रहेको काम जाहेरवाला प्रतिवादीको चीने जानेका व्यक्ति भएकाले म गरिदिन्छु भनेर जाहेरवालाको उक्त जग्गा मूल्याङ्कनको काम आफैँले चाडो गरिदिएका छन् । प्रतिवादीले जग्गाको मूल्याङ्कन गर्ने कार्य मिति २०७२।४।१४ मा सम्पन्न गरेका र सो कार्यको प्रतिवेदनको पत्र मिति २०७२।४।१४ मा नापी शाखा कार्यालयबाट चलानी भएको छ, प्रतिवादी लेखनाथ बुर्लाकोटीबाट घुस दिएको भनिएको रकम मिति २०७२।४।२० मा दिएर बरामद गरिएको छ। उक्त रकम दिने लिने सम्बन्धमा जाहेरवालाको भाइ र प्रतिवादीबिच भएको टेलिफोन वार्ताबाट पनि प्रतिवादीले रकम माग गरेको देखिँदैन । जाहेरवालीका भाइले नै रकमको कुरा फोनबाट बारम्बार उठान र प्रस्ताव गर्दै आएको देखिन्छ। प्रतिवादीले भने त्यसबारे स्पष्ट रूपमा केही भन्ने ईच्छा गरेको देखिँदैन। यस प्रकार प्रतिवादीले जाहेरवालासँग घुसको रकम नमागेको, जाहेरवालाको प्रस्ताव पनि खुलेर इच्छा व्यक्त नगरेको कार्य गर्नमा आलटाल नगरेको, र कार्य सम्पन्न भएपछि मात्र घुसबापतको रकम दिएर प्रतिवादीसँग बरामद भएको देखिँदा निजको यो वारदातमा घुस लिने र खाने बदनियत नै रहेको छ भन्ने तथ्यलाई पुष्टि नगर्ने।

प्रतिवादीले जाहेरवालासँग घुसको रकम नपाएसम्म कार्य नगर्ने व्यवहारबाट देखाएको देखिन्न । घुसको रकम प्रतिवादीले जाहेरवालासँग माग गरेको अवस्था पनि देखिन्न । जाहेरवालाको जग्गा मूल्याङ्कनसम्बन्धी कार्य समाप्त भएर सोको प्रतिवेदन नापी शाखा, धादिङबाट वैदेशिक रोजगार न्यायाधिकरण, बबरमहल, काठमाडौंमा चलानी गरेर पठाए पछि मात्र उक्त घुसको रकम लिनुदिनु भएको अवस्था छ। यो अवस्थाले वास्तविक रूपमा नै बदनियतपूर्ण रूपमा घुसको रकम लिने दिने कार्य भएको रहेछ भनी भन्न सकिने अवस्था नदेखिने।

सर्वोच्च अदालतबाट अख्तियार दुरूपयोग

अनुसन्धान आयोग नियमावली, २०५९ को नियम ३० अमान्य र बदर घोषित भई आयोगबाट दिई पठाएको सरकारी कोषको रकम बरामद गरिएको प्रमाणसम्म ग्रहणयोग्य नहुने भन्ने सिद्धान्तको सन्दर्भमा प्रस्तुत मुद्दामा प्रतिवादी लेखनाथ बुर्लाकोटीबाट आयोगले दिएको रू. १,५०,०००।– बरामद भएको अन्य रकम निजबाट बरामद हुन नसकेको, निज विरूद्धको कसुर प्रमाणित गर्ने अन्य विश्वसनिय र भरपर्दो प्रमाण वादी पक्षबाट पेस हुन नसकेको अवस्थामा प्रतिवादीलाई दोषी ठहर गर्न मिल्ने देखिएन । अख्तियार दुरूपयोग अनुसन्धान आयोगले अख्तियार दुरूपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को दफा ३० बमोजिम दशी प्रमाण स्वरूप दिई पठाएको रकमको प्रमाणिक महत्व शून्य भएको अवस्थामा कसुर स्थापित हुने अन्य स्वतन्त्र प्रमाणको अभावमा दोषी करार गर्न न्यायोचित देखिन नआउने ।

प्रतिवादीबाट बरामद भएको रकम अख्तियार दुरूपयोग अनुसन्धान आयोगले नै उपलब्ध गराएको सरकारी कोषको रकम हो भन्ने देखिएको छ । आफूले स्वेच्छाले रकम लिएको होइन, जबरजस्ती फसाइएको हो भनी प्रतिवादीले बयान गर्दा जिकिर लिएको देखिन्छ । यस अवस्थामा माथि उल्लिखित ०७४-WC-००२० को रिट निवेदनका सन्दर्भमा प्रतिपादित सिद्धान्तका दृष्टिले हेर्दा बदर हुने ठहर भएको नियम ३० को आधारमा प्रतिवादीबाट बरामद गरिएको रू. १,५०,०००।- र सोसम्बन्धी मुचुल्कालाई प्रमाणमा ग्रहण गर्न मिल्ने देखिँदैन । प्रतिवादी लेखनाथ बुर्लाकोटीबाट बरामद भयो भनिएको एक लाख पचास हजार प्रमाणमा ग्रहण गर्न नमिल्ने भएको र सोबाहेक अन्य भरपर्दो र विश्वसनिय प्रमाण वादी पक्षबाट पेस गरी अभियोग दाबी प्रमाणित गर्ने सकेको नदेखिँदा केवल शंका र अनुमानका आधारमा निज प्रतिवादी लेखनाथ बुर्लाकोटीलाई कसुरदार ठहर गर्न मिल्ने नदेखिँदा शंकाको सुविधा अभियुक्तले पाउँछ भन्ने फौजदारी न्यायको सिद्धान्त प्रस्तुत मुद्दाका सन्दर्भमा प्रतिवादीको हकमा समेत आकर्षित हुने देखियो । कसैलाई भ्रष्टाचारी ठहर गर्न सो व्यक्तिले मनसायपूर्वक स्वइच्छाले घुस रकम मागेको थियो भन्ने कुरा ठोस प्रमाणले पुष्टि हुनुपर्ने हुन्छ । प्रस्तुत मुद्दालाई समग्रमा हेर्दा प्रतिवादीले घुस / रिसवत माग गरेको भन्ने कुरा शङ्कारहित तवरले पुष्टि हुन सकेको नदेखिने ।

तसर्थ, प्रतिवादी लेखनाथ बुर्लाकोटीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) को कसुरदारमा ऐ ऐनको दफा ३(१)(घ) बमोजिम ६ महिना कैद र रू. १,५०,०००।– जरिवाना हुने ठहर गरी विशेष अदालत काठमाडौंबाट मिति २०७३।१।५ मा भएको फैसला त्रुटिपूर्ण देखिएकोले उक्त फैसला उल्टी भई पुनरावेदक प्रतिवादी लेखनाथ बुर्लाकोटीले वादी नेपाल सरकारको कैद र जरिवाना गरिपाउँ भन्ने अभियोग मागदाबीबाट सफाइ पाउने ।

इजलास अधिकृत(उप सचिव) : हेमराज तिमिल्सैना
कम्प्युटर: अमिररत्न महर्जन/प्रेमबहादुर थापा
इति संवत् २०७८ साल भाद्र २४ गते रोज ५ शुभम् ।

यसै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०७५-CR-०९५५, ०७५-CR-११७४, घुस/रिसवत लिई भ्रष्टाचार गरेको, लक्ष्मीप्रसाद पराजुली वि. नेपाल सरकार, कमलबहादुर खत्री वि. नेपाल सरकार
- ०७५-CR-०००४, ०७६-CR-०००७, भ्रष्टाचार (घुस/रिसवत), ठाकुरबहादुर खत्री वि. नेपाल सरकार, नेपाल सरकार वि. काले बम्जनसमेत

**इजलास नं. १२**

**६३**

**मा.न्या.श्री बमकुमार श्रेष्ठ र मा.न्या.डा.श्री कुमार चुडाल,** *०७१-CR-१२०३, जालसाजी, रफिक मियाँ वि. अब्दुल खलिक मियाँसमेत*

पुनरावेदकका बुबा तथा मोहीवाला मह मदीन मियाँ वा महदीन मियाँ वा मह मोदान मियाँ मध्ये कुन हो भन्ने कुरा वादीले स्पष्ट गर्न नसकेको साथै मिसिल संलग्न कागजातहरूबाट स्पष्ट भएको छैन । विवादीत जग्गाको अवस्थित सर्लाही जिल्ला, लक्ष्मीपुर गाउपञ्चायत वडा नं.४ ख मा रहेको भन्ने फिल्डबुक उतारबाट देखिएको छ भने पुनरावेदक रफिक मियाँको स्थायी ठेगाना लक्ष्मीपुर गाउपञ्चायत वडा नं.६ रहेको भन्ने निजले पेस गरेको नागरिकताको प्रतिलिपिबाट देखिन आउँछ । पुनरावेदक रफिक मियाँका बुबाको मोही हक रहेको भनिएको सर्लाही जिल्ला, लक्ष्मीपुर गा.वि.स. वडा नं. ४ ख कित्ता नं. ९८ जग्गाको क्षेत्रफल ०-१०-० रहेको भन्ने तथ्य पेस भएका फिल्डबुक तथा मोहीको १ नं. फारमबाट प्रमाणित भएको छैन । यस अवस्थामा विवादित जग्गाको अवस्थित र पुनरावेदकको ठेगाना फरक-फरक ठाउँमा रहेको, रफिक मियाँको बुबाको नाउँ महमदीन मियाँ हो वा अन्य कुनै नाम हो भन्ने यकिनसाथ भन्न सकेको पाइँदैन । विवादित कि.न.९८ को जग्गाको क्षेत्रफल ०-१०-० रहेछ भनी वादीले उल्लेख गरेकोमा वादीका बाबुले भरेको भनेको १ नं. र २ नं. अनुसूचीबाट जग्गाको क्षेत्रफल मिल्न आएको देखिँदैन । अत: सरजमिन बेहोरा झुट्टा र जालसाजी रूपमा तयार भएको भन्ने पुष्टि नभएको हुँदा पुनरावेदकको मौखिक भनाइलाई आधार लिई दायर भएको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

रफिक मियाँ मोही नामसारीको निवेदन दिन जाँदा मिति २०६७/२/९ गते मोही लगत कट्टा भएको थाहा पाएको भनी जिकिर लिई तत्कालीन अवस्थामा बहाल रहेको मुलुकी ऐन, किर्ते कागजको १८ नं. बमोजिम २ वर्षको हदम्याद कायम गरी फिरादको उठान भएको पाइयो । मोही लगत कट्टा हुने गरी मिति २०४२/५/५ मा निर्णय भएकोमा उक्त निर्णय भएको करिब २५ वर्षको अन्तरालपछि थाहा पाउनुको युक्तियुक्त कारण पुनरावेदकले खुलाउन र पेस गर्न नसकेको अवस्थामा जिकिर लिएकै भरमा निजको भनाई न्यायोचित र विवेकसम्मत मान्न मिलेन । वादीका बाबु २०३७ सालमा र आमा २०३१ सालमा मृत्यु भएको भन्ने वादी कथन भएको र निज वादीको जन्म १९९८ सालमा भएको भन्ने स्थितिमा वादी उमेर पुगेको व्यक्ति भई आफ्नो हक लाग्ने भए तत् अवस्थामा वादीले कुनै कारबाही चलाएको देखिँदैन । निजले प्रतिवादीलाई कुतबाली बुझाएको वा धरौट राखेकोसमेतका केही अवस्था देखिन आउँदैन । यस्तो अवस्थामा सार्वजनिक सूचना प्रकाशित गरी कानूनको रोह रीतका साथ सरकारी निकायले गरेको मिति २०४२/५/१ को सर्जमिन र मिति २०४२/५/५ मा भएको निर्णय जालसाजीयुक्त नभएको भनी भएको उच्च अदालत जनकपुरको फैसलासमेत अन्यथा नदेखिने ।

तसर्थ, सुरू सर्लाही जिल्ला अदालतको फैसला सदर हुने ठहरी पुनरावेदन अदालत जनकपुरको मिति २०७०/१/२३ को फैसला कानूनसम्मत भई मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: डल्लुराम चौधरी र शैलेन्द्र खड्का
कम्प्युटर: मन्दिरा रानाभाट
इति संवत् २०७८ साल चैत्र १० गते रोज ५ शुभम् ।

- यसै लगाउका ०७१-CI-१३३९, मोही नामसारी, रफिक मियाँ मंसुर वि. अब्दुल खलिक मियाँसमेत भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

## इजलास नं. १५

### ६४

**मा.न्या.श्री प्रकाशकुमार ढुंगाना र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७५-CR-११६५, सामूहिक जबरजस्ती करणी र रहजनी चोरी, आशिष डाँगीसमेत वि. नेपाल सरकार*

पुनरावेदक प्रतिवादीहरूको इन्कारी बयान तथा निजहरूका साक्षीहरूको बकपत्रबाट आरोपित कसुरमा निजहरू निर्दोष रहेछन् भनी मान्न मिल्ने अवस्था नदेखिने। पीडितको स्वास्थ्य परीक्षण गर्ने चिकित्सकले अदालतसमक्ष बकपत्र गर्दा पीडित परिवर्तित नाम संकेत नं. ५६ इलाका प्रहरी कार्यालय, तुलसीपुर ०७३-११ को स्वास्थ्य परीक्षण आफूले गरेको र परीक्षण प्रतिवेदनमा उल्लिखित घा खतसमेतको विवरण उल्लेख गरी पीडितको योनि छुँदा दुखेको पाइएको, शरीरका विभिन्न भागमा दाग भएको भनी लेखाइदिएको देखिँदा प्रतिवादीहरूले पीडितलाई सामूहिक जबरजस्ती करणी गरेको नै भन्ने देखियो, योनिको जाँच गर्दा योनिमा लिङ्ग वा लिङ्ग आकारको केही वस्तुले घाउ लागेको हुन सक्छ भनी आफूले गरेको पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदनलाई समर्थन गरी बकपत्र गरेको देखिएको।

पुनरावेदक प्रतिवादीहरूउपर वारदातको तत्कालपश्चात् किटानी जाहेरी परेको देखिन्छ, गरे बिराएको नभए यिनै प्रतिवादीहरूलाई पोल गर्नुपर्ने युक्तियुक्त कारण मिसिलबाट खुलेको देखिएको छैन। पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदनमा उल्लिखित चोटसमेतबाट निजको जाहेरीबमोजिम जबरजस्ती करणीको कसुर समर्थित देखिने।

तसर्थ, प्रतिवादीहरूउपरको चोरीको १ र ५ नं. को कसुर समर्थित हुन नआएकोले चोरीको कसुरमा प्रतिवादीहरूले सफाइ पाउने हदसम्म सुरु जिल्ला अदालतको फैसला सदर हुने र जबरजस्ती करणी तर्फको १,३(५) र ३क नं.को अभियोग दाबी समर्थित भएको देखिएको अवस्थामा सो अभियोग दाबीसमेतबाट सफाइ पाउने ठहऱ्याएको सुरु फैसला सो हदसम्म केही बदर गरी प्रतिवादीहरू आशिष डाँगी र हेमन्त विष्टलाई तत्काल प्रचलित मुलुकी ऐन, जबरजस्ती करणीको १, ३(५) तथा ३क.नं. को कसुरमा ऐ.३(५) नं. बमोजिम जनही कैद वर्ष ५ (पाँच) तथा ३क नं. बमोजिम थप कैद ५ वर्ष र प्रतिवादीहरूबाट क्षतिपूर्तिबापत जनही रू.३,०००।- का दरले ऐ.को १०ग नं. बमोजिम पीडितले महिला तथा बालबालिका कार्यालयबाट भराई पाउने ठहऱ्याएको हदसम्मको उच्च अदालत तुलसीपुरको मिति २०७५।३।२७ को फैसला मिलेको हुँदा सदर हुने।

उच्च अदालत तुलसीपुरबाट प्रतिवादीहरूलाई तत्काल प्रचलित मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३क नं. बमोजिम जनही "थप पाँच वर्ष कैद" गरेकोमा मुलुकी अपराध संहिता, २०७४ को दफा २१९(७) बमोजिम ५ (पाँच) वर्षसम्म कैद गर्न सक्नेमा थप १ (एक) वर्षसम्म कैद गर्दा पनि न्यायको मकसद पूरा हुने हुँदा उच्च अदालत तुलसीपुरबाट मिति २०७५।३।२७ मा भएको फैसला प्रतिवादीहरूलाई थप ५(पाँच) वर्ष कैदको सट्टा जनही थप १ (एक) वर्ष कैदसमेत जनही जम्मा ६(छ) वर्ष

कैद हुने।

इजलास अधिकृत : (उपसचिव) यज्ञमूर्ति ज्ञवाली

कम्प्युटर: सुप्रभा अर्याल

इति संवत् २०७९ साल असार २७ गते रोज २ शुभम्।

**इजलास नं. १६**

**६५**

**मा.न्या.श्री सुष्मालता माथेमा र मा.न्या.श्री कुमार रेग्मी,** *०७४-CR-००८३, अप्राकृतिक मैथुन, विष्णुबहादुर थापा वि. नेपाल सरकार*

पीडित नाबालिकाहरू परिवर्तित नाम २०७१ सालको रामेछाप ६ र परिवर्तित नाम २०७१ सालको रामेछाप ८ लाई प्रतिवादी विष्णुबहादुर थापाले आफ्नो कोठामा लगी पैसा दिने प्रलोभनमा पारी आफ्नो लिङ्ग खेलाउन लगाई आफू स्खलित भइसकेपछि पीडिताहरूलाई अरू कसैलाई नभन्नु भन्ने धम्की दिएर फिर्ता पठाएको भन्ने अभियोग लगाइएको।

हाल प्रचलित मुलुकी अपराध संहिता, २०७४ को दफा २२६ मा अप्राकृतिक मैथुन गर्न नहुने व्यवस्था गर्दै उपदफा (१) मा "कसैले कसैको मन्जुरी विना अप्राकृतिक मैथुन गर्न वा गराउन हुँदैन" भन्ने उल्लेख गरी स्पष्टीकरणमा यस उपदफाको प्रयोजनको लागि बालबालिकाले दिएको मञ्जुरीलाई मञ्जुरी मानिने छैन भन्ने उल्लेख भएबाट यो कसुर बालक वा बालिका दुवै विरूद्धमा हुन सक्ने स्पष्ट भएको छ। यसप्रकार साबिक मुलुकी ऐन जबरजस्ती करणीको ९(क) नं. मा भएको व्यवस्थाको व्याख्याको रोहमा यस अदालतबाट प्रतिपादित सिद्धान्तसमेतलाई अनुशरण गरी हालको मुलुकी अपराध संहितामा बालक र बालिकाको विभेद हटाई जुनसुकै लिङ्गको केटा केटी भए पनि निजहरूको हकहित संरक्षणसम्बन्धी संवेदनशीलतालाई विचार गरी उक्त व्यवस्था भइसकेको छ। अतः साबिक मुलुकी ऐन, जबरजस्ती करणीको ९(क) नं. मा उल्लिखित "नाबालक" शब्दले केवल केटालाई बुझाउने केटी नाबालिकाको हकमा आकर्षित हुन नसक्ने भन्ने पुनरावदेक प्रतिवादीको पुनरावेदन जिकिर तथा निजका कानून व्यवसायीहरूको बहस जिकिरसँग सहमत हुन नसकिने।

प्रतिवादीले आफ्नो बयानमा आफू रामेछाप जिल्लाको सदरमुकाम मन्थली आउँदा आफ्नो बहिनीको घरमा बस्ने गरेको भनी जिकिर लिए तापनि सो सम्बन्धमा कुनै वस्तुनिष्ट प्रमाण पेस गर्न सकेको देखिँदैन। प्रतिवादी विष्णुबहादुर थापाले अन्यत्रस्थल (Alibi) को जिकिर लिए तापनि सो जिकिरलाई प्रमाण ऐन, २०३१को दफा २७ बमोजिम निज प्रतिवादीले ठोस प्रमाणबाट पुष्टि गर्न सकेको नदेखिने।

प्रतिवादी विष्णुबहादुर थापाले परिवर्तित नाम २०७१ सालको रामेछाप ६ र परिवर्तित नाम २०७१ सालको रामेछाप ८ लाई अप्राकृतिक मैथुन गराई जबरजस्ती करणी गरी मुलुकी ऐन, जबरजस्ती करणी महलको ९(क) नं.को कसुर गरेको ठहर गरी सोही महलको ३(१) नं. बमोजिम १५ वर्ष कैद सजाय गर्ने गरी सुरू रामेछाप जिल्ला अदालतले गरेको फैसलामा उक्त वारदातको प्रकृति र अवस्थासमेतबाट कैद सजाय बढी भएको देखिँदा १० वर्ष कैद सजाय गर्दा पनि कानूनको मकसद पूरा हुने भनी प्रतिवादीलाई १० वर्ष कैद सजाय हुने तथा सोही महलको ९(क) नं. बमोजिम थप १ वर्ष कैदसमेत गरी जम्मा ११ वर्ष कैद सजाय हुने, साथै पीडित बालिकाहरूलाई जनही ५०,०००।- रूपैयाँ क्षतिपूर्ति भराइदिनु भनी मिति २०७३।११।२४ मा उच्च अदालत पाटनबाट भएको

फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : अनु याकामी

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०७८ साल कार्तिक ४ गते रोज ५ शुभम्।

### ६६

**मा.न्या.श्री सुष्मालता माथेमा र मा.न्या. डा.श्री मनोजकुमार शर्मा,** *०७७-WH-०२११, बन्दीप्रत्यक्षीकरण, मदन चन्दको हकमा दिनेश नेपाली वि. महानगरी प्रहरी वृत्त, महाराजगन्जसमेत*

प्रहरीलाई अभद्र व्यवहार गरेको भन्ने कसुरमा त्यति लामो अवधिसम्म अनुसन्धान गर्नुपर्ने के कस्तो कारण र आधार रहेको भन्ने नखुलाई केवल माग गरेको आधारमा म्याद थप गर्दै जाने कार्यलाई पनि न्याय र कानूनको भावना र मर्मअनुकूल मान्न नमिल्ने।

नागरिकको वैयक्तिक स्वन्त्रता अपहरण हुने गरी पक्राउ गरी थुनामा राख्दा कानूनबमोजिमको प्रक्रिया अनिवार्य रूपमा पालना गर्न पर्ने हुन्छ । निवेदकलाई विप्लवको कार्यकर्ता भएको भन्ने आधारमा विना आधार कारण पक्राउ गरी थुनामा राख्ने गरेको प्रत्यर्थी जिल्ला प्रशासन कार्यालय, काठमाडौंसमेतका प्रत्यर्थीहरूको गैरकानूनी कार्यबाट निवेदकको नेपालको संविधानको धारा १७(१) तथा (२)(क) बमोजिमको विचार र अभिव्यक्तिको स्वतन्त्रताको मौलिक हक अधिकारसमेत कुण्ठित हुन गएको देखिन्छ। कोभिड-१९ को संवेदनशिल समयमा निवेदक मदन चन्दलाई विनाकारण पक्राउ गरी नेपालको संविधानको धारा ३५ द्वारा प्रदत्त स्वास्थ्यसम्बन्धी मौलिक हकमा समेत आघात पुऱ्याइ निजलाई फरक वैचारिक आस्थाकै कारण प्रवृत्त भावना राखी पक्राउ गरी थुनामा राखेको कार्य गैरकानूनी देखिँदा निवेदकलाई तुरून्त थुनाबाट मुक्त गरिदिनु भनी सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३७ को (क) र (ख) समेतका आधारमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने।

इजलास अधिकृतः कमलकुमार आचार्य / विकाशकुमार रजक

कम्प्युटर : सरस्वती दाहाल

इति संवत् २०७७ माघ २१ गते रोज ४ शुभम्।

### ६७

**मा.न्या.श्री सुष्मालता माथेमा र मा.न्या. डा.श्री मनोजकुमार शर्मा,** *०७७-WH-०२०६, बन्दीप्रत्यक्षीकरण, नन्दबहादुर बोहोराको हकमा हंश कुमाल वि. जिल्ला प्रहरी कार्यालय, सिराहासमेत*

नन्दबहादुर बोहोरालाई विपक्षीहरूबाट सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त, संविधान तथा कानूनविपरीत मिति २०७७।३।३१ देखि पटकपटक गरी लगातार पाँचौ पटक मिति २०७७।९।२९ गते यस अदालतबाट ०७७-WH-०१७० को बन्दीप्रत्यक्षीकरण निवेदनमा भएको आदेशबमोजिम सुनसरी जिल्ला अदालतबाट थुनामुक्त गरेकोमा सोही दिन ५ बजेको समयमा निजलाई सिराहाबाट एक्लै हो हल्ला गरी अभद्र व्यवहार गरेको कसुरमा पक्राउ गरेको भन्ने बेहोरा नै प्रवृत्त भावनाबाट प्रेरित देखिई निज गैरकानूनी थुनामा रहेको देखिँदा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३७(क) र (ख) बमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने।

यसरी कुनै व्यक्तिलाई गैरकानूनी रूपमा पक्राउ गरी विना आधार कारण थुनामा राखेकोमा अदालतबाट पटकपटक बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुँदासमेत थुनामुक्त गरेको नदेखिँदा अब पनि सोही विषयमा पक्राउ गरिएमा विपक्षीलाई नेपालको संविधानको धारा १२८(४) तथा न्याय प्रशासन ऐन,

२०७३ को दफा १७ बमोजिम कारबाही हुने बेहोराको जनाउ विपक्षीहरूलाई दिने।

इजलास अधिकृतः- कमलकुमार आचार्य / विकाशकुमार रजक

कम्प्युटर : सरस्वती दाहाल

इति संवत् २०७७ माघ २१ गते रोज ४ शुभम्।

६८

**मा.न्या.श्री सुष्मालता माथेमा र मा.न्या. डा.श्री मनोजकुमार शर्मा,** *०७७-WH-०२०९, बन्दीप्रत्यक्षीकरण, जमुना कुँवर आचार्य वि. रूपन्देही जिल्ला अदालत, तहसिल शाखासमेत*

निवेदक जमुना कुँवर आचार्यउपर उमा ज्ञवालीसमेतको जाहेरीले नेपाल सरकार वादी भई चलेको ठगी मुद्दामा उच्च अदालत तुलसीपुर बुटवल इजलासबाट मिति २०७४।११।२९ गते निज निवेदकलाई १ वर्ष कैद र बिगो रू.१,०८,८४,८५०।- (एक करोड आठ लाख चौरासी हजार आठ सय पचास) कायम गरी सोहीबमोजिम जरिवाना हुने गरी फैसला भएकोमा हाल प्रचलित फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ५ मा भएको व्यवस्था तथा केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२)(ख) को व्यवस्थाअनुसार मुलुकी अपराध संहितामा घटी सजायको व्यवस्था रहेछ भने घटी सजाय गर्नुपर्ने भई मुलुकी अपराध संहिता, २०७४ को दफा २४९(३) मा ठगीसम्बन्धी कसुरमा ७ वर्षसम्म कैद र रू.७०,०००। (सत्तरी हजार) सम्म जरिवाना हुने व्यवस्था रहेको देखिएबाट निवेदक प्रतिवादीलाई अधिकतम कैद वर्ष ७ र जरिवाना रू.७०,०००। (सत्तरी हजार) मात्र हुने देखियो। यसरी जरिवानाबापत कैद गर्दा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १६१(२) बमोजिम दिनको रू.३०० का दरले कट्टा गर्दा ७ महिना २४ दिन कैद बस्नुपर्ने हुने।

निवेदक मिति २०७३।५।३१ देखि थुनामा रही लागेको १ वर्ष कैद र जरिवाना रू.७०,०००।- (सत्तरी हजार) बापत हुने कैदसमेत भुक्तान भइसकेको देखिँदा निज रिट निवेदिका हाल कानूनसम्मत् रूपमा कैदमा रहेको देखिएन। निजलाई आजै थुनाबाट मुक्त गरिदिनु भनी बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने।

इजलास अधिकृतः- कमल कुमार आचार्य / विकाशकुमार रजक

कम्प्युटर: सरस्वती दाहाल

इति संवत् २०७७ माघ २१ गते रोज ४ शुभम्।

## इजलास नं. १७

६९

**मा.न्या.श्री कुमार रेग्मी र मा.न्या.श्री नहकुल सुवेदी,** *०७६-RB-०२६१, बैंकिङ कसुर, नेपाल सरकार वि. महिपत कुमार दास*

सर्वसाधारणको बिगोको विवाद समावेश भएको बैंकिङ कसुरसम्बन्धी मुद्दामा चेकधारक पीडित र चेक जारीकर्ता प्रतिवादीहरूबिच विचाराधीन मुद्दा मिलापत्र गर्न सकिने दृष्टिकोण राखेको र तदानुरूप यस्ता मुद्दामा वादी नेपाल सरकारले जाहेरवाला र प्रतिवादीबिच मिलापत्र गर्न अनुमति दिने एवम् अदालतले मिलापत्र गराउने न्यायिक अभ्याससमेत रहेको सन्दर्भमा जाहेरवालाले प्रतिवादीबाट भुक्तानी हुन नसकेको चेकबमोजिमको रकम प्राप्त गरेको सन्दर्भलाई प्रतिवादीउपरको अभियोग दाबी स्थापित हुन नसक्ने परिस्थितिका रूपमा लिनुपर्ने भए तापनि सो सम्बन्धमा प्रतिवादीले सुरू फैसला स्वीकार गरी पुनरावेदन गरेको नदेखिँदा सो सम्बन्धमा थप बोलिरहनुपर्ने आवश्यकता देखिएन । उल्लिखित

तथ्य प्रमाणबाट प्रतिवादीले जाहेरवालालाई बिगो बुझाउनुपर्ने अवस्था देखिन नआउने।

वादीको पुनरावेदन जिकिरबमोजिम सुरू अदालतले प्रतिवादीलाई जरिवानाको सजाय नगरी कैद सजाय मात्र गरेको फैसला मिले नमिलेको के रहेछ भन्ने सम्बन्धमा हेर्दा फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ मा सजाय निर्धारण गर्दा कसुरको गम्भीरता र कसुरदारको दोषको मात्रालगायत कसुर गर्दाको परिस्थितिलाई विचार गरी पीडितलाई क्षतिपूर्ति सहित न्याय दिने उद्देश्यका साथ सजाय निर्धारण गर्नुपर्ने भन्ने व्यवस्था देखिन्छ । प्रतिवादीले पीडित जाहेरवालालाई मुद्दा फैसला हुनुपूर्व नै चेकबापतको रकम भुक्तानी गरी पीडितले न्याय पाइसकेको अवस्था देखिएको छ । पीडितले रकम प्राप्त गरिसकेको अवस्थामा प्रतिवादीलाई जरिवानाको सजाय गर्न न्यायोचित नहुने भनी यस अदालतले सुवासकुमार गुप्ताको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी दिपककुमार रौनियार भएको बैंकिङ कसुर मुद्दा (ने.का.प. २०७८ अङ्क ९ निर्णय नं. १०७४६) मा "व्यक्ति व्यक्तिबिचको व्यवहारबाट सिर्जित कसुरसम्बन्धी व्यवहार आपसमा मिलिसकेको अवस्थामा जरिवाना ठहर गरी राज्यकोषमा राख्नुसमेत लोककल्याणकारी राज्यको मान्यता र सजाय निर्धारणसम्बन्धी मान्य प्रचलनका आधारमा न्यायसङ्गत नहुने हुँदा जाहेरवालालाई असुल भइसकेको बिगोबमोजिम जरिवाना गर्नु मनासिब हुँदैन । व्यक्तिलाई बिगो भराइदिन बाँकी नरहेको अवस्थामा सो बिगोबमोजिम जरिवाना गरी राज्यकोषमा राख्ने अवस्था राज्यका लागि पनि अनुचित सम्वृद्धि (unlawful enrichment) सरह हुन जान्छ" भनी गरेको व्याख्या तथा प्रतिपादित सिद्धान्तप्रति असहमत हुनुपर्ने कारण नदेखिने।

अभियोगदाबी लिएको कसुरको प्रकृति आधारभूत रूपमा प्रतिवादी र जाहेरवालाबिच भएको कारोबारसँग सम्बन्धित रहेको, यस प्रकृतिका मुद्दामा जाहेरवाला र प्रतिवादीबिच आपसी व्यवहार मिलेको अवस्थामा मुद्दा मिलापत्र गर्न सक्ने भनी यस अदालतको पूर्ण इजलासबाट व्याख्या भई तदानुरूपको न्यायिक अभ्याससमेत भएको, जाहेरवालाले प्रतिवादीबाट रकम पाइसकेको भनी अदालतमा उपस्थित भई बकपत्रसमेत गरिदिएको तथा जाहेरवालाले चेकबापतको रकम प्राप्त गरिसकेको र बिगो भराई दिनुपर्ने अवस्था नै नरहेकोमा बिगोबमोजिम जरिवाना गर्न नमिल्ने भनी यस अदालतबाट सिद्धान्त प्रतिपादन भइसकेको सन्दर्भमा प्रस्तुत मुद्दामा प्रतिवादीले जाहेरवालालाई चेकको रकम तिरीसकेको र प्रतिवादीलाई कसुरदार कायम गरी कैद सजायसमेत भइसकेको अवस्था हुँदा जरिवानासमेत हुनपर्ने भन्ने पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर स्वीकारयोग्य नदेखिने।

प्रतिवादी महिपतकुमार दासलाई बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ३ को देहाय (ग) को कसुरमा ऐ. ऐनको दफा १५(१) बमोजिम एक महिना पन्ध्र दिन कैद सजाय गरी बिगो र जरिवानाको हकमा जाहेरवालाले चेकबमोजिम पाउनुपर्ने रकम प्राप्त गरिसकेको भनी बिगो तिर्न नपर्ने र प्रतिवादीलाई जरिवाना सजायसमेत नहुने ठहऱ्याई भएको उच्च अदालत जनकपुर, अस्थायी इजलास वीरगन्जको मिति २०७६।०५।८ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: विमल रेग्मी

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७९ साल आषाढ २२ गते रोज ४ शुभम्।

**७०**

**मा.न्या.श्री कुमार रेग्मी र मा.न्या.श्री नहकुल सुवेदी,** *०७६-RB-०४५७, बैंकिङ कसुर, नेपाल सरकार वि. सरोज यादव*

जाहेरवालाले प्रतिवादीबाट के कति रकम भराई लिन पाउने हो र बिगो के कति कायम हुने हो भन्नेतर्फ हेर्दा जाहेरवालाले सुरू जाहेरीमा प्रतिवादीबाट चेकमा उल्लिखित रकम रू.४,००,०००।– (चार लाख रूपैयाँ) भराई पाउँ भन्ने बेहोरा उल्लेख गरेको भए तापनि सुरू उच्च अदालत जनकपुर अस्थायी इजलास वीरगन्जमा मिति २०७६।०८।२२ मा जाहेरवालाले दिएको द.नं. ३३८४ को निवेदनमा भुक्तान हुन नसकेको चेकबमोजिमको रकम प्रतिवादीबाट प्राप्त गरी भरपाईसमेत गरिदिएको छु भन्ने बेहोरा उल्लेख रहेको देखिन्छ। जाहेरवालाले प्रतिवादीलाई गरिदिएको उक्त भरपाई र सुरू अदालतमा दर्ता गरेको निवेदनमा निज जाहेरवालाले सुरू अदालतमा उपस्थित भई सनाखतसमेत गरिदिएको सुरू सक्कल मिसिलबाट देखिन आउँछ । यसरी प्रतिवादीउपर अभियोगपत्र दायर भइसकेको अवस्था भए तापनि जाहेरवालाले प्रतिवादीबाट पाउनुपर्ने रकम प्राप्त गरिसकेको तथ्य उक्त मिति २०७६।०८।२२ मा सुरू अदालतमा जाहेरवालाबाट दर्ता गराइएको निवेदन र सो साथ पेस भएको भरपाईसमेतबाट पुष्टि भइरहेको अवस्थामा सो तथ्यलाई अन्यथा मान्नुपर्ने अवस्था नदेखिने।

सर्वसाधारणको बिगोको विवाद समावेश भएको बैंकिङ कसुरसम्बन्धी मुद्दामा चेकधारक पीडित र चेक जारीकर्ता प्रतिवादीहरूबिच विचाराधीन मुद्दा मिलापत्र गर्न सकिने दृष्टिकोण राखेको र तदानुरूप यस्ता मुद्दामा वादी नेपाल सरकारले जाहेरवाला र प्रतिवादीबिच मिलापत्र गर्न अनुमति दिने एवम् अदालतले मिलापत्र गराउने न्यायिक अभ्याससमेत रहेको सन्दर्भमा जाहेरवालाले प्रतिवादीबाट भुक्तानी हुन नसकेको चेकबमोजिमको रकम प्राप्त गरेको सन्दर्भलाई प्रतिवादीउपरको अभियोग दाबी स्थापित हुन नसक्ने परिस्थितिका रूपमा लिनुपर्ने भए तापनि सो सम्बन्धमा प्रतिवादीले सुरू फैसला स्वीकार गरी पुनरावेदन गरेको नदेखिँदा सो सम्बन्धमा थप बोलिरहनुपर्ने आवश्यकता देखिएन । उल्लिखित तथ्य प्रमाणबाट प्रतिवादीले जाहेरवालालाई बिगो बुझाउनुपर्ने अवस्था देखिन नआउने।

यस स्थितिमा वादीको पुनरावेदन जिकिरबमोजिम सुरू अदालतले प्रतिवादीलाई जरिवानाको सजाय नगरी कैद सजाय मात्र गरेको फैसला मिले नमिलेको के रहेछ भन्ने सम्बन्धमा हेर्दा फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ मा सजाय निर्धारण गर्दा कसुरको गम्भीरता र कसुरदारको दोषको मात्रालगायत कसुर गर्दाको परिस्थितिलाई विचार गरी पीडितलाई क्षतिपूर्तिसहित न्याय दिने उद्देश्यका साथ सजाय निर्धारण गर्नुपर्ने भन्ने व्यवस्था देखिन्छ । प्रतिवादीले पीडित जाहेरवालालाई मुद्दा फैसला हुनुपूर्व नै चेकबापतको रकम भुक्तानी गरी पीडितले न्याय पाइसकेको अवस्था देखिएको छ । पीडितले रकम प्राप्त गरिसकेको अवस्थामा प्रतिवादीलाई जरिवानाको सजाय गर्न न्यायोचित नहुने भनी यस अदालतले सुवासकुमार गुप्ताको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी दिपककुमार रौनियार भएको बैंकिङ कसुर मुद्दा (ने.का.प. २०७८ अङ्क ९ निर्णय नं. १०७४६) मा "व्यक्ति व्यक्तिबिचको व्यवहारबाट सिर्जित कसुरसम्बन्धी व्यवहार आपसमा मिलिसकेको अवस्थामा जरिवाना ठहर गरी राज्यकोषमा राख्नुसमेत लोककल्याणकारी राज्यको मान्यता र सजाय निर्धारणसम्बन्धी मान्य प्रचलनका आधारमा न्यायसङ्गत नहुने हुँदा जाहेरवालालाई

असुल भइसकेको बिगोबमोजिम जरिवाना गर्नु मनासिब हुँदैन । व्यक्तिलाई बिगो भराइदिन बाँकी नरहेको अवस्थामा सो बिगोबमोजिम जरिवाना गरी राज्यकोषमा राख्ने अवस्था राज्यका लागि पनि अनुचित सम्बृद्धि (unlawful enrichment) सरह हुन जान्छ" भनी गरेको व्याख्या तथा प्रतिपादित सिद्धान्तप्रति असहमत हुनुपर्ने कारण नदेखिने ।

अभियोगदाबी लिएको कसुरको प्रकृति आधारभूत रूपमा प्रतिवादी र जाहेरवालाबिच भएको कारोबारसँग सम्बन्धित रहेको, यस प्रकृतिका मुद्दामा जाहेरवाला र प्रतिवादीबिच आपसी व्यवहार मिलेको अवस्थामा मुद्दा मिलापत्र गर्न सक्ने भनी यस अदालतको पूर्ण इजलासबाट व्याख्या भई तदनुरूपको न्यायिक अभ्याससमेत भएको, जाहेरवालाले प्रतिवादीबाट रकम पाइसकेको भनी सुरू अदालतमा निवेदन दिई सनाखतसमेत गरिदिएको तथा जाहेरवालाले चेकबापतको रकम प्राप्त गरिसकेको र बिगो भराई दिनुपर्ने अवस्था नै नरहेकोमा बिगोबमोजिम जरिवाना गर्न नमिल्ने भनी यस अदालतबाट सिद्धान्त प्रतिपादन भइसकेको सन्दर्भमा प्रतिवादीले जाहेरवालालाई चेकको रकम तिरिसकेको र प्रतिवादीलाई कसुरदार कायम गरी कैद सजायसमेत भइसकेको अवस्था हुँदा जरिवाना समेत हुनपर्ने भन्ने पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर स्वीकारयोग्य नदेखिने ।

प्रतिवादी सरोज यादवलाई बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ३ को देहाय (ग) को कसुरमा ऐ. ऐनको दफा १५(१) बमोजिम १ (एक) महिना कैद सजाय गरी बिगो र जरिवानाको हकमा जाहेरवालाले चेकबमोजिम पाउनुपर्ने रकम प्राप्त गरी सकेको भनी बिगो तिर्न नपर्ने र प्रतिवादीलाई जरिवाना सजायसमेत नहुने ठहऱ्याई भएको उच्च अदालत जनकपुर, अस्थायी इजलास वीरगन्जको मिति २०७६।८।२२ को फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत: विमल रेग्मी

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७९ साल आषाढ २२ गते रोज ४ शुभम् ।